# खलंगामा हमला कृतिको शैलीवैज्ञानिक अध्ययन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा
शिक्षा विभागअन्तर्गतको स्नातकोत्तर तह, एम.एड.,
द्वितीय वर्षको नेपा.शि. ५९८
पाठ्यांशको प्रयोजनका
लागि प्रस्तुत

शोधपत्र

कुमारी शर्मा
९-२-०५०८-००१०-२०१२
२४०००६३/२०७४

नेपाली भाषा शिक्षा विभाग,
सप्तगण्डकी बहुमुखी क्याम्पस,
भरतपुर, चितवन

२०७७/**2021**

## शोधनिर्देशकको सिफारिसपत्र

*खलंगामा हमला कृतिको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको यो शोधपत्र छात्र कुमारी शर्माले मेरा निर्देशनमा पूर्ण लगाव र परिश्रमपूर्वक तयार पार्नु भएको हो । विषयगत गहनतालाई महत्त्व दिई तयार पारिएको यस शोधपत्रबाट म पूर्ण सन्तुष्ट छु । शिक्षाशास्त्र सङ्काय नेपाली विभागको नयाँ प्रारूपअनुसार तयार पारिएको यो शोधपत्र एउटा नमुना शोधपत्रका रूपमा तयार भएको जस्तो मलाई लाग्दछ । अतः आवश्यक मूल्याङ्कनका लागि सप्तगण्डकी क्याम्पस, नेपाली विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७७/१२/०३

१६ मार्च, २०२१

..............................

विन्दु पौडेल (वस्ती)

उपप्राध्यापक

सप्तगण्डकी बहुमुखी क्याम्पस

नेपाली भाषा विभाग

भरतपुर, चितवन

## प्रतिबद्धतापत्र

*खलंगामा हमला कृतिको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको यस शोधपत्रमा उपयोग र प्रयोग गरिएका सन्दर्भ सामग्रीहरू जेजसरी सम्पादन गरिएको भए पनि ती सबैलाई गर्भे टिप्पणीका आधारमा पुष्टि गरिएको छ । मैले प्रस्तुत गरेका सबै विषयवस्तुहरू मौलिक छन् र यस शोधपत्रमा कुनै पनि अंश प्रतिलिपिगत, प्रकाशित र शोधप्रयोजनस्वरूप उपाधि लिन कुनै पनि विश्वविद्यालयमा प्रस्तुत गरिएको छैन भनी उद्घोष गर्दछु ।

मिति : २०७७/१२/०३

सन् : १६ मार्च, २०२१

............................

कुमारी शर्मा

शोधार्थी

## कृतज्ञताज्ञापन

प्रस्तुत कृति *खलंगामा हमला*को शैलीवैज्ञानिक अध्ययन शीर्षकको शोधकार्य त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत दोस्रो वर्षको नेपा.शि. ५९८ को प्रयोजनको लागि तयार गरिएको हो ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा शोधको शीर्षक स्वीकृत गरी शोधकार्यका लागि अवसर प्रदान गर्नुहुने सप्तगण्डकी बहुमुखी क्याम्पसको नेपाली विभागीय प्रमुख एवम् शोधनिर्देशक आदरणीय गुरुआमा विन्दु पौडेल (वस्ती) प्रति कृतज्ञता व्यक्त गर्दछु, साथै प्रभा मरहट्ठाप्रति आभार प्रकट गर्दछु । प्रस्तुत शोधशीर्षकको छनोटदेखि लिएर शोधपत्र तयार पार्दासम्म आफ्नो व्यस्त समयको बावजुद पनि पूर्णरूपमा सहयोग, सल्लाह, सुझाउ तथा मार्गनिर्देशन प्रदान गर्नुहुने आदरणीय गुरु सरोज दवाडीप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

शोधपत्र तयार गर्ने क्रममा सैद्धान्तिक पुनरावलोकनका निम्ति सामग्रीको रूपमा मोहनराज शर्मा, माधवप्रसाद पौडेल, शान्तिप्रसाद ढकाल, रामप्रसाद गौतम, पारसमणि भण्डारी, यादवप्रसाद लामिछाने र माधवप्रसाद आचार्यका कृतिहरूको सहयोग लिइएको छ, उहाँहरूप्रति हार्दिक नमन व्यक्त गर्दछु । प्रायोगिक पुनरावलोकनका लागि सामग्रीका रूपमा अरुणविलास अधिकारी, सुष्मा कोइराला, भवानी खतिवडा, देवी श्रीस, कमलाकुमारी सापकोटा, धनमाया श्रेष्ठ, विनिता सिग्देल, सिर्जना नेपाली, पूजा पौडेल र लक्ष्मी रस्तेलको शोधपत्रको सहयोग लिएकाले उहाँहरूप्रति पनि कृतज्ञ छु । मेरो उज्ज्वल भविष्यको कामना गर्दै उच्च शिक्षाको विशिष्ट स्तरसम्म पुऱ्याउने मेरा पुजनीय पिता रविलाल चालिसे र माता स्व. चन्द्रकला चालिसेप्रति म सधैँ कृतज्ञ छु । हरेक कोणबाट हौसला प्रदान गरी अगाडि बढ्न र सामग्री जुटाउन सहयोग गर्ने मेरो आदरणीय पति श्री दीपक पौडेलज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु साथै परिवारका अन्य सदस्य मेरा शुभचिन्तक सधैँ मेरो भलो र सफलताको उचाइ चाहने दाजु, भाउजू, दिदी, आमा र बाबुलाई पनि सम्झिन चाहन्छु । शोधपत्र पुरा गर्दासम्म प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट सहयोग गर्ने मेरा प्रिय साथीहरू पुजा, कविता, प्रतिमा, सबिना, सम्झना र रीताप्रति विशेष आभारी छु साथै व्यस्त समयको बावजुद पनि शोधपत्रको सम्पादन गरी सहयोग गर्ने जीवन ढुङ्गाना दाइलाई पनि म सम्झिन चाहन्छु ।

अन्त्यमा, उचित मूल्याङ्कनका लागि सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा विभागमा पेश गर्दछु ।

मिति : २०७७/१२/०३ शोधार्थी

०५ मार्च, २०२१ कुमारी शर्मा

## शोधसार

शैलीवैज्ञानिक आधारमा *खलंगामा हमला* कृतिको विश्लेषण गर्नु प्रस्तुत शोधकार्यको शीर्षक रहेको छ । कथानकका आधारमा *खलंगामा हमला* कृतिको प्रस्तुतिको विश्लेषण गर्नु, पात्रगत आधारमा कृतिको वर्गीकरण गर्नु र चयन, विचलन र समानान्तरताका आधारमा यस कृतिको विश्लेषण गर्नुजस्ता उद्देश्य रहेका छन् । प्रस्तुत शोधकार्यलाई वस्तुपरक, वैज्ञानिक र व्यवस्थित रूपमा अगाडि बढाई उल्लिखित उद्देश्य हासिल गर्नको लागि गुणात्मक अध्ययन ढाँचा र पुस्तकालयीय अध्ययन कार्यलाई अवलम्बन गरिएको छ । शोधकार्यको प्रयोगात्मक, कलात्मक र वैज्ञानिक क्षेत्रमा शोधअनुसन्धान सम्पन्न भए तापनि सैद्धान्तिक क्षेत्रको शैलीवैज्ञानिक शीर्षकमा कम मात्रामा शोधकार्य भएको पाइन्छ जसले गर्दा विद्यार्थीमा सैद्धान्तिक कुराको खोज गर्ने, गहिरिएर अध्ययन गर्ने, समस्याको चुरो पत्ता लगाई समाधान गर्ने ज्ञानको कमी भई सैद्धान्तिक खोजकार्यमा रिक्तता भएको महसुस गरी त्यसलाई पुरा गर्ने उद्देश्यले *खलंगामा हमला* कृतिलाई शैलीवैज्ञानिक आधारमा विश्लेषण गरिएको हो । प्रस्तुत अध्ययन, अनुसन्धान गुणात्मक प्रकृतिको अध्ययन भएकाले प्राथमिक तथा द्वितीयक दुवै स्रोतबाट प्राप्त सामग्रीलाई सङ्कलन गरिएको छ । *खलंगामा हमला* कृतिलाई प्राथमिक स्रोतको रूपमा र शैलीवैज्ञानिक अध्ययनसँग सम्बन्धित भएर लेखिएका विभिन्न पुस्तक, शोधपत्र, लेख, समालोचना, इमेल, इन्टरनेटबाट प्राप्त सामग्रीलाई द्वितीयक सामग्रीको रूपमा उपयोग गरिएको छ । यसरी सामग्री सङ्कलनका स्रोतबाट ल्याइएका तथ्याङ्कका सामग्रीलगायत पात्रहरूको वर्गीकरण तालिका, कथानक संरचनाको चित्र, चयन, विचलन र समानान्तरताका उदाहरणहरूलाई तथ्याङ्कका रूपमा लिइएको छ

*खलंगामा हमला* कृतिमा म पात्रले सुरक्षित मातृत्व कार्यक्रमअन्तर्गत जुम्ला जिल्लालाई रोजी स्वास्थ्य अधिकृत भएर गई बिस्तारै त्यहाँका डाक्टर, नर्सहरूलाई स्वास्थ्य सेवाको तालिम दिनु, जुम्लाको स्वास्थ्य स्थिति, शिक्षा, राजनैतिक अवस्था र माओवादीले त्रसित गराएको जनजीवनसँग घुलमिल हुनु, म पात्रले शल्यक्रिया कक्ष, रगत बैङ्कको व्यवस्था र आकस्मिक कोष खडा गर्नमा लागिपरेकी हुन्छिन् । ठाउँठाउँमा माओवादीले आक्रमण गरेका खबर आइरहन्छन् । एक रात माओवादीले खलंगामा आक्रमण गर्छन् । माओवादी र सेनाको घमासान भिडन्त हुन्छ । कैयौं सर्वसाधारणहरूले ज्यान गुमाउँछन्, सरकारी कार्यालयहरू जलेर ध्वस्त हुन्छन् । उक्त आक्रमणमा म पात्र स्वयम् भुक्तमान भएर

घर फर्किंदा उनलाई मानसिक तनावको लक्षण देखिन्छ । म पात्र फेरि आफ्नो लक्ष्यलाई पुरा गर्न जुम्ला फर्किएर 'एक्सन वर्क्स नेपाल'को स्थापना गर्छिन् र माओवादीको द्वन्द्वबाट रोकिएका निर्माण कार्यलाई पुरा गर्छिन् । यिनै यावत् घटनाहरू कथानकको रूपमा आएका छन् र जसले गर्दा कृति आकर्षक भएको पाउन सकिन्छ । *खलंगामा हमला* कृति पूर्वदीप्ति शैलीमा लेखिएको छ र प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । म पात्रको वरिपरि कथानक घुमेको हुँदा म पात्र मुख्य पात्रको रूपमा आएकी छन् । कृतिको सुरुदेखि अन्तिमसम्म आए तापनि भूमिका कम भएकोले म पात्रका बा, आमा, सुनिल दाइ, गोमा भाउजू, हजुरआमा सहायक पात्रको रूपमा आएका छन् । कृतिको निश्चित भागमा देखा परी निश्चित भागमैं हराएको हुँदा तारा नेपाली, भानु, ठूलीदिदी, बहिनी सम्झना गौण पात्रको रूपमा आएका छन् । यसरी आएका समग्र पात्रहरूको भूमिकाले कृति उत्कृष्ट रहेको निष्कर्ष निकालिएको छ । *खलंगामा हमला* कृतिमा चयनअन्तर्गत तत्सम, तद्भव, आगन्तुक, अनुकरणात्मक, नामपद, क्रियापद, क्रियाविशेषण, सर्वनाम, निपात, प्रतीकात्मक वा सङ्केतात्मक शब्दको प्रयोग, विस्मयादिबोधक चिह्नजस्ता शब्दको चयन गरिएको छ । विचलनअन्तर्गत कोशीय, व्याकरणिक, ध्वनिप्रक्रियात्मक, लेख्यप्रक्रियात्मक, अर्थतात्त्विक, भाषिकागत र प्रयुक्तिगत विचलनको प्रयोग गरिएको छ । त्यसैगरी समानान्तरताअन्तर्गत आन्तरिक र बाह्य समानान्तरताको प्रयोग गरिएको छ । उपयुक्त चयन र विचलनको प्रयोगले कृति सरल, सरस र बोधगम्य बन्न पुगेको छ । यसरी शैलीवैज्ञानिक आधारमा उद्देश्यअनुसारको विश्लेषण गर्दा कृति सफल बनेको देखिन्छ ।

## विषयसूची


*बाह्यावरण*

*प्रतिबद्धतापत्र*

*शोधनिर्देशकको सिफारिसपत्र*

*स्वीकृतिपत्र*

*कृतज्ञताज्ञापन*

*शोधसार* क

*सङ्क्षिप्त रूपसूची* ग

*विषयसूची* घ

*तालिकासूची* झ

*रेखाचित्रसूची* ञ

*चिन्हसूची* ट

**अध्याय एक**

**शोधपरिचय**

पृष्ठभूमि १

समस्याकथन २

अध्ययनको औचित्य २

शोधकार्यको उद्देश्य ३

सीमाङ्कन ३

पारिभाषिक शब्दावली ३

सारांश ४

**अध्याय दुई**

**सम्बन्धित कार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा**

सैद्धान्तिक पुनरावलोकन ५

प्रायोगिक पुनरावलोकन ७

अनुसन्धानमा सम्बन्धित कार्यको पुनरावलोकनको अनुप्रयोग ११
शैलीविज्ञानको सैद्धान्तिक स्वरूप ११
शैली १२
शैलीविज्ञानको परिचय र परिभाषा १३
    सामान्य शैलीविज्ञान १४
    साहित्यिक शैलीविज्ञान १५
शैलीविज्ञानको पूर्वीय परम्परा १५
शैलीविज्ञानको पाश्चात्य परम्परा १७
भाषा शिक्षण र शैलीविज्ञानको सम्बन्ध १८
शैलीविज्ञानको अन्य विधासँगको सम्बन्ध १८
शैलीवैज्ञानिक समालोचनाका तहहरू १९
    कला सामग्रीको तह १९
    कला माध्यमको तह २०
    भाषिक प्रतीकको तह २०
कथानकको विश्लेषण २१
    आरम्भ २१
    सङ्घर्ष विकास २१
    चरम २१
    सङ्घर्ष ह्रास २२
    उपसंहार २२
पात्रविधान २२
    लिङ्गको आधार २३
    कार्यको आधार २३
    प्रवृत्तिको आधार २३
    स्वभावको आधार २४
    जीवनचेतनाको आधार २४
    आसन्नताको आधार २४
    आबद्धताको आधार २४

शैलीविश्लेषण प्रक्रिया २५
साहित्यिक संरचना २५
बनोट २५
बुनोट २६
भाषासंरचना २६
वर्ण वा ध्वनि व्यवस्था २६
शब्दभण्डार व्यवस्था २७
व्याकरण व्यवस्था २७
शैली २७
विकल्पन र चयन २७
अग्रभूमि निर्माण २८
विविधता ३१
सारांश ३२

**अध्याय तीन**

**शोधविधि**

अनुसन्धान ढाँचा ३३
नमुना छनोट प्रक्रिया ३३
तथ्य सङ्कलन प्रक्रिया ३३
तथ्य सङ्लनका साधन ३३
तथ्य सङ्कलन ३४
अवधारणात्मक ढाँचा ३४
नतिजा र छलफल ३५
अध्ययनको रूपरेखा ३५
सारांश ३५

**अध्याय चार**

**खलंगामा हमला कृतिको कथानक संरचना**

आरम्भ ३७

सङ्घर्ष विकास ३८

चरम ३९

सङ्घर्ष ह्रास ४०

उपसंहार ४०

सारांश ४०

**अध्याय पाँच**

**खलंगामा हमला कृतिको पात्रगत संरचना**

म ४२

बा ४३

आमा ४३

सुनिल दाइ ४४

गोमा भाउजू ४४

हजुरआमा ४४

तारा नेपाली ४५

भानु ४५

ठूलीदिदी ४६

बहिनी ४६

सारांश ४९

**अध्याय छ**

***खलंगामा हमला*** **कृतिको भाषिक संरचना**

चयन ५०

तत्सम शब्द चयन ५०

तद्भव शब्द चयन ५१

आगन्तुक शब्द चयन ५१

झर्रा र अनुकरणात्मक शब्द चयन ५२

नामपदको चयन ५२

सर्वनाम पदको चयन ५३

विशेषण पदको चयन ५३

क्रियापदको चयन ५४

क्रियाविशेषण पदको चयन ५४

निपातपदको चयन ५५

विस्मयादिबोधक चिह्नको चयन ५५

प्रतीकात्मक वा सङ्केतात्मक शब्दको चयन ५६

वाक्य चयन ५६

विराम चिह्नको चयन ५७

टुक्काको चयन ५८

प्रश्न चिह्नको चयन ५८

विचलनको प्रयोग ५९

कोशीय विचलन ५९

व्याकरणिक विचलन ५९

अर्थतात्त्विक विचलन ६०

ध्वनि प्रक्रियात्मक विचलन ६०

भाषिका विचलन ६०

प्रयुक्ति विचलन ६१

समानान्तरता ६२

आन्तरिक समानान्तरता ६२

बाह्य समानान्तरता ६२

सारांश ६३

**अध्याय सात**

**निष्कर्ष र उपादेयता**

निष्कर्ष ६४

उपादेयता ६६

सारांश ६६

सन्दर्भ सामग्रीसूची

व्यक्तिवृत्त

## तालिकासूची

| | |
|---|---|
| | पृष्ठ |
| तालिका सङ्ख्या १  पात्रहरूको वर्गीकरण | ४८ |

# रेखाचित्रसूची


| | |
|---|---|
| | पृष्ठ |
| रेखाचित्र सङ्ख्या १ शैली विश्लेषण प्रक्रिया | २५ |
| रेखाचित्र सङ्ख्या २ शोधपत्रको ढाँचा | ३४ |

# चिह्नसूची

| चिह्न | अर्थ |
|---|---|
| ; | अर्धविराम |
| , | अल्पविराम |
| “ ” | कसैको प्रत्यक्ष उक्तिको उद्धरण गर्दा |
| ... | केही अंश छोडिएको |
| । | पूर्णविराम |
| ? | प्रश्नवाचक |
| - | योजक |
| / | विकल्प, पर्याय |
| ‘ ’ | विशेष जोड दिँदा |
| : | व्याख्या/सापेक्ष |
| – | बाट |
| (   ) | पेटे टिप्पणी दिँदा |

# सङ्क्षिप्त रूपसूची

| सङ्केत | | पुरा रूप |
|---|---|---|
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| एम.एड. | : | मास्टर्स अफ एजुकेसन |
| एस.एल.सी. | : | स्कुल लिभिङ सर्टिफिकेट |
| क्र.सं. | : | क्रम सङ्ख्या |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| न.पा. | : | नगरपालिका |
| नं. | : | नम्बर |
| नेपा.शि. | : | नेपाली शिक्षा |
| प्रति. | : | प्रतिकूल |
| पृ. | : | पृष्ठ |
| यु.एन.डि.पी. | : | युनाइटेन नेशन डेभलपमेन्ट प्रोग्राम |
| स्व. | : | स्वर्गीय |

# अध्याय एक
# शोधपरिचय

## अध्ययनको पृष्ठभूमि

प्रस्तुत शोधकार्यको शीर्षक *खलंगामा हमला कृतिको शैलीवैज्ञानिक अध्ययन* रहेको छ । प्रस्तुत कृति राधा पौडेल (२०३०) द्वारा लेखिएको हो । पौडेल सामाजिक यथार्थवादी धाराकी साहित्यकार हुन् । उनका *सपना त आखिर सपना नै रहेछ* कविता (२०५०), *खलंगामा हमला* (२०६९) *शान्तिका पाइलाहरू* कविता (२०७४), *मर्यादित महिनावारी, हामी सबैको जिम्मेवारी* (२०७४), *अपवित्र रगत* (२०७६), प्रकाशित छन् । उनको पहिलो कृति *खलंगामा हमला* हो । उनलाई युवा पुरस्कार (२०७०), संयुक्त राज्य अमेरिकास्थित युनिभर्सिटी अफ स्यानडियागोले 'वुमन पिसमेकर' (सन् २०१२) लगायतका पुरस्कारले सम्मान प्रदान गरिएको छ । उनको यो पहिलो कृतिले २०७० को मदन पुरस्कार प्राप्त गरेको छ ।

*खलंगामा हमला* कृति हमलामा मारिएका सबै ज्ञातअज्ञात व्यक्ति र गरिबी, सामाजिक विभेद तथा अन्यायमा परेर मरिरहेका सबै व्यक्ति, वर्ग र समुदायलाई लक्षित गरेर लेखिएको कृति हो । विकट ठाउँका मानिस सधैँ गरिब नै बन्नु पर्ने, अशिक्षामा रूमलिएर जीवनयापन गनुपर्ने भएकाले पढेलेखेका मानिस विकट ठाउँमा सेवा गर्न जान पनि हिच्किच्याउने हुनाले जुम्लाजस्तो प्रकृतिले भरिपूर्ण भईकन पनि गरिबी र अन्धकारमै जीवन बिताइरहेका मानिसहरूको कारुणिक सत्यलाई चित्रण गरिएको छ । यस कृतिमा २०५८/२०५९ सालको माओवादी र सेनाबीच भएको द्वन्द्व, देशमा भएको सङ्कटकाल, माओवादीले प्रत्येक जिल्लालाई लक्षित गरी बम पड्काई क्षतविक्षत बनाएको दर्दनाक अवस्थालाई उजागर गरिएको छ । खासगरी जुम्लामा बस्ने मानिसहरूको तीतोसत्य कहीँ गरिबीले औषधी नपाएर मरिरहेका त कहीँ प्रसव पीडाले छटपटिँदा उपचार गर्ने स्वास्थ्यकर्मीको अभावमा अकालमै ज्यान गुमाउनु पर्ने र राज्यले दिने सेवा, सुविधा कागजमैं सीमित भएका जुम्लेलीको यथार्थ चित्रण यस कृतिमा गरिएको छ ।

कुनै पनि काम गराइको ढङ्ग, ढाँचा वा तरिकालाई नै शैली भनिन्छ । शैलीलाई साहित्यशास्त्रमा लेखकको अभिव्यक्ति पद्धति, विषय विवेचना र उसको वैयक्तिक विशिष्टता,

आचारविचार र बोलाइको ढङ्ग, ढाँचा वा तरिकाजस्ता अर्थमा बुझ्न सकिन्छ । शैलीविज्ञान भाषाविज्ञानको विशिष्ट र नवीन शाखा हो । समालोचनाको पुरातन पद्धतिलाई पन्छाएर नवीन चिन्तनलाई अगाडि ल्याउने शैलीविज्ञानले भाषा र साहित्यको वस्तुवादी ढङ्गले विश्लेषण गर्ने काम गर्दछ । कृतिको वस्तुगत अध्ययन विश्लेषण गर्नका लागि शैलीविज्ञानको महत्त्वपूर्ण भूमिका रहने हुँदा वर्तमानमा यो लोकप्रिय हुँदै गएको हो । कुनै पनि रचना कृतिको बुनोट, बनोट तथा शैली पक्षको विश्लेषण गरी त्यसको साहित्यिक सौन्दर्य केलाउने काम शैली विश्लेषणमा गरिन्छ । साहित्यकारले आफ्नो रचनालाई आकर्षक, कलात्मक र स्तरीय बनाउनको लागि प्रयोग गर्ने वर्ण, शब्द, पदावली तथा वाक्यको रूपात्मक वा अर्थीय पुनरावृत्ति गर्ने कला शैली नै शैलीविज्ञानको भाषामा चयन, भाषिक विचलन तथा समानान्तरता भनी चर्चा गरिन्छ । प्रस्तुत शोधपत्रमा *खलंगामा हमला* कृतिको शैलीवैज्ञानिक अध्ययन विश्लेषण गरिएको छ ।

## समस्याकथन

साहित्यिक कृतिहरूको समालोचना गर्ने आधुनिक पद्धति मानिएको शैलीवैज्ञानिक पद्धतिका विभिन्न उपकरण र प्रक्रिया अवलम्बन गरी *खलंगामा हमला* कृतिको शैलीवैज्ञानिक आधारमा अध्ययन विश्लेषण गर्नुलाई प्रस्तुत शोधकार्यमा मुख्य समस्या मानिएको छ । यो कृति विषयवस्तुको दृष्टिले जति विशिष्ट र नवीन छ, संरचनागत र शैलीगत दृष्टिले पनि त्यति नै प्रयोगशील रहेको छ । त्यसकारण मूल समस्याभित्र आएका अन्य समस्याहरूलाई यथासम्भव निराकरण गर्ने दृष्टिले प्रस्तुत शोध तयार पारिएको छ । नेपाली साहित्यिक कृतिलाई शैलीवैज्ञानिक पद्धतिबाट विश्लेषण गर्दा *खलंगामा हमला* कृतिको शैलीवैज्ञानिक प्रक्रियाका आधारमा अध्ययन गरिएको छ ।

## अध्ययनको औचित्य

शैलीवैज्ञानिक आधारमा *खलंगामा हमला* कृतिको कथानकको विश्लेषण, शैलीवैज्ञानिक आधारमा पात्रको वर्गीकरणका साथै चयन, भाषिक विचलन र समानान्तरताको आधारमा विश्लेषण गरिएको छ । यो विश्लेषण सम्बन्धित क्षेत्रका विद्यार्थीहरू र अन्य अध्येताका लागि उपयोग भएको देखिन्छ । यस कृतिलाई तथ्यपूर्ण ढङ्गले बुझ्न वस्तुगत आधारमा कुनै उपन्यासको शैलीविज्ञानको विभिन्न पक्षहरूको व्यावहारिक उपयोग गर्ने क्षमता अभिवृद्धि गर्न मार्गप्रशस्त गरेकाले यस अध्ययनको औचित्य र सान्दर्भिकता रहेको छ ।

साहित्यिक कृतिहरूको विभिन्न कोणबाट व्याख्या विश्लेषण गरेको पाइए तापनि शैलीवैज्ञानिक कोणबाट *खलंगामा हमला* कृतिको अध्ययन नभएको र उक्त कृति आफ्नो विशिष्ट शैलीका कारण चर्चित भए तापनि त्यसमा निहित शैलीको निरूपण आजसम्म नभएकाले प्रस्तुत अध्ययन विशेषगरी उपन्यासकार र पाठकहरूका निम्ति निकै फलदायी र उपयोगी बनेको छ । साहित्यले समाजको यथार्थ देखाउने भएकाले यसबाट समाजको पहिचान गरी समाजको उत्थान गर्न सहयोग पुगेको छ । उपन्यास मात्र नभई अन्य विधालाई पनि शैलीवैज्ञानिक अध्ययन गर्ने परम्परा त्यति अघि नपुगेकाले समालोचनाको क्षेत्रमा महत्त्वपूर्ण स्थान बनाउन यस शैलीवैज्ञानिक अध्ययन सान्दर्भिक हुन्छ । कुनै पनि कृतिको शैलीवैज्ञानिक ढङ्गले विश्लेषण एवम् मूल्याङ्कन गरी तयार पारिएको शोधपत्र वास्तविक, वैज्ञानिक, वस्तुपरक र प्रभावकारी भएको हुँदा शैलीवैज्ञानिक अध्ययनको सान्दर्भिकता उच्च रहेको छ ।

## शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्य निम्नलिखित उद्देश्यमा केन्द्रित रहको छ :

(क) कथानकका आधारमा *खलंगामा हमला* कृतिको प्रस्तुतिको विश्लेषण गर्नु,

(ख) पात्रगत आधारमा *खलंगामा हमला* कृतिको वर्गीकरण गर्नु र

(ग) चयन, भाषिक विचलन र समानान्तरताका आधारमा *खलंगामा हमला* कृतिको विश्लेषण गर्नु ।

## सीमाङ्कन

प्रस्तुत शोधकार्य राधा पौडेलद्वारा लिखित *खलंगामा हमला* कृतिको शैलीवैज्ञानिक अध्ययन विश्लेषणमा केन्द्रित रहेको छ । यस कृतिको कथानक प्रस्तुति, पात्रहरूलाई शैलीवैज्ञानिक आधारमा वर्गीकरणका साथै चयन, भाषिक विचलन र समानान्तरताका आधारमा सीमित रही कृतिको विश्लेषण गरिएको छ । यस कृतिलाई अन्य पक्षबाट अध्ययन विश्लेषण नगर्नु प्रस्तुत शोधपत्रको मुख्य सीमा रहेको छ ।

## पारिभाषिक शब्दावली

अग्रभूमि निर्माण = अभिव्यक्तिमा विशिष्ट र नयाँनयाँ भाषाको प्रयोग गर्नु ।

भाषिक विचलन = भाषाको मानक रूपलाई उल्टोपाल्टो पार्नु ।

| | | |
|---|---|---|
| चयन | = | रचनाकारले उपयोगी र प्रभावकारी शब्द छनोट गर्नु । |
| समानान्तरता | = | वर्ण, पद, पदावली वा वाक्य नै पटकपटक पुनरावृत्ति हुनु । |
| वुमन पिस मेकर | = | द्वन्द्व प्रभावित क्षेत्रमा काम गरेवापत दिइने अन्तर्राष्ट्रिय पुरस्कार । |
| यु.एन.डि.पी. | = | मानव विकासका लागि काम गर्ने अन्तर्राष्ट्रिय संस्था । |
| शैली | = | कुनै पनि काम गराइको ढङ्ग, ढाँचा वा तरिका । |
| शैलीविज्ञान | = | भाषिक शैली वा शब्दिक कला प्रयोगका तौरतरिकाहरूको वैज्ञानिक अध्ययन गर्ने विधि । |
| पुनरावलोकन | = | पुनः अवलोकन गर्नु/हेर्नु । |

**सारांश**

यस अध्यायमा विषय परिचयअन्तर्गत साहित्यकारको परिचय गरिएको छ साथै सामान्य रूपमा शैलीविज्ञानको परिचय पनि उल्लेख गरिएको छ । समस्याकथनमा *खलंगामा हमला* कृतिलाई शैलीवैज्ञानिक पद्धतिका विभिन्न उपकरण र प्रक्रिया अवलम्बन गरी विश्लेषण गर्ने भन्ने कुरालाई खुलाइएको छ । यसैगरी यस अध्यायमा अध्ययनको उद्देश्यअन्तर्गत यस कृतिको कथानक संरचना, पात्रगत विश्लेषण र चयन विचलन र समानान्तरताको आधारमा भाषिक विश्लेषण गरिएको छ । कृतिलाई तथ्यपूर्ण ढङ्गले बुझ्न, वस्तुगत आधारमा कुनै उपन्यासको शैलीविज्ञानको विभिन्न पक्षहरूको व्यावहारिक उपयोग गर्न मार्गप्रशस्त गरेकाले यस अध्ययनको औचित्य छ भनेर शोधको औचित्य पुष्टि गरिएको छ । *खलंगामा हमला* कृतिलाई अन्य पक्षबाट विश्लेषण नगरी शैलीवैज्ञानिक आधारमा कथानक, पात्रगत र चयन भाषिक विचलन र समानान्तरताका आधारमा सीमित रही कृतिको विश्लेषण गरिएको कुरालाई सीमाङ्कनमा प्रस्तुत गरिएको छ ।

# अध्याय दुई

## सम्बन्धित कार्यको पुनरावलोकन

शैलीविज्ञान साहित्यिक समालोचनाको नवीनतम् विधा हो । साहित्यिक जगत्मा यो नविनतम् विधाको रूपमा देखापरेको छ । विभिन्न समयमा लिखित तथा प्रकाशित विविध कृतिहरूको समीक्षा, अध्ययन र विश्लेषण भए तापनि त्यस्ता समीक्षा, अध्ययन र विश्लेषण सामान्यतः चारित्रिक विश्लेषण र कृतिपरक अध्ययनमा मात्र सीमित देखिन्छन् । शैलीविज्ञानलाई आधार बनाएर कम मात्रामा शोधपत्र तयार गरेको देखिन्छ । प्रस्तुत शोधको शीर्षकसँग सम्बन्धित सैद्धान्तिक पुनरावलोकन तथा प्रायोगिक पुनरावलोकनलाई यहाँ प्रस्तुत गरिएको छ :

### सैद्धान्तिक पुनरावलोकन

शर्मा (२०५९) द्वारा लिखित *शैलीविज्ञान* नामक पुस्तकमा शैलीविज्ञानको परिचय, सामान्य र साहित्यिक शैलीविज्ञान, शैलीविज्ञानको परम्परागत पद्धति, विकास, शैली विश्लेषण प्रक्रिया, शैली विश्लेषणमा उत्तरवर्ती विकासको बारेमा चर्चा गरिएको छ । प्रस्तुत पुस्तकमा रचनाकारको त्यस्तो विशिष्ट रचना प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ जसमा भाषिक एकाइहरूको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवम् विषयका दृष्टिले विचलन हुन्छ भनी शैलीविज्ञानलाई विश्लेषण गरिएको छ । यस कृतिको अध्ययनबाट शैलीविज्ञानको परिभाषाको बारेमा बुझ्न र त्यसको व्याख्या गर्न सहयोग पुगेको छ ।

आचार्य र अन्य (२०६६) द्वारा लेखिएको *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम* नामक कृतिमा शैलीविज्ञानको परिचय, सामान्य र साहित्यिक शैलीविज्ञान, शैलीविज्ञानको परम्परागत पद्धति, शैलीविज्ञानको विकास, शैली विश्लेषण प्रक्रिया, उत्तरवर्ती विकास, शैली विश्लेषणको शैक्षणिक उपयोगिताको बारेमा चर्चा गरिएको छ । प्रस्तुत पुस्तकमा भाषिक शैली वा शाब्दिक कला प्रयोगका तौरतरिकाहरूको वैज्ञानिक अध्ययन गर्ने विधालाई नै शैलीविज्ञान भनिन्छ भनेर विश्लेषण गरिएको छ । यस कृतिको अध्ययनबाट शैलीविज्ञान र भाषिक शैलीको बारेमा प्रशस्त जानकारी पाइएको हुनाले यसको व्याख्या, विश्लेषण गर्न सहयोग पुगेको छ ।

भण्डारी र अन्य (२०६८) द्वारा लिखित *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम* नामक पुस्तकमा शैलीविज्ञानको परिचय, सामान्य शैलीविज्ञान र साहित्यिक शैलीविज्ञान, शैलीविज्ञानको परम्परागत पद्धति, शैलीविज्ञानको विकास, शैली विश्लेषण प्रक्रिया, शैली विश्लेषणमा उत्तरवर्ती विकास, शैक्षणिक उपयोगिताको चर्चा गरिएको छ। प्रस्तुत पुस्तकमा प्रायोगिक भाषाविज्ञानको एक शाखाका रूपमा परिचित भएको शैलीविज्ञान भाषा प्रयोगको तरिका तथा भाषाको शैली पक्षको विश्लेषणमा भाषावैज्ञानिक मान्यता उपयोग गर्ने कुरामा केन्द्रित रहेको छ भनी शैलीविज्ञानलाई विश्लेषण गरिएको छ। यस पुस्तकको प्रयोगबाट शैलीविज्ञान तथा भाषाको शैलीपक्षको प्रयोग गर्न सहयोग पुगेको छ।

लामिछाने (२०७०) द्वारा लेखिएका *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम* नामक पुस्तकमा शैलीविज्ञानको परिचय, सामान्य र साहित्यिक शैलीविज्ञान, शैलीविज्ञानको परम्परागत पद्धति, शैलीविज्ञानको विकास, शैली विश्लेषण प्रक्रिया, उत्तरवर्ती विकास, शैली विश्लेषणको शैक्षणिक उपयोगिताको बारेमा चर्चा गरिएको छ। प्रस्तुत पुस्तकमा शैली एउटा अत्यन्त व्यापक अवधारणा हो, जसको वैज्ञानिक विश्लेषणभित्र साहित्यशास्त्रका सम्पूर्ण मान्यताहरू स्वतः समाहित हुन आउँछन्। शैलीविज्ञानले साहित्यिक कृतिका भाषिक पक्षको अध्ययन गर्ने हुँदा यो भाषाविज्ञानसँग सम्बद्ध छ भने कृतिमा अन्तर्निहित सौन्दर्य पक्षको पनि उद्घाटन गर्ने हुँदा यो साहित्यशास्त्र वा सौन्दर्यशास्त्रसँग पनि सम्बद्ध हुन्छ भनी विश्लेषण गरिएको छ। उक्त कृतिमा शैलीविज्ञानसम्बन्धी धेरै कार्यकलापहरू समावेश गरिएकाले यस शोधकार्यमा सैद्धान्तिक अवधारणा प्रस्तुत गर्न महत्त्वपूर्ण योगदान पुगेको छ।

ढकाल (२०७०) द्वारा लिखित *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम* नामक पुस्तकमा शैलीविज्ञानको परिचय, साहित्यिक र सामान्य शैलीविज्ञान, शैलीविज्ञानको परम्परागत पद्धति, उत्तरवर्ती विकास, शैली विश्लेषण प्रक्रिया, शैलीविज्ञानको शैक्षणिक उपयोगिताको चर्चापरिचर्चा गरिएको छ। प्रस्तुत पुस्तकमा शैलीविज्ञान भाषाविज्ञानको त्यो अङ्ग हो, जो साहित्यिक भाषाका विविध प्रयोगहरूको अध्ययन विश्लेषणमा केन्द्रित रहन्छ। यसले जानाजान गरिएका भाषिक प्रयोगहरूको साथै सूक्ष्म र जटिल प्रयोगहरूको पनि विवेचना गर्दछ भनेर प्रष्ट्याउने काम गरिएको छ। उक्त कृतिको अध्ययनबाट प्रस्तुत शोधकार्यको लागि शैलीविज्ञानको सैद्धान्तिक पक्ष केलाउन, भाषिक तथा शैलीविज्ञानको उपयोगिता पहिल्याउन अत्यन्तै उपयोगी भएको छ।

**प्रायोगिक पुनरावलोकन**

श्रेष्ठ (२०६८) द्वारा *सीताहरू कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन* गरिएको छ । उक्त शोधकार्यमा कथानक वृत्ताकारीय ढाँचामा संरचित रहेको छ । कथानकलाई पूर्वदीप्ति शैलीको माध्यमबाट प्रस्तुत गरिएकाले प्रायः कथाहरू अन्त्यबाट सुरु भएको साथै यस अध्ययनमा पात्रगत दृष्टिले हेर्दा प्रथम पुरुष दृष्टिविन्दु र तृतीय पुरुष दृष्टिविन्दु प्रयोग भएको छ । यस कथामा तृतीय पुरुष दृष्टिविन्दुभन्दा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग बढी भएको अनि भाषिक चयनको सन्दर्भमा तत्सम, तद्भव, आगन्तुक, झर्रा र अनुकरणात्मक शब्दको प्रशस्त प्रयोग भएको छ । प्रयुक्ति चयनको हिसाबले कथाहरूमा मध्यम प्रयुक्तिको प्रयोग भएको, आत्मालापीय, वार्तालापीय, वर्णनात्मक प्रत्यक्ष, अप्रत्यक्ष परिचयात्मक शैलीको प्रयोग गरिएको छ भने चयन, विचलन र समानान्तरताको सार्थक प्रयोग गरी वर्तमान समयको यथार्थलाई क्रमबद्ध पार्न सफल भएको निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधकार्यको अध्ययनबाट कथानक, चरित्रचित्रण, भाषिक चयन र विचलन, समानान्तरतासम्बन्धी सिद्धान्त निर्माणको लागि निकै उपयोगी रहेको छ ।

अधिकारी (२०७०) द्वारा *बेनामका मानिसहरू कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन* शीर्षकमा शोधकार्य तयार गरिएको पाइन्छ । उक्त शोधकार्यमा बाह्रओटा कथालाई समाविष्ट गरिएको छ । सबै कथाहरूमा आदि, मध्य र अन्त्य मिलेको, प्रथम र तृतीय पुरुष दृष्टिविन्दुमा संरचित भएको, तत्सम, तद्भव, आगन्तुक, झर्रा तथा अनुकरणात्मक शब्दहरूको यथेष्ट मात्रामा प्रयोग गरिएको पाइन्छ । पदवर्गीय दृष्टिले नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियायोगी, संयोजक, निपात र विस्मयादिबोधक साथै सङ्केतात्मक र प्रतीकात्मक शब्दहरूको चयनद्वारा कथानकलाई गति प्रदान गरिएको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यको अध्ययनबाट प्रस्तुत शोधकार्यमा शब्द, पदवर्ग र चिह्नको बारेमा व्याख्या गर्नका लागि उपयोगी सावित भएको छ ।

कोइराला (२०७०) द्वारा *अर्जुनदृष्टि लघुकथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन* गरिएको छ । उक्त शोधकार्यमा एक सयओटा लघुकथाहरू समावेश भएका, कथानक ढाँचालाई आरम्भ र उत्कर्ष गरी दुई ढाँचामा प्रस्तुत गरिएको छ । पात्रगत उपस्थितिलाई मुख्य र सहायक पात्रको रूपमा विश्लेषण गरिएको, तत्सम, तद्भव, आगन्तुक, झर्रा तथा अनुकरणात्मक शब्दहरूको चयन गरिएको पाइन्छ । पदवर्गीय दृष्टिले नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियायोगी, संयोजक, निपात र विस्मयादिबोधक, शब्दका साथै सङ्केतात्मक र प्रतीकात्मक शब्दहरूको चयनद्वारा कथानकलाई गति प्रदान गरेको

छ । उक्त शोधकार्यमा उखानटुक्का तथा विभिन्न संरचनाका वाक्यहरूको चयन गरेर कथानकलाई श्रुतिमधुर बनाइएको, व्याकरणिक, अर्थतात्त्विक, भाषिक, ध्वनि प्रक्रियात्मक, प्रयुक्तिगत विचलनको प्रयोग गरिएको साथै कथाहरूमा प्रयोग गरिएका विचलनहरूले अग्रभूमि निर्माणमा सहयोग पुगेको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यको अध्ययनबाट प्रस्तुत शोधकार्यमा कथानक, चरित्रचित्रण, शब्दचयन र पदवर्ग, भाषिक विचलन, अग्रभूमि निर्माणसम्बन्धी धेरै कार्यकलापहरूको बारेमा सैद्धान्तिक अवधारणा प्रस्तुत गर्न महत्त्वपूर्ण योगदान पुगेको छ ।

श्रीस (२०७०) द्वारा *बेली कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन* शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यमा कथानक संरचना प्रयोगपरक ढाँचामा अघि बढेको । प्रथम पुरुष दृष्टिविन्दु र तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । पात्रगत प्रवृत्तिलाई अनुकूल र प्रतिकूल गरी प्रस्तुत गरिएको छ भने भाषिक चयनका सन्दर्भमा तत्सम, तद्भव, आगन्तुक, र झर्रा शब्दहरू प्रशस्त मात्रामा प्रयोग भएको पाइन्छ । त्यसैगरी चयन, विचलन र समानान्तरताको सार्थक प्रयोगले कथानकलाई गति प्रदान गरेको, कथा लेखनको नवीन शैलीको माध्यमबाट वर्तमान समयको यथार्थलाई चित्रण गर्न सक्षम भएको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यको अध्ययनबाट कथानक, पात्रविधान, भाषिक चयन, विचलन र समानान्तरताको प्रयोग पहिल्याउन, शैलीविज्ञानसम्बन्धी समस्याहरू पत्ता लगाई निराकरणका उपायहरू सुझाउनका लागि उल्लेखनीय रहेको छ ।

सिग्देल (२०७०) द्वारा *नीलीमा र गाढा अँध्यारो कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको शोधपत्र तयार गरिएको छ । उक्त उपन्यासको शोधपत्रमा कथाहरूमा प्रथम र तृतीय पुरुष दृष्टिविन्दुको दृष्टिकोणले सबल रहेको छ । कथानक, पात्र, परिवेश, भाषाशैली, उद्देश्य, सारवस्तु र दृष्टिविन्दुका दृष्टिले सबल रहेको र शब्द चयनअन्तर्गत तत्सम, तद्भव, आगन्तुक झर्रा, अनुकरणात्मक, नाम, सर्वनाम, विशेषण, क्रियाविशेषण, क्रियापद, नामयोगी, निपात, प्रतीकात्मक वा सङ्केतात्मक शब्दहरूको सार्थक चयन भएको र सरल, संयुक्त र मिश्र वाक्यको प्रयोग पनि गरिएको छ । त्यस्तैगरी विचलनअन्तर्गत कोशीय, व्याकरणिक ध्वनि प्रक्रियात्मक, लेख्य प्रक्रियात्मक, प्रयुक्तिगत र अर्थतात्त्विक विचलनको प्रयोग गरिएको छ । यहाँ समानान्तरतालाई बाह्य र आन्तरिक दुवैको प्रयोग गरिएको छ । त्यस्तै वाक्य चयनअन्तर्गत मिश्र र संयुक्त वाक्यको प्रयोग र व्याकरणात्मक चिह्नको प्रयोग गरी सरल र सहज भाषाको प्रयोगले सम्प्रेष्य रही कथासङ्ग्रह उत्कृष्ट

बनेको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यको अध्ययनले प्रस्तुत शोधकार्यमा शब्दचयन, वाक्य प्रयोग, विचलन, समानान्तरसम्बन्धी आधारभूमि तयार गर्न तथा शोधको समस्या समाधानका लागि उपयोगी रहेको छ ।

सापकोटा (२०७२) द्वारा *प्रेम र मृत्यु कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन* शीर्षकमा शोधकार्य तयार गरिएको पाइन्छ । उक्त अध्ययनमा नौओटा कथाहरू समावेश भएकामा आदि, मध्य र अन्त्य चारओटा कथामा नमिलेको र पाँचओटा कथामा मिलेको देखिन्छ । कथालाई वृत्तकारीय र रैखिक शैलीद्वारा प्रस्तुत गरिएको, पात्रलाई अनुकूल र प्रतिकूल पात्रका रूपमा उभ्याइएको, प्रथम र तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । तत्सम, तद्भव, झर्रा र अनुकरणात्मक शब्दलाई चयनको रूपमा प्रयोग गरिएको, पदवर्गीय सन्दर्भमा नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियायोगी, नामयोगी, संयोजक, निपात, विस्मयादिबोधक शब्दलाई प्रस्तुत गरिएको, त्यसैगरी उखानटुक्काको प्रयोगले कथा रोचक र सान्दर्भिक भएको निष्कर्ष निकालिएको छ । यस शोधको अध्ययनबाट पात्रविधान र शब्दप्रयोगसम्बन्धी अध्ययन तथा सामग्रीको विश्लेषण, सिद्धान्त निर्माण गर्नका लागि निकै सहयोगी भएको छ ।

खतिवडा (२०७४) द्वारा लिखित *तीन घुम्ती उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकमा शोधकार्य सम्पन्न गरिएको पाइन्छ । शोधकार्यमा कथानक संरचनालाई तीन मोडमा विभाजन गरी प्रस्तुत गरिएको छ । प्रथम र तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको, तत्सम, तद्भव, आगन्तुक, झर्रा, र अनुकरणात्मक शब्दहरूको चयन गरिएको, नाम, सर्वनाम, क्रिया, क्रियायोगी, नामयोगी, क्रियाविशेषण, संयोजक तथा निपातको प्रयोगले उपन्यासमा प्रयुक्त भाषा सरल र सहज बनाइएको, आलङ्कारिक भाषा र उखानटुक्काको प्रयोगले उपन्यास रोचक भएको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यको अध्ययनबाट प्रस्तुत शोधकार्यमा शब्द र वाक्यसम्बन्धी सैद्धान्तिक अवधारणा बनाउन तथा कथानकको प्राक्कल्पना निर्धारण गर्न सहयोग पुगेको छ ।

नेपाली (२०७४) द्वारा *बन्धनबाट मुक्ति कथाको शैलीवैज्ञानिक अध्ययन* गरिएको छ । उक्त अध्ययनमा कथानकअन्तर्गत बनोट र बुनोटलाई मुख्य आधार बनाइएको छ । बुनोटअन्तर्गत बिम्ब, प्रतीक व्यवस्था र घटना संयोजनको समेत विश्लेषण गरिएको छ । विकल्प र चयन, अग्रभूमि निर्माणका आधारमा कथाको शैलीवैज्ञानिक विश्लेषण गरिएको छ । यस शोधकार्यमा पात्रहरू मानवीय, मानवेतर र जड रूपमा आएका, पात्रहरूलाई

तिनीहरूको स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा विश्लेषण गरिएको छ । उक्त शोधमा भाषिक चयनका सन्दर्भमा तत्सम, तद्भव, आगन्तुक र झर्रा शब्दहरूको समुचित प्रयोग गरिएको, नाम, सर्वनाम, विशेषण, नामयोगी, क्रियापद, क्रियाविशेषण तथा निपातको प्रयोगले कथामा प्रयुक्त भाषा सरल र सहज बनाइएको, वाक्य चयनको सन्दर्भमा सरल, मिश्र र संयुक्त वाक्य, चिन्ह प्रयोगको सन्दर्भमा लोप, प्रश्नवाचक, अर्धविराम, अल्पविराम, पूर्णविराम चिन्हको समूचित प्रयोग भएको निष्कर्ष निकालिएको छ । यस शोधकार्यको अध्ययनबाट प्रस्तुत शोधकार्यमा भाषिक चयन, वाक्य चयन, चिन्ह प्रयोग तथा शोधको निष्कर्ष निकाल्न पनि सहयोग पुगेको छ ।

पौडेल (२०७४) द्वारा *नरेन्द्र दाइ उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको शोधपत्र तयार गरिएको छ । यस शोधपत्रमा *नरेन्द्र दाइ* उपन्यासमा उपन्यासको कथानक संरचना आदि, मध्य र अन्त्यको ढाँचामा आरम्भ, सङ्घर्ष विकास, चरम, सङ्घर्ष ह्रास, उपसंहार गरी प्रस्तुत गरिएको छ । बहुल पात्रहरूको प्रयोग भएको यस उपन्यासमा शब्द चयनअन्तर्गत नाम, सर्वनाम, विशेषण, तत्सम, तद्भव, आगन्तुक, झर्रा, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक, निपातजस्ता शब्दहरूको प्रयोग गरिएको छ । त्यस्तै एकाक्षरी र बहुअक्षरी शब्दहरूको प्रयोग गरिएका छन् । विचलनअन्तर्गत कोशीय, व्याकरणिक, ध्वनि प्रक्रियात्मक, अर्थतात्त्विक, भाषिकागत, प्रयुक्तिगत, लेख्य प्रक्रियात्मक विचलनको प्रयोग र समानान्तरतालाई आन्तरिक र बाह्य गरी दुवैको प्रयोग गरिएको छ । बिम्ब, प्रतीकको प्रयोग गरिएको यस उपन्यासमा भाषा प्रयोगका दृष्टिले सरल, सुबोध र बोधगम्य रहेको निष्कर्ष निकालिएको छ । यस शोधको अध्ययनले प्रस्तुत शोधकार्यमा कथानक, चरित्रचित्रण, चयन तथा विचलन, भाषिक अवधारणा बनाउन सहयोग पुगेको छ ।

रम्तेल (२०७५) द्वारा *निर्वाण उपन्यासको शैलीवैज्ञानिक अध्ययन* गरिएको छ । उक्त शोधकार्यमा *निर्वाण* उपन्यासको कथानक आदि, मध्य र अन्त्यको सिलसिला मिलेको साथै पात्रहरूको सङ्ख्या तीसभन्दा बढी रहेको, तत्सम, तद्भव, आगन्तुक, झर्रा र अनुकरणात्मक शब्दहरूको चयन गरिएको छ । कोशीय, व्याकरणिक, अर्थतात्त्विक, भाषिक, ध्वनि प्रक्रियात्मक, प्रयुक्ति विचलनजस्ता विचलनहरूको प्रयोग गरिएको छ भने वर्ण र शब्दको पुनरावृत्तिबाट बाह्य समानान्तरता भएको र प्रशस्त मात्रामा आन्तरिक समानान्तरताको प्रयोग भएको निष्कर्ष निकालिएको छ । यस शोधकार्यको अध्ययनले प्रस्तुत

शोधमा चयन र विचलन र समानान्तरताका लागि शोध विश्लेषण प्रक्रियालाई विश्लेषणको आधार तय गर्न सहयोग पुगेको छ ।

## अनुसन्धानमा सम्बन्धित कार्यको पुनरावलोकनको अनुप्रयोग

*खलंगामा हमला* कृतिको शैलीवैज्ञानिक अध्ययन गर्ने क्रममा शैलीविज्ञानसँग सम्बन्धित भएर कथा र उपन्यासमा शोधपत्रहरू तयार भएको पाइन्छ । यसले *खलंगामा हमला* कृतिको शैलीवैज्ञानिक अध्ययन गर्न सघाउ पुऱ्याएको देखिन्छ । पूर्वकार्यको अवलोकनको अनुप्रयोगले शोधार्थीलाई समस्याको विशिष्टीकरण गर्न, सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न, अवधारणा प्रष्ट पारी पारिभाषीकरण गर्न, पुनरावृत्तिका सम्भावनाहरू हटाउन, प्राक्कल्पना निर्माण गर्न, सम्भावित त्रुटिहरूबाट जोगिन, नयाँ एवम् उपयुक्त प्रविधि अपनाउन, समस्याको चुरो पत्ता लगाउन, समस्याको औचित्य स्थापित गर्न, विश्लेषणको आधार खोज्न, शोधको आवश्यकताबोध गराउन विविध कुरामा फाइदा पुगेको छ । त्यसैले पूर्वकार्यको अवलोकनले शोधार्थीलाई बाटो देखाएको छ ।

## शैलीविज्ञानको सैद्धान्तिक स्वरूप

साहित्यमा शैलीको अध्ययन परम्परा प्राचीन कालदेखि हालसम्म चलिआएको छ । शैलीको अध्ययन आधुनिक भाषाविज्ञानको जगमा साहित्यको अध्ययन गर्ने अभिप्रेरणाबाट शैलीविज्ञानको विकास भएको देखिन्छ । “पश्चिममा प्लेटो, सिसेरो, अरस्तु, डायोनिसियस आदिका काव्यशास्त्रीय चिन्तनमा तथा पूर्वमा भरत, दण्डी, भामह, वामन, कुन्तक, आनन्दवर्धन, क्षेमेन्द्र आदिका चिन्तनमा पनि शैलीसम्बन्धी केही चर्चा भएको पाइन्छ” (शर्मा, २०४८, पृ. ४) । यसरी शैलीविज्ञानको प्रारम्भ पूर्वमा भरत र पश्चिममा प्लेटोदेखि नै देखाउन सकिए तापनि आधुनिक युगमा शैलीविज्ञानलाई ठोस आधार प्रदान गर्ने काम सुप्रसिद्ध भाषावैज्ञानिक फर्डिनान्ड डी सस्युरले गरेका हुन् । “सस्युरले भाषालाई ल्याङ र प्यारोल अर्थात् वाक् र बोली अभिव्यक्ति गरी दुई भागमा विभाजन गरेका थिए । त्यसैलाई आधार बनाएर उनका चेला बालीले ल्याङलाई भाषाविज्ञानको विषय र प्यारोललाई शैलीविज्ञानको रूपमा विभाजन गरे” (पौडेल, २०६९, पृ. ४२ मा उद्धृत) । यसै आधारमा शैलीविज्ञानको भाषाको विशिष्ट अभिव्यक्तिको विश्लेषण गर्ने विषयको रूपमा विकसित भएको देखिन्छ ।

भाषामा शैलीविज्ञान शब्दका प्रथम प्रयोक्ता चार्ल्स बाली नै हुन् तर यिनले शैलीविज्ञानलाई साहित्यिक भाषाको विषय बनाएका थिएनन् । यसरी फ्रान्सबाट सामान्य शैलीविज्ञानको सुरुवात भएको र प्राग, कोपनहेगन हुँदै युरोपका अन्य देश र अमेरिकामा साहित्यिक शैलीविज्ञानको विकास भएको देखिन्छ । भाषाविज्ञान र साहित्यशास्त्रको सङ्गमको रूपमा रहेको शैलीविज्ञानका सम्बन्धमा प्रसिद्ध भाषाशास्त्री एवम् साहित्यशास्त्री रोमन याकोब्सनको "साहित्यप्रति बहिरा बनेका भाषावैज्ञानिक र भाषाविज्ञानप्रति उदासिन साहित्यशास्त्री दुवै नै समान रूपमा निकै पछाडि परेका हुन्छन्" (पौडेल, २०६९, पृ. ३५ मा उद्धृत) भन्ने भनाई निकै महत्त्वपूर्ण रहेको पाइन्छ ।

## शैली

कुनै पनि कार्य वा गतिविधिको ढङ्ग, ढाँचा वा विधिलाई शैली भनिन्छ । 'शील' धातुबाट निर्मित शैलीको अर्थ ढङ्ग, ढाँचा, परिपाटी, तरिका, रीति, मार्ग, वृत्ति आदिमध्ये कुनै पनि हुनसक्छ । संस्कृतका विभिन्न ग्रन्थमा देवता, स्वभाव, एकाग्र हुनुजस्ता अर्थमा प्रयोग गरिएको 'शील' शब्दलाई 'ई' प्रत्यय लागेर 'शैली' शब्द निर्माण भएको हो । समालोचनाका क्षेत्रमा प्रचलित शैली शब्द अङ्ग्रेजी स्टाइलको नेपाली रूपान्तरण हो । 'स्टाइल' शब्द ल्याटिन भाषाको 'स्टालस' शब्दबाट विकसित भएको मानिन्छ जसको अर्थ लेख्न र मेट्न प्रयोग गर्न सकिने फलामको कलम भन्ने हुन्थ्यो । समयको परिर्वतनसँगै यसले भाषिक कलालाई जनाउन थाल्यो भन्ने भनाइ फुलुकासको रहेको पाइन्छ । अङ्ग्रेजीमा यसले विभिन्न अर्थ जनाए पनि साहित्यिकशास्त्रका सन्दर्भमा भण्डारी र अन्य (२०६८) का अनुसार "लेखकको अभिव्यक्ति पद्धति, वक्तृत्व शक्ति, वैयक्तिक विशेषता, विशिष्टता, विषय विवेचना, व्यक्तिको आचार विचार र बोलाइको ढङ्ग, ढाँचा आदिलाई बुझाएको पाइन्छ" (पृ. २६) । यस्ता विभिन्न किसिमका साहित्यिक अभिव्यक्तहरूको व्यवस्थित वस्तुपरक, भाषावादी, सौन्दर्यपरक एवम् कलावादी अध्ययन र विश्लेषण गर्ने कार्य शैलीले गर्दछ ।

वर्तमान सन्दर्भमा शैली साहित्यिक समालोचनाको पारिभाषिक शब्द बनिसकेको छ । विभिन्न चिन्तकहरूले विभिन्न दृष्टिबाट परिभाषा गरेका हुँदा शैलीका थुप्रै परिभाषाहरू देखापरेका छन् । शैलीका विविध परिभाषाहरूमध्ये निम्नलिखित तीन दृष्टिबाट गरिएका परिभाषाहरू बढी प्रचलित छन् :

वर्ण्य विषय : 'शैली त्यसलाई भनिन्छ जसले सामान्य भाषाको संरचनालाई अतिक्रमण गर्छ वा गर्न सक्छ ।' यस परिभाषाले वर्ण्य विषयका दृष्टिबाट गरिएका सबै परिभाषाहरूको प्रतिनिधित्व गर्दछ । रचना विधान : 'शैली एकभन्दा बढी भाषिक एकाइको सौन्दर्यबोधक समुच्य हो ।' यस परिभाषाले रचना विधानका दृष्टिबाट गरिएका सबै परिभाषाहरूको प्रतिनिधित्व गर्दछ । रचयिता : 'शैली कुनै रचनाकारको विशिष्ट रचना प्रकार हो ।' यस परिभाषाले रचयिताका दृष्टिबाट गरिएका सबै परिभाषाहरूको प्रतिनिधित्व गर्दछ । (शर्मा, २०४८, पृ. ३)

उपर्युक्त भनाइहरूको आधारमा के भन्न सकिन्छ भने रचनाकारको यस्तो विशिष्ट रचना, प्रकार वा अभिव्यक्ति शैली हो जसमा भाषिक एकाइहरूको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवम् विषयका दृष्टिबाट विचलन हुन्छ ।

**शैलीविज्ञानको परिचय र परिभाषा**

भाषिक शैली वा शाब्दिक कला प्रयोगका तौरतरिकाहरूको वैज्ञानिक अध्ययन गर्ने विधिलाई नै शैलीविज्ञान भनिन्छ । कुनै पनि स्रष्टाले आफ्नो साहित्यिक सिर्जनामा जानीबुझिकनै भाषालाई विशिष्ट रूपमा प्रयोग गरेको हुन्छ । शैलीविज्ञानले त्यस्तै विविध खाले प्रयोगहरूको अध्ययन र विश्लेषण गर्दछ । यस क्रममा शैलीविज्ञानले स्रष्टाका सिर्जनामा पाइने सूक्ष्म र जटिल प्रयोगहरूको पनि विवेचना गर्दछ । जुनसुकै स्रष्टाले भाषालाई खेलाउन जानेको हुँदैन । भाषा खेलाउन नजान्नेले भाषालाई विशिष्ट रूपले प्रयोग गर्न सक्दैन । शैलीविज्ञानले खुबी वा भाषिक कौशल भएको सर्जकको अध्ययन गर्दछ । त्यसैले मोहनराज शर्माले "शैलीविज्ञानलाई शैलीको विधिवत् चिन्तनमनन गर्ने नवीनशास्त्रका रूपमा अर्थ्याएका छन्" (लामिछाने, २०७०, पृ. २० मा उद्धृत) । आज शैलीलाई हेर्ने पुरानो र नयाँ दृष्टिकोणमा व्यापक फरक पाइन्छ । शैलीविज्ञानले भाषावैज्ञानिक आधारमा साहित्यको अध्ययन गर्ने भएकोले यसलाई नवीनशास्त्रको रूपमा राखिएको छ । विभिन्न विद्वान्हरूले दिएका शैलीविज्ञानसम्बन्धी केही परिभाषाहरू निम्नानुसार रहेका छन् :

घनश्याम नेपालका अनुसार "भाषाविज्ञानको सहयोग लिएर साहित्यको शैलीपरक अध्ययन गर्ने विधा नै शैलीविज्ञान हो जसको पद्धति भाषापरक दृष्टि कलापरक छ" (पौडेल, २०६९, पृ. ३४ मा उद्धृत) । राधवप्रकाशका अनुसार "शैलीविज्ञान भाषाको सौन्दर्यशास्त्रीय

भाषाविज्ञान हो, जसले भाषावैज्ञानिक विधिबाट भाषा संरचनाका सौन्दर्यसर्जक तत्त्वहरूको अध्ययन गर्दछ" (लामिछाने, २०७०, पृ. २० मा उद्धृत) । चार्ल्स बालीका अनुसार "शैलीविज्ञानका पाठकले ती प्रभावपरक तत्त्वहरूलाई जाँच्नु पर्दछ, ती साधनहरूको अध्ययन गर्नुपर्दछ, जसद्वारा भाषाले त्यसको र त्यससँग पारस्परिक सम्बन्धको अध्ययन गर्दछ र ती सम्पूर्ण अभिव्यक्ति अवस्थाको विश्लेषण गर्दछ जसका ती अङ्ग हुन्" (शर्मा, २०४८, पृ. ५ मा उद्धृत) भनेका छन् । जे.डब्लु. टर्नरका अनुसार "शैलीविज्ञानले साहित्यिक भाषाका विविध प्रयोगहरूको अध्ययन र विश्लेषण गर्नुका साथै विशिष्ट भाषिक प्रयोगहरूको सूक्ष्म र जटिल प्रयोगहरूको विवेचना गर्दछ' (शर्मा, २०४८, पृ. ५ मा उद्धृत) । उल्लिखित विभिन्न परिभाषाहरूको आधारमा शैलीविज्ञानलाई निम्नानुसार चिनाउन सकिन्छ :

भाषिक उपकरणका सहायताले कृतिको वैज्ञानिक विश्लेषण गर्ने समालोचना प्रणाली जसले कृतिभित्रको संसारमा विचरण गर्दछ त्यसलाई नै शैलीविज्ञान भनिन्छ । अतः शैलीविज्ञान साहित्यिक समालोचनाको नवीनतम् विधा हो । यसले अन्य समालोचना प्रणालीभन्दा वैज्ञानिक एवम् वस्तुगत आधारलाई समातेर साहित्यिक कृतिको अध्ययन विश्लेषण गर्ने भएकाले यसलाई तथ्यपरक एवम् व्यवस्थित किसिमको समालोचना प्रणाली मान्न सकिन्छ । शैलीविज्ञानलाई सामान्य र साहित्यिक शैलीविज्ञान गरी निम्नानुसार दुई क्षेत्रमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ :

**सामान्य शैलीविज्ञान**

साहित्तेतर ज्ञानविज्ञानका विभिन्न प्रकारका भाषिक अभिव्यक्ति भेदहरूको भाव प्रकटीकरण गर्ने ढङ्ग वा शैलीलाई अध्ययन र विश्लेषण गर्ने विज्ञानलाई सामान्य शैलीविज्ञान भनिन्छ । यसमा साहित्यिक रचनाबाहेकका सङ्कथनहरूका अध्ययन हुन्छ । ज्ञानविज्ञानका विविध क्षेत्र इतिहास, भूगोल, राजनीतिशास्त्र, धर्मशास्त्र, अर्थशास्त्र, विज्ञानजस्ता विषयका प्रकटीकरणमा प्रयुक्त शैलीको विश्लेषण हुन्छ । त्यसैगरी भण्डारी र अन्य (२०६८) का अनुसार "सामान्य शैलीविज्ञानले सामान्य, भाषिक, अभिव्यक्ति वा ज्ञानविज्ञानका सूचनाहरू प्रस्तुत गर्दा प्रयोग हुने वर्ण, पद, पदावली, उपवाक्य, वाक्य, अनुच्छेद, तथा समग्र कथानकको बनोट र संरचना, ढङ्ग ढाँचासम्बन्धी व्यवस्थित अध्ययन विश्लेषण गर्दछ" (पृ. २६) । सामान्य शैलीविज्ञान विश्लेषण प्रायः वाक्यकेन्द्रित व्याकरणको प्रयोगमा आधारित हुन्छ । सामान्य शैलीवैज्ञानिक अध्ययनलाई बढी महत्त्व दिने भाषाविद्हरूमा रोमन याकोब्सन, चम्स्की, बाली आदि हुन् ।

## साहित्यिक शैलीविज्ञान

साहित्यिक कृतिहरूमा आधारित भई गरिने व्यवस्थित र वैज्ञानिक शैली विश्लेषणलाई साहित्यिक शैलीविज्ञान भनिन्छ । साहित्यमा विशिष्ट किसिमका भाषाको प्रयोग हुने भएको हुँदा त्यसको वस्तुनिष्ट अध्ययन हुन्छ । यस्तो अध्ययन साहित्यका कथा, कविता, निबन्ध, जीवनी, रूपक आदि सबै विधामा केन्द्रित हुन्छ । "साहित्यिक कृतिमा प्रयोग भएका वर्ण, रूप, पद, पदावली, उपवाक्य, वाक्यहरूको छनोट, तिनीहरूको संयोजन तथा प्रस्तुतिगत समग्र प्रभावलाई साहित्यिक शैलीविज्ञानमा विश्लेषणको आधार बनाइन्छ" (लामिछाने, २०७०, पृ. २१) । यसमा कृतिमा प्रयुक्त भाषिक भेद, सामान्य र स्तरीय भाषाका प्रयोगको स्थिति, आञ्चलिकता तथा भाषिकाहरूको प्रयोगको स्थिति, अग्रभूमि निर्माण प्रक्रिया आदि बारे अध्ययन गरिन्छ । साहित्यिक शैलीविज्ञानका महत्त्वपूर्ण हस्तीहरू लियो, च्याखम्यान, ब्रिन्ज, क्रिस्टल, आदि रहेका छन् ।

## शैलीविज्ञानको पूर्वीय परम्परा

भाषाका आधारमा साहित्यको अध्ययन गर्ने पुरानो परम्परा रहेको देखिन्छ । शैलीको सम्बन्धमा पूर्वीय प्राचीन ग्रन्थ *ऋग्वेद*मा पनि चर्चा गरिएको पाइन्छ । संस्कृत काव्यका प्रथम समीक्षक भरतले आफ्नो प्रसिद्ध ग्रन्थ *नाट्यशास्त्र*मा वृत्तिको रूपमा शैलीको चर्चा गरेका छन् । भामहले काव्यको परिभाषामा नै 'शब्दार्थौ सहितौ काव्यम्' (ढुङ्गाना, २०६५, पृ. २८ मा उद्धृत) भन्ने वाक्यको प्रयोग गरी काव्य (साहित्य) को आत्माको रूपमा शैलीलाई स्वीकार गरेको देखिन्छ । भामहले हरेक साहित्यिक रचनामा शैली हुने कुरा प्रष्टाएको पाइन्छ । भामहले प्रतिपादन गरेको अलङ्कारवादको प्रमुख योगदान नै शैली पक्षलाई साहित्यमा प्रमुख प्राथमिकता दिनु हो । शैलीविज्ञानका समकक्षी रीतिवादका प्रर्वतक वामनले रीतिलाई विशिष्ट रचना भनी परिभाषित गर्दै उनको कृति "*काव्यलङ्कारसूत्रवृत्ति*मा वैदर्भी, गौडी, पाञ्चाली नामका तीन रीतिलाई दश शब्दगुण र अर्थगुणसँग सम्बद्ध माने । यसबाट रीतिशैलीको समानार्थी, गुणाधारित र भाषावैज्ञानिक सङ्कल्पनासित समन्वित बनेको छ" (आचार्य र अन्य, २०६६, पृ. ३४ मा उद्धृत) । वामनको उक्त कृति पूर्वीय शैली विश्लेषणको व्यापक भाषावैज्ञानिक विवेचनाको आधारशिला हो जसमा पश्चवर्ती अन्य सिद्धान्तग्रन्थहरू निर्मित भएका छन् ।

पूर्वीय साहित्यका वक्रोक्तिवादी कुन्तकले काव्य आत्माका रूपमा वक्रोक्तिलाई लिएका छन । वक्रोक्तिले पनि काव्य अभिव्यक्तिको शैलीलाई सङ्केत गर्दछ । यस क्रममा उनले "भाषाको तल्लो एकाइ (वर्ण) देखि माथिल्लो एकाइ (प्रबन्ध) सम्म काव्य आत्माका रूपमा बक्रोक्तिलाई लिएका छन् भने भाषाको तल्लो एकाइ (वर्ण) देखि माथिल्लो एकाइ (प्रबन्ध) सम्म अध्ययन विश्लेषण गर्ने शृङ्खलाबद्ध स्वरूप तयार पारेका छन्" (लामिछाने, २०७०, पृ. ३२ मा उद्धृत) । उनले उत्कृष्ट काव्यमा वक्रोक्ति हुनुपर्ने आशय व्यक्त गरेका छन् ।

शैलीवैज्ञानिक अध्ययन विश्लेषणका लागि समर्थन गर्ने पूर्वीय साहित्यशास्त्रीय पद्धति हो आचार्य क्षेमेन्द्रको औचित्यवाद । ढुङ्गाना (२०६५) का अनुसार "प्रतिपादित सिद्धान्तअनुसार पदऔचित्य, तत्त्वऔचित्य, सत्वऔचित्य, स्वभावऔचित्य र प्रतिभाऔचित्य आदि उपकरणबाट कुनै पनि कृतिको शैलीवैज्ञानिक विश्लेषण गर्न सकिन्छ" (पृ. ३५) । यिनले औचित्यवादी सिद्धान्तको प्रतिपादन गरेर भाषिक शैलीको वस्तुनिष्ट र व्यवस्थित अध्ययनका लागि बलियो आधार तयार गरेका छन् ।

पूर्वीय साहित्यमा चर्चा गरिने अविधा, लक्षणा, व्यञ्जना शब्दशक्तिले पनि कुनै न कुनै रूपमा भाव अभिव्यक्तिको शैलीलाई नै चिनाएको हुन्छ । ध्वनिवादका प्रवर्तक आनन्दवर्धनले "ध्वनिलाई काव्यको आत्मा मानेका छन्" (भण्डारी र अन्य, २०६८, पृ. २८ मा उद्धृत) । काव्य वा साहित्यबाट ध्वनित हुने अर्थका आधारमा काव्यलाई उत्तम, मध्यम र अधम गरी तीन प्रकारमा विभाजन गरेका छन् । यसले पनि साहित्य भाव वा विचार अभिव्यक्त गर्ने शैलीलाई नै सङ्केत गरेको देखिन्छ ।

पूर्वीय आचार्यहरूको अलङ्कारवाद, ध्वनिवाद, रीतिवाद, वक्रोक्तिवाद, तथा शब्दशक्तिजस्ता विभिन्न सिद्धान्तहरूको अध्ययन र विश्लेषण गरेर कुनै न कुनै रूपमा काव्य वा साहित्यमा भाव वा विचार अभिव्यक्त गर्ने शैली वा तरिकालाई काव्य विश्लेषणको आधार बनाइएको देखिन्छ ।

## शैलीविज्ञानको पाश्चात्य परम्परा

पूर्वीय साहित्यमा जस्तो शैलीकै समरूपका शब्दहरू उपयोग गर्दै साहित्यिक कृतिको अध्ययनबारे व्यापक चर्चा गर्ने परम्परा पश्चिमी परम्परागत पद्धतिमा पाइँदैन तापनि

पाश्चात्य साहित्यमा पनि ग्रिसेलीहरूको समयदेखि नै शैलीका बारेमा चर्चा भएको देखिन्छ । "ग्रीक दार्शनिक एरिस्टोटलले आफ्नो ग्रन्थ *पोइट्रिक्स*मा काव्यका गुणहरूको खोजी गर्ने क्रममा शैलीपक्षको पनि चर्चा गरेका छन्" (गौतम, २०६१, पृ. २४ मा उद्धृत) । ग्रीसकै अर्का विद्वान् डायोनिसियस थ्रेयाक्सले पनि शैलीसम्बन्धी चर्चा गरेका छन् । यिनले भाषिक अभिव्यक्तिको तहमा शैलीलाई खोज्नुपर्छ भन्ने दृष्टिकोण राखेको पाइन्छ । प्लेटोले काव्यशैलीको चर्चा गर्दै सहज, सरल विचित्र र मिश्र गरी तीन किसिमको शैली हुने कुरा बताएका छन् । उनका अनुसार भाषाको अलङ्कारविहीन सरल, सहज शैली हुनु, आडम्बरयुक्त हुनु र दुवैको सन्तुलित प्रयोग हुनु नै क्रमशः सहज, सरल विचित्र र मिश्रित शैली हो भनेका छन् । यसका साथै उनले भौगोलिक स्थानका आधारमा पनि शैलीभेद हुने तर्क अगाडि सारेका छन् ।

अर्का आचार्य क्विन्टलियनले *वक्ताको शिक्षा* भन्ने पुस्तकमा भाषाको विवेचना गरी काव्यभाषामा क्रियापदहरूको महत्त्वपूर्ण रहने कुरामा जोड दिएको पाइन्छ । उनका विचारमा भाषाको वास्तविक शक्ति क्रियापदमा निहित हुने भएकाले शब्दहरूलाई सोअनुरूप उपयुक्त क्रममा मिलाइ राखिएन भने शैलीमा धेरै प्रभाव पर्छ । पौडेल (२०६९) का अनुसार "काव्यमा सङ्गीत र सम्बद्धता ल्याउनका लागि पनि सामान्य काव्य योजनालाई तोड्नु पर्ने दृष्टिकोण क्विन्टलियनले राखेको देखिन्छ" (पृ. ४१ मा उद्धृत) । क्विन्टलियनको दृष्टिकोणले पनि शैली विश्लेषणका क्षेत्रमा भाषाको वस्तुगत विश्लेषणलाई मद्दत गरेको देखिन्छ

उन्नाइसौँ शताब्दीमा पाश्चात्य साहित्यजगत् नै स्वच्छन्दतावादी शैलीबाट प्रभावित बन्यो, त्यसपछि स्वच्छन्दतावादी विकाससँगै शैलीलाई भावगत आधारमा हेर्ने परम्पराको विकास भएको देखिन्छ । टि.एस. इलियटले वस्तुगत समीक्षा पद्धतिका सम्बन्धमा आफ्ना विचार राख्दै "शैलीलाई वस्तुगत आधारमा कृति विश्लेषण गर्ने पद्धतिका रूपमा प्रस्तुत गरे" (ढुङ्गाना, २०६५, पृ. ३७ मा उद्धृत) । पाश्चात्य साहित्यमा काव्य लेखन र समीक्षाको क्रम बढ्दै गएपछि शैलीविज्ञानले अन्य विद्वान्हरू आइ.ए. रिचडर्स, मरे लुकासजस्ता भाषाविज्ञहरूको साथ पायो र यसले आधुनिक शैलीवैज्ञानिक विश्लेषणको जग निर्माण गऱ्यो । यसरी हेर्दा परम्परागत भाषिक चिन्तनमा पश्चिमी साहित्यमा पनि शैलीसम्बन्धी अध्ययनलाई महत्त्वपूर्ण स्थान दिएको देखिन्छ । आधुनिक शैलीविज्ञानको विकासमा पश्चिमी भाषाविद्हरूको ठूलो योगदान रहेको देखिन्छ ।

**भाषा शिक्षण र शैलीविज्ञानको सम्बन्ध**

साहित्यिक कृतिको अध्ययन र विश्लेषणसँग सम्बन्धित विज्ञान शैलीविज्ञान हो । यसले विषयवस्तु भाव वा विचार अभिव्यक्त गर्ने ढङ्ग, ढाँचा वा तरिकाको अध्ययन र विश्लेषण गर्दछ । भाषाका माध्यमबाट साहित्यिक भाव वा विचार प्रस्तुत गर्ने शैली फरकफरक हुन्छन् । भाषा शिक्षणका सन्दर्भमा पनि भाषाका चारै सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) सिकाउन शैलीविज्ञानको उपयोग गरिएको हुन्छ । भाषा शिक्षणका क्रममा उपयोग गरिने कथा, कविता, उपन्यास, नाटक, निबन्ध, जीवनी आदिमा प्रयोग गरिएको शैली ठम्याउन तथा पाठलाई विभिन्न कोणबाट अध्ययन र विश्लेषण गर्न शैलीविज्ञानले सहयोग गर्दछ । शैलीविज्ञानका विभिन्न सिद्धान्त, ज्ञान तथा मान्यताहरूलाई भाषा शिक्षणका क्रममा सजिलै उपयोग गर्न सकिन्छ । भाषालाई सम्प्रेष्य र परिष्कृत बनाउन शैलीको प्रयोग गरिएको हुन्छ । शैलीबिना भाषाको प्रयोग अपुरोजस्तै बन्न जान्छ त्यसैले भाषा शिक्षण र शैलीविज्ञान एकअर्काका परिपूरक हुन् । “भाषाका सम्प्रेष्य तत्त्वहरूको प्रभावकारी उपयोगसम्बन्धी सुझको विकासमा शैली विश्लेषण प्रक्रियाले उपयुक्त मद्दत पुऱ्याउन सक्छ । खासगरी भाषा पाठ्यसामग्रीको निर्माण र सिर्जनात्मक शैली सौन्दर्य प्रवर्द्धनका लागि शैलीवैज्ञानिक विश्लेषणका सोच र परिणामहरू प्रभावकारी हुन सक्छन्” (ओझा, २०७४, पृ. १२१) । भाषा शिक्षण र शैलीविज्ञानलाई एकअर्कामा छुट्याएर प्रयोग गर्दा भाषाको सही अर्थ, अनर्थ पनि लाग्न सक्ने हुन्छ । शैलीले भाषालाई पूर्णता दिने काम गरेको हुन्छ । यसले गर्दा भाषा शिक्षण र शैलीविज्ञानको सम्बन्ध मजबुत छ भन्न सकिन्छ ।

## शैलीविज्ञानको अन्य विधासँगको सम्बन्ध

साहित्यको हरेक विधासँग शैलीविज्ञानको सम्बन्ध रहेको हुन्छ । साहित्यका विविध विधा कथा, कविता, निबन्ध, जीवनीसँग जोडिएको शैलीविज्ञानले साहित्यको कलात्मक र सौन्दर्यबोधक पक्षहरूको विश्लेषण गरेको हुन्छ । कथा विधामा कथालाई कस्तो शैलीद्वारा वर्णन गरिएको छ भनेर छुट्याउने काम शैलीले गर्छ । त्यस्तै कवितामा शैलीबिनाको कविता कविले प्रस्तुत गरेको हुँदैन । शैलीद्वारा नै कवितालाई लयात्मक ढाँचामा बाँध्न सकिन्छ । निबन्ध र जीवनीसँग पनि शैलीविज्ञानको सम्बन्ध रहेको हुन्छ । हरेक विधाभित्र लुकेर रहेका सौन्दर्यबोधक तत्त्वहरूको पहिचान गरी बाहिर ल्याउने काम शैलीविज्ञानले गर्दछ ।

साहित्यमा प्रयोग हुने भाषाको उत्कृष्टता तथा भाषिक सौन्दर्यका घटकहरूको पहिचान गर्ने काम शैलीविज्ञानले गर्दछ । साहित्यका विशिष्ट एवम् साहित्यका प्रयुक्त पद,

पदावली तथा घटक, उपघटकहरूको जानकारी लिई आफ्नो पनि शैली परिष्कारमा शैलीविज्ञानले सहयोग पुऱ्याउँछ ।

## शैलीवैज्ञानिक समालोचनाका तहहरू

शैलीविज्ञानले साहित्यिक कृतिको व्याख्या विश्लेषण खास तहहरूमा केन्द्रित भएर गर्दछ जसरी भाषाविज्ञानले प्रत्येक शब्दलाई ध्वनिप्रतीकका रूपमा हेर्दछ, त्यसरी नै शैलीविज्ञानले पनि प्रत्येक सिङ्गो साहित्यिक कृति वा पाठलाई कला प्रतीकका रूपमा हेर्दछ । यसैले शैलीवैज्ञानिक समालोचनाका तहलाई कलासामग्रीको स्तर, कलामाध्यमको स्तर र कलाप्रतीकको स्तर गरी तीन स्तरमा वर्गीकरण गरी कृतिगत अध्ययन गरिन्छ ।

> साहित्यिक पाठलाई कला प्रतीकका रूपमा राखेर विश्लेषण गर्नका निम्ति त्यसभन्दा अघि शैलीविज्ञान अध्ययन विश्लेषणका अरू केही तहहरू हुँदै अघि बढेको हुन्छ । अतः साहित्यिक कृतिको शैलीवैज्ञानिक अध्ययन एकाधिक तहमा हुन्छ र ती विभिन्न तहको क्रमिक प्रस्तुतीकरण र समायोजनमा नै शैलीवैज्ञानिक अध्ययनको पूर्णता निहित रहन्छ । (भण्डारी र अन्य, २०६८, पृ. ४१)

शैलीविज्ञानका समालोचनाका प्रत्येक तहहरूमा साहित्यिक कृतिलाई लिएर व्याख्या विशलेषण गरिएको हुन्छ । त्यस्तो अध्ययनलाई पूर्णता दिने मूलतः तीनवटा तहहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### कला सामग्रीको तह

कला सामग्री भनेको भाषा हो । भाषाबिना कुनै पनि साहित्यिक कलाको निर्माण हुँदैन । यसर्थ कुनै पनि साहित्यिक कृतिको भाषालाई आधारभूत तह मानेर विशुद्ध भाषा वैज्ञानिक पद्धतिअनुसार त्यसको विश्लेषण गरिन्छ । “भाषा वैज्ञानिक दृष्टिले कृतिभित्रका वर्ण व्यवस्था, शब्दभण्डार व्यवस्था र व्याकरण व्यवस्था अर्थात् वर्णदेखि वाक्यात्मक तहसम्मका भाषिक अवस्थाका विविध पक्ष र कोणबाट प्रकाश पार्ने कोशिस गरिन्छ” (पौडेल, २०६९, पृ. ४५) । यसरी भाषा प्रयोग अवस्थाको वस्तुपरक प्रकाशनका सहयोगले त्यसपछिका कला माध्यम र कला प्रतीक तहका विविध अवस्थाहरूको अध्ययन र विश्लेषणका लागि मार्ग प्रशस्त गरेको देखिन्छ ।

### कला माध्यमको तह

कृतिको कला माध्यमको भाषिक उपकरणबाट निर्मित साहित्यिक छवि मूर्ति हो जसलाई छन्द, अलङ्कार, अर्थ, बिम्ब, प्रतीक, कथानक, चरित्र आदि पनि भनिन्छ । कृतिको कला माध्यम उपर्युक्त छन्द आदि साहित्यिक छवि मूर्ति भएकाले यस तहको अध्ययन विश्लेषण कृतिमा प्रयुक्त भाषाका रूपगत पक्षसँग सम्बन्धित हुन्छ । यस अध्ययन तहको माथिल्लो वा ठूलो एकाइ पाठ वा सङ्कथन हो । "सङ्कथनको सन्दर्भबाट त्यसका संरचनामा पाइने तल्ला वा साना एकाइहरू क्रमशः भाग, अध्याय, अनुच्छेद, वाक्यको अध्ययन गरिने हुँदा यसलाई साहित्यिक शैलीविज्ञान वा पाठ शैलीविज्ञान पनि भनिन्छ" (शर्मा, २०४८, पृ. २४) । साहित्यमा भाषाले नै कलासामग्री र कला माध्यमको कार्य गरेको हुन्छ । कृतिभित्रको साहित्यलाई पहिल्याउने काम यस तहमा गरिन्छ ।

**भाषिक प्रतीकको तह**

भाषिक प्रतीकको तह खुद साहित्यिक कृति हो । यसलाई एउटा पूर्ण संरचना पनि भनिन्छ । कृति नै भाषिक प्रतीक भएकाले यस तहको अध्ययन विश्लेषण बनोटसँग सम्बन्धित हुन्छ । यस तहको अध्ययनको केन्द्रविन्दु संरचना नै हो । संरचनाभन्दा माथिल्ला अन्य एकाइ यसमा सामेल हुँदैनन् । कृति संरचनामा विभिन्न घटकहरू हुन्छन् । यसैको एक घटक भाषिक (वाक्) प्रतीक अर्थात् उच्चारित ध्वनि हो ।

> कुनै पनि कृतिको संरचनामा विभिन्न घटकहरूको संलग्नता रहन्छ तर संरचना विभिन्न कृतिको कुल योगमात्र होइन, यसमा त्यसभन्दा केही बढी पनि हुन्छ । कृतिको संरचना स्वयम्मा पूर्ण र स्वायत्त एकाइ भएकाले भाषिक प्रतीकको तहको अध्ययन र व्याख्याको सन्दर्भकृति नै हुन्छ । घटक+घटक+घटक र अन्य केही बढी कुराको पनि अध्ययन विश्लेषण यस तहमा हुन्छ । (ढकाल, २०७०, पृपृ. ४७-४८)

मुख्य रूपमा भन्नुपर्दा शैलीविज्ञानको यस तहले कृतिमा रहेको सौन्दर्यलाई प्रस्तुत गर्छ । कृति संरचना घटकहरूको कुल योगभन्दा जेजति बढी हुन्छ त्यसको अध्ययन पनि यस तहमा गरिन्छ ।

## कथानक संरचना

घटनाहरूको योजनाबद्ध प्रस्तुति कथानक हो । कृतिका घटनाहरूको कार्यकारण सम्बन्धद्वारा कथानक व्यवस्थित गरिएको हुन्छ । कुनै घटना घट्नुको पछाडि कारणहरू

हुन्छन् । घटना घटेपछि त्यसको प्रभाव देखिन्छ । यी पक्षहरूको सङ्गठित रूप कथानक हुन्छ । कथानकको प्रस्तुतिका क्रममा आदि, मध्य र अन्त्यको राम्रो व्यवस्था गरिएको हुन्छ । यसलाई आङ्गिक विकासका रूपमा लिइन्छ । द्वन्द्व र क्रिया उपकरणका रूपमा प्रयुक्त हुन्छन् । आरम्भ खण्डमा सङ्घर्ष र विकास, मध्य खण्डमा सङ्कटावस्था र चरम, अन्त्य खण्डमा सङ्घर्ष र ह्रास अथवा उपसंहार आदि अङ्गको व्यवस्था गरिएको हुन्छ । कथानकको आधारमा कृतिलाई निम्नाअनुसार प्रस्तुत गर्न सकिन्छ :

**आरम्भ/चिनारी**

कथानकको प्रारम्भ भागमा सम्बन्धित कृतिका पात्रहरूको परिचय, ती पात्रहरूले सामना गर्नुपर्ने समस्याहरूको पूर्व सङ्केत दिइएको हुन्छ । शर्मा (२०४८) का अनुसार "आख्यानात्मक कृतिको कथानकको विकाससँग सम्बद्ध यस पहिलो अवस्थामा मुख्य पात्रहरूको चिनारी गराइएको हुन्छ साथै यसमा पात्रहरूले जुध्नुपरेको समस्या र परिस्थितिको पनि जानकारी दिइन्छ" (पृ. १६७) । त्यसैगरी परिवेश एवम् वातावरण, मौसम, स्थान, युग आदि कुराको जानकारी पनि यस भागमा रहेको हुन्छ ।

**सङ्घर्ष विकास**

सङ्घर्ष विकास कथानकको दोस्रो अध्याय हो । यसमा आकस्मिक परिस्थिति वा घटनाविशेषका कारण पात्रहरू समक्ष नयाँ समस्या उत्पन्न भई उनीहरू एकआपसमा सङ्घर्ष गर्न थाल्छन् । शर्मा (२०४८) ले "कुनै आकस्मिक परिस्थितिका कारण अथवा घटना विशेषका कारण पात्रहरूका सामु नयाँ समस्या उत्पन्न हुन्छ र पात्रहरूको सङ्घर्ष प्रारम्भ हुन्छ । यस पहिलो महत्त्वपूर्ण परिस्थिति वा घटनालाई नै प्रथम सङ्कटावस्था भन्दछन्" (पृ. १६७-१६८) भनी व्याख्या गरेका छन् । यसरी यस चरणमा कथात्मक कृतिमा पहिलोपल्ट सङ्कटको सिर्जना हुने भएकाले यसलाई प्रथम सङ्कटावस्था पनि भनिन्छ ।

**चरम**

पहिलो सङ्कटावस्थाले अन्य सङ्कटावस्थालाई जन्माउँछ र सङ्कटावस्थाहरूको एउटा श्रृङ्खला तयार हुन्छ । विभिन्न सङ्कटावस्थाका कारण चरित्रमा परिवर्तन आउँछ र नयाँनयाँ समस्या उत्पन्न भएर सङ्घर्ष बढ्दै गई कथानकको विकास हुन्छ । भण्डारी र अन्य (२०७३) का अनुसार "जब पहिलो सङ्कटावस्थाले दोस्रो, तेस्रो आदि सङ्कटावस्थालाई जन्माउँछ तब कथानकको विकास हुनुका साथै पात्रको चरित्रमा पनि परिवर्तन आउँछ र

विभिन्न खाले समस्याहरू चर्किंदै जान्छन् । यसरी पात्रलाई गम्भीर अवस्थामा पुऱ्याउँछ यसलाई नै अन्तिम चरम अवस्था भनिन्छ" (पृ. ८) । सङ्कटावस्थाहरूको श्रृङ्खलाले अन्त्यमा पात्रहरूलाई यस्तो स्थितिमा पुऱ्याउँछ जो सबभन्दा महत्त्वपूर्ण, गम्भीर र निर्णायक सङ्कटावस्था हुन्छ । यो अन्तिम सङ्कटावस्था नै चरम हो ।

**सङ्घर्ष ह्रास**

यस अवस्थामा आईपुग्दा कथानकका पात्रहरूको चर्को सङ्घर्ष मथ्थर हुन्छ । छरिएर रहेका घटना प्रवाहलाई समेट्ने र सँगाल्ने काम गरिन्छ । शर्मा (२०४८) का अनुसार "कथानकका पात्रहरूको चर्को सङ्घर्ष मत्थर हुन्छ । छरिएको घटना प्रवाहलाई समेट्ने र सँगाल्ने काम गरिन्छ । कुनै कार्य, निर्णय वा खोजका कारण सङ्घर्ष कार्य टुङ्ग्याउनीमा पर्छ" (पृ. १६) । कुनै कार्य, निर्णय वा खोजका कारण सङ्घर्ष निष्कर्षतिर अगाडि बढेको हुन्छ ।

**उपसंहार**

कथानक विकासको अन्तिम अवस्था उपसंहार हो । यस भागमा कथानक बिस्तारै निष्कर्षतिर अगाडि बढेको हुन्छ । भण्डारी र अन्य (२०७३) का अनुसार "पात्रहरूको सङ्घर्ष टुङ्गिई आआफ्नो कार्यअनुसारको फल पाई समस्या समाधान हुने कार्य यस चरणमा हुन्छ" (पृ. ८) । यसमा पात्रहरूका बीचमा कुनै सङ्घर्ष बाँकी रहँदैन पात्रहरूले जेजस्तो कार्य गरेका हुन्छन् त्यसैअनुसारको फल प्राप्त गर्दछन् । यसरी कथानकको अन्त्य हुन्छ ।

## पात्रविधान

कृति आख्यान विधाअन्तर्गत पर्ने महत्त्वपूर्ण साहित्यिक विधा भएको हुनाले यसमा निश्चित खालको कथानकीय संरचना रहेको हुन्छ । आख्यानलाई गति दिने कथानक हो भने कथानकलाई गति दिने पात्र वा चरित्र हो । "कृतिमा देखिने मानवीय वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ" (शर्मा, २०४८, पृ. १७३) । कृतिमा प्रयोग भएका पात्रहरूले समाजका विभिन्न घटना र प्रवृत्तिका माध्यमबाट समाजका विभिन्न किसिमका मानवीय चरित्रको प्रतिनिधित्व गरिरहेका हुन्छन् । कृतिकारले आफ्नो उद्देश्य र आख्यानको परिवेश सुहाउँदो पात्रको छनोट गरेको हुन्छ । आफ्नो इच्छाअनुसार कृतिकारले पात्रलाई प्रथम दृष्टिविन्दु र तृतीय दृष्टिविन्दुमा राखेर कथावस्तुलाई पूर्णता दिने काम गरेको हुन्छ ।

समग्रमा भन्नुपर्दा कुनै पनि पात्रले उपन्यासमा अभिनय गर्दा वर्गीय प्रतिनिधि पात्रको रूपमा आएको हुन्छ, त्यस्तो पात्रले समाज, जाति, सम्प्रदाय, देश, धर्म, सभ्यता आदिको प्रतिनिधित्व गर्दछ । कृतिमा मान्छेका विविध स्वभावहरू पात्रकै माध्यमबाट प्रकट भएका हुन्छन् । पात्रहरूलाई समाजका सजीव र यथार्थ जीवनलाई प्रतिनिधित्व गर्ने गरी प्रस्तुत गर्नुपर्दछ । कृतिका पात्रहरू विभिन्न प्रकारका हुन्छन् । यस्ता पात्र वा चरित्रलाई विभिन्न आधारमा निम्नानुसार वर्गीकरण गरेर हेर्न सकिन्छ :

**लिङ्गको आधार**

लिङ्गको आधारमा पात्रहरूलाई पुरुष र स्त्री गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ । "शारीरिक जात छुट्याउने आधार लिङ्ग हो । स्त्री र पुरूष छुट्याउने प्राणीका शरीरको चिन्ह वा लक्षणलाई लिङ्ग भनिन्छ" (शर्मा, २०४८, पृ. १७४) । आख्यानमा लिङ्गअनुसारको छुट्टाछुट्टै भूमिका रहेको हुन्छ ।

**कार्यको आधार**

कार्यका आधारमा पात्रहरूलाई प्रमुख, सहायक र गौण गरी तीन किसिमले विभाजन गर्न सकिन्छ । कथामा केन्द्रीय पात्रको भूमिका निर्वाह गरी कथाको उद्देश्यलाई पूरा गर्ने नायक वा नायिकालाई प्रमुख पात्र भनिन्छ भने प्रमुख पात्रको सहयोगी भएर कृतिको कार्यव्यापार पूरा गर्ने पात्रलाई सहायक पात्र भनिन्छ । यसैगरी कृतिमा खासै भूमिका नभएको कृतिको कुनै निश्चित भागमा देखा परी निश्चित भागमै हराउने पात्रलाई गौण पात्र भनिन्छ (भण्डारी र अन्य, २०७३, पृ. ९) । प्रत्येक पात्रहरूले आफ्नो भूमिका कुशलताका साथ प्रस्तुत गरेका हुन्छन् ।

**प्रवृत्तिको आधार**

प्रवृत्तिको आधारमा पात्र अनुकुल र प्रतिकूल गरी दुई वर्गका हुन्छन् । शर्मा (२०४८) का अनुसार "अनुकूल वर्गको पात्रमा खलत्व हुँदैन र प्रतिकूल वर्गको पात्रमा खलत्व हुन्छ" (पृ. १७४) । कृतिमा पात्रहरूले सकारात्मक वा नकारात्मक दुवै भूमिका निर्वाह गरेका हुन्छन् । सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने पात्र अनुकूल अर्थात सत् पात्र हुन्छ भने नकारात्मक भूमिका निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने पात्र प्रतिकूल वा असत् पात्र हुन्छ ।

**स्वभावको आधार**

स्वभाव भन्नाले कृतिमा प्रयोग गरिएको पात्रको बानी व्यवहारलाई जनाउँछ । यस आधारमा पात्रहरू गतिशील र गतिहीन गरी दुई वर्गका हुन्छन् । (भण्डारी र अन्य २०७३) का अनुसार "समय, परिस्थिति र अवस्थाअनुसार परिवर्तन हुने पात्रलाई गतिशील पात्र भनिन्छ भने समय, परिस्थिति र अवस्थाअनुसार परिवर्तन नहुने तथा उपन्यासको सुरुदेखि अन्त्यसम्म एकै किसिमले अगाडि बढ्ने पात्रलाई गतिहीन पात्र भनिन्छ" (पृ. ९) । कथानकको सुरुमा स्थिर रहेका पात्रहरू पछि गएर गतिशील पात्रको रूपमा पनि देखापरेका हुन्छन् ।

**जीवनचेतनाको आधार**

जीवनचेतनाका आधारमा पात्र वर्गीय र व्यक्तिगत गरी दुई प्रकारका हुन्छन् । (शर्मा, २०४८) का अनुसार "निश्चित सामाजिक वर्गको भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्व गर्ने पात्र वर्गीय पात्र हो भने व्यक्तिगत पात्रले यस तरहको प्रतिनिधित्व नगरेर आफ्नै मात्र प्रतिनिधित्व गर्दछ" (पृ. १७५) । वर्गीय पात्र समाजको घटना परिवेशसँग घुलमिल भई समाजको सोच र लक्ष्यअनुरूप अगाडि बढेको हुन्छ भने व्यक्तिगत पात्र आफ्नो मात्र सोच र लक्ष्य लिई अगाडि बढेको हुन्छ ।

**आसन्नताको आधार**

उपन्यास (कृति) मा प्रयुक्त पात्रहरू दृश्य र अदृश्य खालका हुन्छन् । यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । "उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद गर्ने पात्र मञ्चीय हुन्छ भने कथायिताले वा अन्य पात्रले नामोच्चारण मात्र गरेको पात्र नेपथ्य हुन्छ" (भण्डारी र अन्य, २०७३, पृ. ९) । मञ्चीय पात्र वर्तमान समयमा र नेपथ्य पात्र पूर्वकालमा सक्रिय रहेका हुन्छन् ।

**आबद्धताको आधार**

उपन्यासको कथानकसँग रहेका पात्रहरूको सम्बन्धको आधारमा चरित्रलाई छुट्याउने उपकरण आबद्धता हो । यस आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । "कृतिमा बाँधिएर मात्र सार्थक हुने पात्रलाई बद्ध र कृतिबाट स्वतन्त्र भएर पनि सार्थक हुने पात्रलाई मुक्त भनिन्छ" (शर्मा, २०४८, पृ. १७५) । बद्ध पात्रलाई झिक्दा कृतिको संरचना बिग्रन्छ भने मुक्त पात्रलाई कृतिबाट हटाउँदा संरचनामा केही असर पर्दैन ।

## शैली विश्लेषण प्रक्रिया

कुनै पनि साहित्यिक रचना वा कृतिको शैली विश्लेषणका लागि अपनाइने तरिका वा प्रक्रिया नै शैली विश्लेषण प्रक्रिया हो । कृति विश्लेषणको यस प्रक्रियामा कृतिको भाषिक र साहित्यिक संरचना गरी दुईवटा पक्षमा विशेष ध्यान दिनुपर्दछ । भाषिक संरचनालाई आधार सामग्री मानेर त्यसैका जगमा साहित्यिक संरचना अडिएको हुन्छ । यस सन्दर्भमा विभिन्न भाषिक उपकरणहरूले विशेष भूमिका निर्वाह गर्दछन् । यहाँ क्रमैसँग यिनको चर्चा गरिएको छ :

रेखाचित्र सङ्ख्या १, *शैली विश्लेषण प्रक्रिया*

कृति

साहित्यिक संरचना　　शैली　　भाषा संरचना

बनोट　बुनोट　चयन　अग्रभूमि निर्माण　विविधता　व्याकरण व्यवस्था　शब्द व्यवस्था　ध्वनि व्यवस्था

समानान्तरता　　विचलन

शर्मा, २०४८, पृ. ८

कृतिको साङ्गोपाङ्ग स्वरूपलाई माथिको आरेखले देखाएको छ । यहाँ ती तीनवटै तहलाई शीर्षक, उपशीर्षकअनुरूप चर्चा गरिएको छ :

**साहित्यिक संरचना**

साहित्यिक संरचनाभित्र बनोट र बुनोटको अध्ययन र विश्लेषण गरिन्छ :

**बनोट :** बनोट कृतिको आकारप्रकार तथा बाह्य संरचनागत पक्षसँग सम्बन्धित हुन्छ । प्रत्येक विधाका आआफ्नै खालका ससाना घटकहरू हुन्छन् । जुनसुकै विधाको कृति भए तापनि साना घटकहरूले आआफ्ना स्थानमा रहेर भूमिकाहरू निर्वाह गरिरहेका हुन्छन् । शर्माका (२०४८) अनुसार "नाटकका सन्दर्भमा अङ्क, दृश्य, संवाद आदि तथा उपन्यासका परिप्रेक्ष्यमा भाग, परिच्छेद, प्रसङ्ग, घटना आदि रहेका हुन्छन् । यसैगरी छन्द कवितामा पाउ, श्लोक, छन्द आदि तथा गद्य कवितामा पङ्क्ति तथा अनुच्छेदहरू नै साना घटक हुन्छन्" (पृ. ६) । कृतिगत बनोटमा

उल्लेख्य भूमिका खेल्ने यिनै विविध संरचक घटकहरूको बयान विश्लेषणबाट कृतिगत आन्तरिक संरचनामा रहेको अमूर्त सौन्दर्यलाई वस्तुपरक ढङ्गले उजागर गर्न सकिन्छ ।

**बुनोट** : बुनोट साहित्यिक कृतिको आन्तरिक संरचना पक्षसँग सम्बन्धित हुन्छ । कृतिगत बनोटमा उल्लेख्य भूमिका खेल्ने यिनै विविध संरचक घटकहरूको बयान विश्लेषणबाट कृतिमा आन्तरिक संरचनामा रहेका अमूर्त सौन्दर्यलाई वस्तुपरक ढङ्गले उजागर गर्न सकिन्छ । "कृतिभित्र रहेका वस्तु, अलङ्कार, छन्द, लय, बिम्ब, प्रतीक, घटना, चरित्र, परिवेश, उक्तिसौन्दर्य आदिको आपसी अन्वय र सम्बन्धसूत्रको वर्णन र विश्लेषण गरेर शैलीविज्ञानले बनोट प्रक्रियाको विवेचना गर्दछ" (पौडेल, २०६९, पृ. ४८) । साहित्यिक कृति संरचनाका आधारमा कृतिको शैलीवैज्ञानिक विश्लेषण गर्दा बनोटको तहबाट प्रवेश गरेर क्रमशः कृतिभित्र पसी त्यसका आन्तरिक संरचक घटकहरू तथा बुनोटको अध्ययन र विश्लेषण गरिन्छ ।

**भाषासंरचना**

साहित्यिक कृतिको माध्यम वा आधार सामग्री भाषा हो । भाषाको आफ्नै संरचना हुन्छ । साहित्यिक कृतिमा प्रयोग भएका वर्णहरू, शब्दभण्डार व्यवस्था तथा व्याकरण व्यवस्थासम्बन्धी अध्ययन र विश्लेषण भाषिक संरचनाअन्तर्गत गरिन्छ :

**व्याकरण व्यवस्था** : हरेक भाषाको आफ्नै व्याकरण व्यवस्था हुन्छ । "कुनै पनि भाषाको व्याकरण व्यवस्था त्यस भाषाको माथिल्लो तह हो, जहाँ रूपविज्ञान तथा वाक्यविज्ञान प्रक्रिया र प्रकार्यहरूको व्याख्या गरिएको हुन्छ । वाक्यका संरचक भाषिक घटकहरूको सन्दर्भमा व्याकरण व्यवस्था र व्याख्याको सर्वोच्च तह हो" (भण्डारी र अन्य, २०६८, पृ. ४२) । साहित्यिक कृतिमा प्रयोग गरिएको भाषासँग सम्बन्धित भई व्याकरण व्यवस्थाको अध्ययन र विश्लेषण गर्ने काम शैलीविज्ञानले व्याकरण व्यवस्थाअन्तर्गत गर्दछ ।

**शब्दभण्डार व्यवस्था** : हरेक भाषाको आफ्नै शब्दभण्डार व्यवस्था हुन्छ । साहित्यिक कृतिमा प्रयोग भएको भाषासँग सम्बन्धित शब्दभण्डारमा केन्द्रित भई त्यस कृतिमा उपयोग गरिएका शब्दहरूको अध्ययन र विश्लेषण गर्ने कार्य यसअन्तर्गत गरिन्छ । ढुङ्गाना (२०६५) का अनुसार "भाषाको अति नै महत्त्वपूर्ण आर्थी पक्षसँग सम्बन्ध

राख्ने हुनाले भाषा संरचनाभित्रको शब्द व्यवस्था भाषिक पक्षको महत्त्वपूर्ण तह मानिन्छ" (पृ. ३९) । शब्दभण्डार भाषाको हरेक तहमा प्रयोग हुने हुनाले यसले आर्थी पक्षसँग सम्बन्ध राख्दछ ।

**ध्वनि व्यवस्था :** हरेक भाषाका आआफ्नै स्वर वा व्यञ्जन वर्णहरूको व्यवस्था रहेको हुन्छ । यस्ता वर्णहरू केकसरी साहित्यिक कृतिमा समावेश गरिएको छ भन्नेबारेमा अध्ययन र विश्लेषण गर्ने कार्य यसअन्तर्गत गरिन्छ । "यसका कुनै पनि भाषाका खण्डीय, खण्डेत्तर ध्वनिको व्यवस्था हुन्छ । खण्डीय ध्वनिमा भाषाका स्वर र व्यञ्जन पर्छन् भने खण्डेत्तर ध्वनिमा अनुनासिकता, श्वसन, आघात, लय, मात्रा, तान आदि पर्दछन्" (ढकाल, २०७०, पृ. ४३) । ध्वनि व्यवस्थामा केन्द्रित हुँदा साहित्यिक रचनामा केकस्ता ध्वनिहरूको समावेश छ भन्ने कुरा केलाउने प्रयास गरिन्छ ।

**शैली**

भाषाका माध्यमबाट मानवीय भाव वा विचार अभिव्यक्त गर्ने ढङ्ग, ढाँचा वा तरिका नै शैली हो । "शैली साहित्यिक संरचना र भाषा संरचनाको बीचमा पर्छ । एकातिर यसको भाषा रूपी कच्चा पदार्थसँग सम्बन्ध हुन्छ भने अर्कातिर कृति रूपी तयारी मालसँग सम्बन्ध हुन्छ । शैलीको सम्बन्ध साहित्यिक कृतिको संरचना र भाषिक संरचनासँग हुन्छ" (ढकाल, २०७०, पृ. ५०) । यसैले भाषागत स्वभाव र कृतिनिर्माणको आधार सामग्रीको एकल सम्बन्ध नै शैली हो भन्न सकिन्छ । साहित्यिक कृतिको पहिचान गर्दा निम्नलिखित पक्षका आधारमा शैलीलाई पहिल्याउने प्रयास गरिन्छ :

**विकल्पन र चयन :** साहित्यकारले कृति रचना गर्दा आफ्नो शब्दभण्डारबाट उपलब्ध विभिन्न शब्दहरूमध्येबाट उचित विकल्प शब्द छनोट गरी आफ्नो रचनामा उपयोग गर्दछ । यसर्थ कृतिको सन्दर्भअनुसार एकै अर्थ बुझाउने विभिन्न विकल्पहरूमध्येबाट रचनाकारको सोचाइअनुसार एक विकल्पको छनोट गरी कृतिलाई विशिष्ट बनाउने कार्य शब्दचयनबाट हुने गर्दछ ।

> भाषिक एकाइहरूको सुविचारित छनोट नै चयन हो । साहित्यकारले कृति रचना गर्दा आफ्नो शब्दभण्डारबाट विभिन्न शब्दहरूमध्येबाट उचित विकल्प छनोट गरी आफ्नो रचनामा उपयोग गर्छ । जस्तै : स्त्रीलाई बुझाउनका लागि स्त्री शब्दका अतिरिक्त नारी, अबला, रमणी, सुन्दरी, कल्याणी,

आइमाई, स्वास्नीमानिसजस्ता शब्दहरू प्रयोग हुन्छन् । यी विकल्पहरूमध्ये साहित्यकारले कुनै शब्द वा विकल्पको छनोट गरेर प्रयोग गर्छ भने त्यो अकारण हुँदैन । (शर्मा, २०४८, पृ. १०)

यसरी एउटै शब्द वा पदावलीका पनि विभिन्न विकल्पहरू हुन सक्छन् । यस्ता विकल्पहरूबाटै उपयोगी चयन गर्नु नै विकल्पन र चयनको कार्यअन्तर्गत पर्दछ । शैलीविज्ञानले यस्तै चयनको विशिष्टतालाई पहिल्याउने काम गर्छ ।

**अग्रभूमि निर्माण** : अभिव्यक्तिमा हुने यान्त्रिकतालाई हटाउनका लागि कृतिकारले विशिष्ट र नयाँनयाँ भाषा प्रयोग गर्दछ । यसलाई नै अग्रभूमि निर्माण भनिन्छ । "रचनाको कुनै अंशलाई विशिष्ट तुल्याउन सो अंशमा विशेष मल दिनु नै अग्रभूमि निर्माण हो" (शर्मा, २०४८, पृ. १०) जुन भाषिक अंश वा एकाइको बारम्बार प्रयोग हुन्छ त्यो यान्त्रिक र निरस बन्न पुग्छ । अभिव्यक्तिमा हुने यस्ता यान्त्रिकतालाई हटाउनका लागि कृतिकारले विशिष्ट र नयाँनयाँ भाषा प्रयोग गर्दछ । यसलाई नै अग्रभूमि निर्माण भनिन्छ । कृतिमा अग्रभूमिको निर्माण दुई तरिकाहरूबाट गरिन्छ :

***विचलन :*** भाषाको स्वीकृत वा मानक रूपलाई विचलन गराएर खज्मज्याउनु वा उल्टो पारेर प्रयोग गर्नु नै विचलन हो । शर्मा (२०४८) का अनुसार "मानकको अतिक्रमण वा उल्लङ्घनलाई विचलन भनिन्छ" (पृ. ११) । विचलनको प्रयोग उद्देश्यपूर्ण ढङ्गबाट हुन्छ । विचलन व्याकरणका तहमा मात्र नभई शब्दभण्डार तथा अर्थगत तहमा समेत हुन्छ । यसले साहित्यिक अभिव्यक्तिलाई सार्थक, सौन्दर्यपूर्ण एवम् नवीन बनाउन सहयोग गर्छ । विचलन विभिन्न तहमा हुन्छ । कोशीय, व्याकरणिक, अर्थतात्त्विक, भाषिकागत, प्रयुक्तिगत, ध्वनि प्रक्रियात्मक र लेख्यप्रक्रियागत तहमा विचलन हुने गर्दछ । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

*कोशीय विचलन :* साहित्यकारले भाषाशैलीमा नवीनता ल्याउनको लागि कोशीय विचलनको प्रयोग गरेका हुन्छन् । अन्त कतै र कसैले प्रयोग नगरेका वा शब्दकोशमा प्रयोग नभएका शब्दहरू निर्माण गरी प्रयोग गर्नु कोशीय विचलन हो । "भाषाशैलीमा नवीनता ल्याउँदा यस्ता विचनलयुक्त शब्दहरू प्रयोग गरिएका हुन्छन् । जस्तै : लक्ष्मीप्रसाद देवकोटाले गोब्रिलो, गुन्द्रिलो, मान्द्रिलो आदि प्रयोग गर्नु" (भण्डारी र

अन्य, २०६८, पृ. ३९) । यसमा शब्दकोशमा प्रयोग नभएका शब्द ल्याएर कोशीय विचलन गराइएको छ ।

*व्याकरणिक विचलन* : व्याकरणले भाषालाई व्यवस्थित बनाउँछ । व्याकरणिक नियमलाई भङ्ग गर्नु व्याकरणिक विचलन हो । "प्रत्येक भाषाको आफ्नै व्याकरणिक नियम हुन्छ तर सर्जकले व्याकरणिक नियमको वास्ता नगरी लिङ्ग, वचन, पुरुष, भाव, काल, आदर आदिको प्रयोगमा विचलन गराएर आफ्नो कृतिमा प्रयोग गर्नुलाई व्याकरणिक विचलन भनिन्छ" (पौडेल, २०६९, पृ. ५०) । जस्तै : हाँस्यो गमक्क गम्केर (पदक्रम विचलन) । प्रत्येक झिँगाहरूले पौंठेजोरी खेल्छ (वचन विचलन) । व्याकरणिक नियमलाई भङ्ग गरी कृति रचना गर्दा कर्ता, कर्म र क्रियाको सङ्गति मिलेको पाइँदैन ।

*ध्वनि प्रक्रियात्मक विचलन* : जब कुनै सर्जकले वर्णविन्यासका मानक रूपलाई खज्मज्याउँछ, तब यो विचलन देखापर्छ । ढकाल (२०७०) ले "परम्परागत/शिष्ट/मानक रूपलाई फेरेर प्रयोग गर्नुलाई ध्वनि प्रक्रियात्मक विचलन भनिन्छ । जस्तै : शशि, शिशिर, प्रस्तुत, सङ्गीत, शब्दलाई ससी, सिसिर, प्रस्तूत, सङ्गित बनाई प्रयोग गर्नु" (पृ. ५२) भनेका छन् । वर्णविन्यासको क्रमलाई बिगारेर प्रयोग गर्नु नै ध्वनि प्रक्रियात्मक विचलन हो ।

*लेख्य प्रक्रियात्मक विचलन* : कृतिकारले आफ्नो कृतिलाई आकर्षक र स्तरीय बनाउनको लागि लेख्य प्रक्रियात्मक विचलनलाई प्रयोगमा ल्याएका हुन्छन् । "शब्द लेख्ने पद्धतिमा आउने विचलन नै लेख्य पक्रियात्मक विचलन हो" (लामिछाने, २०७०, पृ. ३०) । साहित्यकारले आफ्नो कृतिमा नयाँपन ल्याउनको लागि लेख्य प्रक्रियात्मक विचलनलाई अपनाएका हुन्छन् । जस्तै : आज, व र प र

*अर्थतात्त्विक विचलन* : अर्थमा मात्र सीमित रहेर साहित्यले उच्चता हासिल गर्न सक्दैन त्यसैले अभिधाभन्दा विशिष्ट अर्थ व्यञ्जित हुनु नै अर्थतात्त्विक विचलन हो । "साहित्यमा अर्थगत विचलन प्रभावपरक तथा सौन्दर्यमूलक ठानिन्छ किनभने त्यसमा अभिव्यक्तिको बिछट्टै नौलो सौन्दर्य झल्किएको हुन्छ" (ढुङ्गाना, २०६५, पृ. ४३) । जस्तै : पहरा बोल्छ, छहरा बोल्छ, नेपाल बोल्दछ । मानवको प्रकृतीकरण र प्रकृतिको मानवीकरण अर्थतात्त्विक विचलनमा गरिएको हुन्छ ।

*भाषिका विचलन* : आफ्नो कृतिलाई उत्कृष्ट र आकर्षक बनाउनको लागि कृतिकारले भाषिका विचलनलाई प्रयोगमा ल्याएका हुन्छन् । गौतम (२०६१) का अनुसार "आफ्नो सिर्जनालाई विशिष्ट तथा आकर्षक बनाउन भाषिका तथा उपभाषिकाका शब्दहरू समावेश गरेर आफ्नो कृतिमा प्रयोग गरेका हुन्छन् त्यसैलाई भाषिकागत विचलन भनिन्छ" (पृ. २९) । स्रष्टाले मानक भाषा प्रयोगको क्रममा केही भाषिकाको प्रयोग गरी कृतिलाई उत्कृष्ट बनाएको हुन्छ जस्तै : अर्नी-खाजा, ओलन-दुध, सुपो-नाङ्लो ।

*प्रयुक्ति विचलन* : एउटा प्रसङ्गमा प्रयोग हुने भाषालाई अर्कै प्रसङ्गमा प्रयोग गरिएमा प्रयुक्ति विचलन हुन्छ । "विभिन्न विषयक्षेत्रमा प्रयोग गरिने भाषाका विभिन्न विषयगत रूप (भेद) हुन्छन् । कानुन र विज्ञान क्षेत्रको भाषा तथा विज्ञान र साहित्यको भाषा एउटै हुँदैन । तिनका आफ्ना विषयगत रूपहरू हुन्छन् । यसरी विषयक्षेत्रका आधारमा हुने भिन्न-भिन्न भाषिक भेदलाई प्रयुक्ति विचलन भनिन्छ" (पाण्डेय, २०६५, पृ. ६३) । जस्तै : गाउँगाउँबाट आउने लुटेराहरूले पनि तिनै कमिलाहरूको संहार गरे । 'कमिला' को निम्ति 'संहार' को प्रयोग गर्नु प्रयुक्ति विचलन हो । एउटा प्रसङ्मा प्रयोग हुने शब्द अर्को परिस्थिति वा प्रसङ्मा प्रयोग हुँदा प्रयुक्तिगत विचलन देखापर्दछ ।

***समानान्तरता :*** प्रचलित नियमहरू अथवा समान तत्त्वहरूको पुनरावृत्ति नै समानान्तरता हो । विचलनको अनियमिततालाई मुख्य आधार बनाएजस्तो यसले नियमिततालाई आधार बनाउँछ । यसमा नियमित रूपमा वर्ण, पद, पदावली वा वाक्य नै पुनरावृत्ति भएर आउँछन् । विचलनले प्रचलित मानकलाई उल्लङ्घन गरी आकर्षक पैदा गर्छ भने यसले भाषाको अरू नियमितता सिर्जना गरी आकर्षण बनाउँछ । लामिछाने (२०७०) का अनुसार "समानान्तरता भनेको विचलनको विपरीत प्रक्रिया हो" (पृ. ३०) । विचलनलाई भाषाको मानक रूप विपरीत प्रयोगमा ल्याएको हुन्छ भने समानान्तरतालाई वर्णगत, शब्दगत, वाक्यगत रूपमा ल्याई प्रयोग गरिएको हुन्छ । समानान्तरता बाह्य र आन्तरिक गरी दुई किसिमको हुन्छ जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

*बाह्य समानान्तरता* : भाषाका ध्वनि, वर्ण, रूप, शब्द, पदावली आदिका बाह्य स्वरूपको पुनरावृत्ति भएर प्रकट हुन्छ । "शब्दालङ्कारका रूपमा देखिने बाह्य

समानान्तरता स्थूल किसिमको हुन्छ । जस्तै : 'पापको पोको पारेर पुण्यप्रसाद पन्जाब पुगे' मा क्रमशः 'च' र 'प' को आवृत्ति देखिन्छ" (ढकाल, २०७०, पृ. ५३) । यस्तो समानान्तरताले कृतिमा एक किसिमको मौलिक तरङ्ग सिर्जना गर्नुका साथै साहित्यिक अभिव्यक्तिलाई श्रुतिमधुर बनाउँछ ।

*आन्तरिक समानान्तरता :* भावार्थ वा वाच्यार्थ पुनरावृत्ति अर्थात् अर्थ पक्षको आवृत्ति नै आन्तरिक समानान्तरता हो । आन्तरिक समानान्तरताका सन्दर्भमा भण्डारी र अन्य (२०६८) भन्छन् "भावार्थ वा वाच्यार्थको पुनरावृत्ति गरी कृति वा रचनाभित्र सौन्दर्य सिर्जना गर्ने युक्तिलाई आन्तरिक समानान्तरता भनिन्छ" (पृ. ४०) । छन्द, अलङ्कार आदिको अर्थतात्त्विक सन्दर्भलाई यसअन्तर्गत लिन सकिन्छ । आन्तरिक समानान्तरता प्रयोग गर्दा जति धेरै फरकफरक पद, पदावली वा वाक्य प्रयोग गरे तापनि ती पदावली लागि वाक्यमा एउटै हुन्छ । यस्तो समानान्तरता विभिन्न बिम्ब, प्रतीक र अलङ्कार प्रयोगका कारण सिर्जना हुन्छ । जस्तै : विगत सम्झिँदा ऊ हाँस्छ, रमाउँछ र खुसी हुन्छ । यहाँ हाँस्छ, रमाउँछ र खुसी हुन्छ तीनवटै शब्दले एउटै अर्थ दिएका कारण आन्तरिक समानान्तरता सिर्जना भएको छ ।

**विविधता** : साहित्यिक कृतिमा भाषाको प्रयोग र विषयको कारणले देखापर्ने भाषिक भेदहरूलाई विविधता भनिन्छ । यस्ता विविधताहरूबाट साहित्यिक कृतिको शैली विश्लेषण गर्ने काम गरिन्छ । यसै धारणाको पुष्टि गर्दै शर्मा (२०४८) ले "विषय र प्रयोगकर्ताका अनुसार एउटा भाषाका विभिन्न भेदहरू देखापर्छन् र यिनै भेदहरूलाई विविधता भनिन्छ । साहित्यिक कृतिहरूमा यस्ता अनेक प्रकारका विविधताहरू देख्न पाइन्छन्" (पृ. ११) भनेका छन् । यस परिभाषाका अनुसार भाषाका विषय र प्रयोगकर्ताका अनुसार देखापर्ने भाषाका फरकफरक भेद नै विविधता हो भन्न सकिन्छ ।

## सारांश

यस अध्यायमा सम्बन्धित कार्यको पुनरावलोकन प्रस्तुत गरिएको छ जसअन्तर्गत प्रायोगिक पुनरावलोकनमा उद्देश्यअनुसारको कथानक, पात्रगत र भाषागतअनुसार निकालिएको निष्कर्षलाई दसवटा शोध समीक्षाको आधारमा विश्लेषण गरिएको छ । सैद्धान्तिक पुनरावलोकनमा पाँचवटा पुस्तकलाई आधार बनाई शैलीविज्ञानको बारेमा विभिन्न

लेखकहरूले भनेका कुरालाई व्याख्या विश्लेषण गरिएको छ । पूर्वकार्यको अवलोकनको अनुप्रयोगले शोधार्थीलाई समस्याको विशिष्टीकरण गर्न, सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न, समस्याको चुरो पत्ता लगाउनुका साथै विविध कुरामा फाइदा पुगेको कुरालाई विश्लेषण गरिएको छ भने शैलीविज्ञानको सैद्धान्तिक अवधारणालाई पनि प्रस्तुत गरिएको छ जसमा शैलीविज्ञानको परिचय र परिभाषा, पूर्वीय र पाश्चात्य परम्परा, शैलीविज्ञानको अन्य विधासँगको सम्बन्ध, शैली विश्लेषण प्रक्रिया र भाषा शिक्षण र शैलीविज्ञानको सम्बन्धको बारेमा चर्चा गरिएको  छ । त्यसैगरी कथानकको र पात्रको सैद्धान्तिक अवधारणालाई प्रस्तुत गरिएको छ ।

# अध्याय तीन

# शोधविधि

प्रस्तुत शोधकार्यमा प्राथमिक स्रोतको उपयोग गरिएको छ । शैलीविज्ञानसँग सम्बन्धित रहेर लेखिएका शोध रचनालाई यस अध्ययनमा आफ्नो सामग्रीको रूपमा उपयोग गरिएको छ । मूलतः पुस्तकालयीय अध्ययन कार्यलाई प्रयोगमा ल्याइएको छ ।

## अनुसन्धान ढाँचा

पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएकाले यस शोधकार्यमा गुणात्मक अध्ययन ढाँचाको उपयोग गरिएको छ ।

## नमुना छनोट प्रक्रिया

राधा पौडेलद्वारा लिखित *खलंगामा हमला* शीर्षकको कृतिलाई प्रस्तुत शोधकार्य शैलीवैज्ञानिक अध्ययनको लागि छनोट गरिएको छ ।

## तथ्य सङ्कलन प्रक्रिया

प्रस्तुत अध्ययन, अनुसन्धान गुणात्मक प्रकृतिको अध्ययन भएकोले प्राथमिक तथा द्वितीयक दुवै स्रोतबाट प्राप्त सामग्रीलाई सङ्कलन गरिएको छ । *खंलगामा हमला* कृतिको विश्लेषण गर्ने क्रममा यस कृतिलाई प्रस्तुत शोधपत्रको प्राथमिक स्रोतका रूपमा र कृतिसँग सम्बन्धित भएर लेखिएका विभिन्न लेख, समालोचना, पुस्तक, प्रतिवेदन आदिलाई द्वितीयक सामाग्रीका रूपमा सङ्कलन गरिएको छ । प्रस्तुत शोधमा शैलीवैज्ञानिक अध्ययनलाई आधार मानी गरिने हुनाले भाषिक संरचना, पात्रगत विधान, र अग्रभूमि निर्माणको विश्लेषण गरिएको छ ।

**तथ्य सङ्लनका साधन :** प्रस्तुत शोधपत्रलाई सफल, विश्वसनीय बनाउनको लागि प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री निर्माण गरी अध्ययन अनुसन्धान गरिएको छ । प्रस्तुत शोधपत्र पुरा गर्नको लागि आवश्यक पर्ने सामग्रीहरू निम्नलिखित दुई स्रोतबाट सङ्कलन गरिएको छ :

***प्राथमिक स्रोत :*** शैलीवैज्ञानिक अध्ययनको लागि राधा पौडेलद्वारा लिखित *खंलगामा हमला* कृतिलाई प्राथमिक स्रोतको रूपमा लिइएको छ र यही कृतिलाई आधार मानेर शैलीवैज्ञानिक अध्ययन गरिएको छ ।

***द्वितीयक स्रोत :*** शैलीवैज्ञानिक शीर्षकसँग सम्बन्धित रहेर गरिएका खोज, शोधपत्र, अनुसन्धान, प्रकाशित लेख, रचना, पुस्तक, इन्टरनेट, विभिन्न सङ्घसंस्था तथा पत्रपत्रिकालाई प्रस्तुत शोधपत्रको द्वितीयक स्रोत सामग्रीको रूपमा लिइएको छ ।

**तथ्य सङ्कलन**

प्रस्तुत शोधकार्यलाई व्यवस्थित, स्तरीय र वैध बनाउनको लागि पुस्ताकालयीय विधिलाई उपयोग गरिएको छ । विभिन्न स्रोतबाट सङ्कलित सामग्रीहरूको प्रयोग गरिएको छ, जसमा पात्रहरूको वर्गीकरण गरिएको तालिका, भाषिक आधारमा अग्रभूमि निर्माण, चयन, विचलन र समानान्तरता प्रयोग भएका उदाहरणहरू रहेका छन् । पुस्तकालयीय कार्यबाट प्राथमिक स्रोतका सामग्री सङ्कलन गरिएको छ भने द्वितीयक स्रोतका सामग्रीहरू पनि शोधपत्र, लेख, रचना, सङ्घसंस्था, इन्टरनेट, पत्रपत्रिका आदि स्रोतबाट सङ्कलन गरिएको छ । अतः उल्लिखित साधनहरूको प्रयोग गरी पुस्तकालयीय अध्ययनका आधारमा तथ्यहरू सङ्कलन गरिएको छ ।

**अवधारणात्मक ढाँचा**

प्रस्तुत शोधकार्यको अवधारणात्मक ढाँचा निम्नानुसार रहेको छ :

रेखाचित्र सङ्ख्या २, *शोधपत्रको ढाँचा*

## नतिजा र छलफल

प्रस्तुत शोधकार्य *खलंगामा हमला* कृतिको शैलीवैज्ञानिक अध्ययनसँग सम्बन्धित रही गरिएको छ, जसमा भाषिकसंरचना पक्ष, पात्रविधान र अग्रभूमि निर्माणको व्याख्या विश्लेषण गरिएको छ । यसक्रममा वर्णनात्मक तथा विश्लेषणात्मक विधि र पुस्तकालयीय कार्यद्वारा व्याख्या गरिएको छ । *खलंगामा हमला* कृतिलाई कथानकलाई आरम्भ, सङ्घर्ष विकास, चरम, सङ्घर्ष ह्रास र उपसंहारका आधारमा व्याख्या विश्लेषण गरिएको छ । प्रस्तुत कृतिका पात्रलाई लिङ्ग, प्रवृत्ति, कार्य, स्वभाव, जीवनचेतना र आसन्नताका आधारमा तालिकीकरण गरिएको छ । उक्त कृतिलाई चयन, भाषिक विचलन र समानान्तरताका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

## अध्ययनको रूपरेखा

प्रस्तुत शोधपत्रमा सात अध्याय रहेका छन् । पहिलो अध्यायमा शोधपरिचय रहेको छ, जसमा अध्ययनको पृष्ठभूमि, समस्याकथन, उद्देश्य, शोधको औचित्य, सीमाङ्कन रहेका छन् भने दोस्रो अध्यायमा सम्बन्धित कार्यको पुनरावलोकन गरिएको छ । उक्त अध्यायमा सैद्धान्तिक पुनरावलोकन र प्रायोगिक पुनरावलोकन, पूर्वकार्यको पुनरावलोकनको अनुप्रयोगका साथै शैलीविज्ञानको सैद्धान्तिक अवधारणाबारे पनि चर्चा गरिएको छ । त्यसैगरी तेस्रो अध्यायमा शोधविधिको शीर्षक राखिएको छ, जसमा अनुसन्धानको ढाँचा, नमुना छनोट प्रक्रिया, तथ्य सङ्कलनका साधन र तथ्य सङ्कलन रहेका छन् । नतिजा र छलफल पनि प्रस्तुत गरिएको छ । यस अध्यायलाई प्रस्तुत शोधको उद्देश्यअनुसार अध्याय विभाजन गरिएको छ, जसमा *खलंगामा हमला* कृतिको कथानकगत संरचनालाई चौथो अध्यायमा, पात्रगत वर्गीकरणलाई पाँचौं अध्यायमा र चयन, भाषिक विश्लेषण, र समानान्तरताको विश्लेषणलाई छैटौं अध्यायमा विभाजन गरिएको छ, त्यसैगरी सातौं तथा अन्तिम अध्यायमा शोधकार्यको निष्कर्ष र उपादेयता प्रस्तुत गरिएको छ यसरी नै प्रस्तुत शोधकार्यलाई पुरा गरिएको छ ।

## सारांश

प्रस्तुत अध्याय शोधविधिको शीर्षक राखिएको छ, जसमा गुणात्मक ढाँचा अपनाएर अनुसन्धान गर्ने भनेर अनुसन्धानको ढाँचा, *खलंगामा हमला* कृतिलाई शैलीवैज्ञानिक अध्ययनको लागि छनोट गर्ने भनेर नमुना छनोट प्रक्रिया, तथ्य सङ्कलनअन्तर्गत प्राथमिक

स्रोतको रूपमा यस *खलंगामा हमला* कृति र द्वितीयक सामग्रीको रूपमा कृतिसँग सम्बन्धित भएर लेखिएका लेख, समालोचना, पुस्तक, प्रतिवेदन आदिलाई राखिएको छ । त्यसैगरी प्राथमिक स्रोत वा द्वितीयक स्रोत अथवा दुवै स्रोतबाट शोध पुरा गर्ने भनेर तथ्य सङ्कलनका साधन र तथ्य सङ्कलनको बारेमा पनि चर्चा गरिएको छ भने शोधको रूपरेखालाई पनि यसै अध्यायमा प्रस्तुत गरिएको छ ।

## अध्याय चार

## *खलंगामा हमला* कृतिको कथानकगत संरचना

राधा पौडेलद्वारा लिखित *खलंगामा हमला* (२०६९) उनको मदन पुरस्कार प्राप्त कृति हो । आफूले देखेका कुरा डायरीमा टिपोट गर्ने उनको बानीले नै उनलाई साहित्यकार बनाएको हो । कामको सिलसिलामा खलंगामा पुगेकी उनले द्वन्द्वकालका नमिठा घटनाहरूसँग सामना गर्नुपऱ्यो । यो कृति खलंगामा हमलाकै दस्तावेज हो । पेसाले नर्सिङ म पात्र सरकारी जागिर छाडेर विकासे काम सुरु गरेपछि गरिबी, सामाजिक विभेद र द्वन्द्वले आक्रान्त कर्णालीबासीसँग साक्षात्कार गरिन् । सानैदेखि दुःख भोगेकी उनले दुःख आत्मसात् गर्न सक्थिन् । यसैबीच उनले द्वन्द्वको त्रास नजिकबाट देखिन् । माओवादी र सुरक्षा निकायको अचानो बनेर काम गर्नुपर्दाको पीडा भोगिन् । सबभन्दा ठूलो कुरा कर्णालीबासीको मनोदशा बुझिन्, जसले उज्ज्वल भविष्यको सपना देख्ने हैसियतसम्म राख्दैनन् ।

यस कृतिमा म पात्रका बाले कहालीलाग्दो जुम्लाबासीको अवस्थाको बारेमा म पात्रलाई भनेबाट नै म पात्रलाई जुम्लाप्रति केही गर्ने अठोट जागेर आएको हुन्छ । त्यसै क्रममा म पात्र जागिरको सिलसिलामा जुम्ला जाँदा उनले देखेभोगेका जुम्लाबासीको दर्दनाक जीवनगाथा र गरिबको मर्माहत यथार्थलाई प्रस्तुत गरिएको छ । गरिबी, अशिक्षा, अन्धविश्वासभित्रको अँध्यारो र द्वन्द्वबाट पिल्सिएको जीवन र मरणका बीचमा बाँचिरहेका जुम्लेलीहरूको यथार्थलाई यस कृतिमार्फत् देखाउन खोजिएको छ ।

*खलंगामा हमला* कृतिमा प्रमुख रूपमा द्वन्द्वकालको परिवेशलाई चित्रण गरिएको छ । यस कृतिको मुख्य आधार भनेको कर्णालीबासीको मनोदशा बुझ्नु र द्वन्द्वकालीन समयमा म पात्र स्वयम् भुक्तमान हुनु हो । यस कृतिमा भएको घटनाक्रमले पुस्तक अत्यन्त उत्कृष्ट र पठनीय बनेको छ र यो कृति निकै उपयोगी बनेको छ । मनोविज्ञानलाई आधार मानेर लेखिएको नेपाली साहित्यको एक उत्कृष्ट पुस्तकमध्ये यो पनि एक हो । प्रस्तुत शोधकार्यमा कथानकको आधारमा *खलंगामा हमला* कृतिको निम्नानुसार विश्लेषण गरिएको छ :

### आरम्भ

यस कृतिमा म पात्र बेलायत अन्तर्राष्ट्रिय विकास विभाग (डि.एफ.आइ.डी.) को सुरक्षित मातृत्व कार्यक्रमअन्तर्गत जुम्ला जिल्लालाई रोजी स्वास्थ्य अधिकृत भएर त्यहाँ

गएको र त्यहाँको कारुणिक अवस्थालाई आफ्नै शैलीमा यस कृतिमार्फत् प्रस्तुत गरेकीले यस कृतिको मृख्य पात्र म नै हो । सहायक पात्रका रूपमा म पात्रका बाआमा, एभरेष्ट होटलका सुनिल दाइ, गोमा भाउजू, हजुरआमालाई लिन सकिन्छ । म पात्र आफ्ना बाले भनेको अशिक्षित, अन्धविश्वास र कुरीतिबाट गुज्रिरहेको जुम्लालाई स्वास्थ्य सेवामार्फत् सेवा गर्न त्यहाँ गई बिस्तारै त्यहाँका वासिन्दाहरूलाई स्वास्थ्य सेवाको तालिम दिनु, जुम्लाको स्वास्थ्य स्थिति, शिक्षा, राजनीतिक अवस्था र माओवादीले त्रसित गराएको जनजीवनसँग घुलमिल हुनु, जुम्ला गएको पहिलो हप्तामा नै एकजना साल अड्किएर धेरै रगत बगेको सुत्केरीलाई बचाउन खोज्दाखोज्दै पनि उनको ज्यान जानुले म पात्र सारै निराश हुन्छिन् । जुम्ला बसाइको एउटा असफल सुरुवातले उनलाई भित्रैदेखि हल्लाइदिएको हुन्छ । त्यसैले उनले शल्यक्रिया कक्ष, रक्त बैङ्कको व्यवस्था र आकस्मिक कोष खडा गर्ने निश्चय गर्छिन् र त्यही कार्यको लागि डटेर माओवादी द्वन्द्वको चपेटामा परे पनि आफ्नो ज्यानलाई जोखिममा पारेर सपना पुरा गर्नुलाई यस कृतिको आरम्भको रूपमा लिन सकिन्छ ।

## सङ्घर्ष विकास

*खलंगामा हमला* कृतिमा म पात्र जुम्ला गई बिस्तारै त्यहाँका डाक्टर, नर्सहरूलाई सुरक्षित मातृत्व सेवाको तालिम दिई परम्परागत रूपमा सुत्केरी गराउँदै आएका सुँडेनी र मातृत्व सेवामा संलग्न सङ्घसंस्थाको क्षमता बढाउने काममा लागिपर्छिन् । जुम्लाको समाज, रहनसहन चाडपर्व, पुरुषले महिलामाथि गर्ने दमन, शोषण र अत्याचार, धनी र गरिबबीचको खाडल, जहाजको टिकटदेखि अस्पतालको उपचार र व्यवसायदेखि ठेक्कापट्टासम्म हुनेखानेकै आधिपत्य, सामन्ती परम्परा, सरकारी कर्मचारीको लापरवाहीजस्ता यावत् घटनाहरूलाई सङ्घर्ष विकासको रूपमा लिन सकिन्छ । माओवादीले प्रत्येक जिल्लामा आक्रमण गरेको घटना दिनदिनै आइरहन्थ्यो । एक दिन काठमाडौं प्रशासनबाट म पात्रलाई होटलमा नबस्नु अन्तै गएर कोठा खोजेर बस्नु, माओवादीको निसाना हजुर बसेको होटेल पनि हुन सक्छ भनेर फोन आउनु, म पात्र हतोत्साहित भएजस्तो अनुभव गर्नु, त्यस्तै जुम्ला भरिपूर्ण भइकन पनि त्यहाँको जडिबुटीको खानीलाई मान्छेले चिन्न नसक्नु, सरकारी कर्मचारी आए पनि दुर्गम कोटा पुरा भएपछि फर्किहाल्ने अवस्था हावी रहिरहनु, म पात्रलाई होटेलमा बसे पनि गोमा भाउजू, सुनिल दाइ र हजुरआमा कहिल्यै पनि साहुसाहुनीजस्तो नलाग्नु, आफ्नै परिवारलाईजस्तै सुनिल दाइको

परिवारले म पात्रलाई माया गर्नु, धुम्रपान र मद्यपानबाट ग्रसित स्थानीय वासिन्दाको जनजीवनका यावत् घटनाहरू सङ्घर्ष विकासको रूपमा आएका छन् ।

**चरम**

माओवादीको द्वन्द्वको प्रभाव बढ्दै गएकोले म पात्रलाई असुरक्षित महसुस हुन्छ । बिहानीको कान्तिमा मानिसहरूको अनुहार हँसिलो देखिए पनि दिन ढल्दै जाँदा निरासाका रेखाहरू बढ्ने, डराउने, चार नबज्दै सरकारी कार्यालयहरू बन्द हुने, मान्छेहरूले साँझ नपर्दै ढोका लगाउने गर्छन् । सर्वसाधारणको आवतजावत कम हुन्छ । अत्यावश्यक सरसामानबाहेक अरू किनबेच गर्न पाईंदैन, यदि कसैले किनिहाले भने पनि कारण खुलाएर किन्नु पर्थ्यो । माओवादीले आक्रमण गरेका घटना दिनदिनै बढ्दै गएका थिए । त्यतिकैमा म पात्रलाई एभरेष्ट होटल छोडेर अन्तै जानु, केही भइहाल्यो भने कार्यालय जिम्मेवार हुने छैन भनेर चिट्ठी आउँछ । माओवादीको पनि चौबिस घण्टामा एभरेष्ट होटल नछोडे भौतिक कार्वाही गरिने छ भनेर म पात्रलाई चिट्ठी आउँछ । यसले गर्दा एभरेष्ट होटलका गोमा भाउजू र सुनिल दाइ साह्रै डराउँछन् । म पात्रलाई सुरक्षित मातृत्वको तालिम दिन जाँदा माओवादीले घेरा हाली दुईचार घण्टापछि छोडिदिन्छन् । माओवादीको प्रभावले गर्दा खलंगा बजार सुनसान हुन्छ । सेना र प्रहरीले गस्ती गरिरहेका हुन्छन् । माओवादीले लक्षित गरिरहेका दस जिल्लामध्ये सिन्धुली, ओखलढुङ्गा, अर्घाखाँची, दाङ, अछाम र स्याङ्जामा आक्रमण गरिसक्यो अब जुम्ला आक्रमणको तयारी गर्दैछ भन्ने हल्ला सुनिन्छ । कार्तिक अट्ठाइस गते राति माओवादीले आक्रमण गर्छ । म पात्र, सुनिल दाइ, गोमा भाउजू र भानु सबै एउटै कोठामा जम्मा हुन्छन् । गड्याङगुडुङ गोलीको आवाज आउँछ, डरले भानु खाटमुनि लुक्छन्, म पात्रले बाहिर जाने डरले बाटा (एक प्रकारको भाँडा) मा पिसाब फेर्छिन्, म पात्रले परिवार सम्झन्छिन् भने अरूले भैरवनाथ मन्दिरलाई सम्झिन्छन् । घमासान भिडन्त हुन्छ, कतै रोएको आवाज आउँछ, कतै कराएको आवाज आउँछ, हेलिकोप्टरले घटटटट गर्दै बम र गोली खसाल्छ, सबैलाई बाँचिन्छ भन्ने आशा हराउँछ, बिहान सात बजेसम्म भिडन्त भइरहन्छ । उक्त आक्रमणमा सरकारी कार्यालय, राष्ट्रिय वाणिज्य बैङ्क, एयरपोर्ट, जुम्ला अस्पताल, शिक्षा कार्यालय, कयौं सर्वसाधारणका घरहरू जलेर नष्ट हुन्छन् । आक्रमणमा एक जना प्रमुख जिल्ला अधिकारी, चार जना सैनिक, बीस प्रहरी, उन्नाइस माओवादी र दुई स्थानीय गरी छयालिस जनाको ज्यान जान्छ । माओवादी

र सेनाको द्वन्द्वले जुम्लाबासीहरू त्रसित हुन्छन् । यिनै यावत् घटनाले गर्दा यस कृतिमा कथानकले चरम रूप लिन पुग्छ ।

### सङ्घर्ष ह्रास

माओवादीले हमला गरेको पर्सिपल्ट म पात्रलाई लिन नेपालगञ्जबाट हेलिकोप्टर आउँछ । नेपालगञ्जबाट काठमाडौँ र काठमाडौँबाट हेलिकोप्टरमा भरतपुर घरतर्फ लाग्छिन् । एयरपोर्टमा ठूलीदिदी लिन आउनु भएको र दिदीले म पात्रलाई अँगालो हालेर धेरै बेर रुनुहुन्छ । कथानक बिस्तारै सङ्घर्ष ह्रासतिर जान्छ । घरमा सबै म पात्रलाई देख्दा गहभरि आँसु पार्छन् । माओवादीको सदरमुकाम आक्रमणको रात आफै सशस्त्र द्वन्द्वको भुक्तमान भएर घर फर्किदा मानसिक तनावको लक्षण देखिनथाल्छ । चर्को आवाजले बोल्यो भने तर्सिने, राति सुतेको बेला कसैले घाँटी निमोठेजस्तो लाग्ने, पसिनाले शरीर लुछुप्पै भिज्ने, कसैसँग बोल्न मन नलाग्ने, हुन थाल्छ । उनलाई मनोपरामर्शको जरुरत देखिन्छ । यिनै यावत् घटनालाई सङ्घर्ष ह्रासको रूपमा लिन सकिन्छ ।

### उपसंहार

म पात्र फेरि जुम्ला फर्किनु, माओवादीको द्वन्द्वले गर्दा रोकिएको अस्पताल भवन र नयाँ शल्यक्रिया कक्षको निर्माण पुरा गर्नु, आकस्मिक कोषको व्यवस्था गर्नु, गरिब, निमुखा र द्वन्द्वबाट प्रभावित भएकाहरूलाई सहयोग गर्न 'एक्सन वर्क्स नेपाल' स्थापना गर्न सहयोग गर्नु, माओवादीको हमलामा म पात्रसँगै बाँचेका भानु भाइका बुवा महाशङ्कर देवकोटाले म पात्रलाई धर्मपुत्री मानेर जुम्लामै ढेड रोपनी जग्गा दिनु, उक्त जग्गामा म पात्रले खलंगाको हमलामा मारिएका सबै ज्ञातअज्ञात व्यक्तिहरूको सम्झनामा मितेरी शान्ति वाटिका निर्माण गर्नु, अमेरिकाको युनिभर्सिटी अफ स्यानडियागोले म पात्रलाई प्रभावित क्षेत्रमा काम गरेवापत 'वुमन पिसमेकर २०१२' का रूपमा सम्मान गर्नु, अन्त्यमा म पात्रको आमा स्वर्गवास हुँदा 'छोरीले दागबत्ती दिनु' भन्ने आमाको अन्तिम इच्छालाई म पात्रले पुरा गर्नु र छयहत्तर वर्षको आफ्नो बुवालाई जुम्ला घुमाउन लैजानुजस्ता घटनाहरू उपसंहारको रूपमा आएका छन् । यसरी यस कृतिमा आएको कथानक अन्तिम विन्दुमा पुग्छ । कथानकमा आएका यस्ता घटनाहरूलाई उपसंहार मान्न सकिन्छ ।

### सारांश

यस अध्यायमा *खलंगामा हमला* कृतिको कथानकको विश्लेषण गरिएको छ । यसअन्तर्गत यस कृतिको कथावस्तुलाई आरम्भ, सङ्घर्ष विकास, चरम, सङ्घर्ष ह्रास र

उपसंहार गरी पाँच भागमा विभाजन गरेर प्रस्तुत गरिएको छ । आरम्भमा मुख्य र सहायक पात्रहरूको चिनारी गराइएको छ, साथै यसमा म पात्रले जुध्नुपरेको समस्या र परिस्थितको बारेमा पनि जानकारी दिइएको छ । सङ्घर्ष विकासमा म पात्र जुम्ला गई त्यहाँको डाक्टर, नर्सहरूलाई मातृत्व सेवाको तालिम दिएको, पुरुषले महिलामाथि गर्ने शोषण, दमन, अत्याचार, सामन्ती परम्परा, सरकारी कर्मचारीको ढिलासुस्तीले जुम्ला पछाडि परेको, म पात्रलाई होटलमा बसे पनि होटलजस्तो अनुभव नभएको र धुम्रपान र मद्यपानबाट ग्रसित स्थानीय बासिन्दाको जनजीवनका यावत् घटनाहरू आएका छन् । चरममा खलंगामा माओवादीले आक्रमण गरी माओवादी र सेनाको बीचमा ठूलो घमासान युद्ध भएको, उक्त आक्रमणमा स्थानीय बासिन्दासहित छयालिस जनाको ज्यान गएको, सरकारी कार्यालय, जुम्ला अस्पताल, जिल्ला शिक्षा कार्यालय जलेर नष्ट भएको घटनाहरू आएका छन् । सङ्घर्ष ह्रासमा म पात्र माओवादी द्वन्द्वको भुक्तमान भएर घर फर्किदा मानसिक तनावको लक्षण देखिएको र मनोपरामर्शको जरुरत भएको घटना आएको छ । म पात्र फेरि जुम्ला फर्किनु, माओवादी द्वन्द्वले गर्दा रोकिएको अस्पताल भवन, र नयाँ शल्यक्रिया कक्षजस्ता अन्य निर्माण कार्य पुरा गर्नु, म पात्रले आफ्ना बालाई घुमाउन जुम्ला लैजानु, म पात्रलाई प्रभावित क्षेत्रमा काम गरेवापत 'वुमन पिसमेकर-२०१२' का रूपमा सम्म्मान गर्नु, म पात्रकी आमा स्वर्गवास हुँदा छोरीले दागबत्ती दिनु भन्ने आमाको अन्तिम इच्छालाई पुरा गर्नुजस्ता घटनाहरू उपसंहारमा आएका छन् ।

# अध्याय पाँच

## *खलंगामा हमला* कृतिमा पात्रविधान

*खलंगामा हमला* (२०६९) कृतिमा पात्रहरूको शैलीवैज्ञानिक आधारमा अध्ययन विश्लेषण गरिएको छ । पात्रहरूको विश्लेषणको क्रममा पात्रको लिङ्ग, स्वभाव, प्रवृत्ति, कार्य, जीवनचेतना, आसन्नता र आबद्धतालाई प्रमुख आधार मानेर गरिएको छ ।

यस कृतिमा प्रमुख, सहायक र गौण गरी पैंतिसभन्दा बढी पात्रहरू देखापरेका छन् । म पात्रको वरिपरि कथानक घुमेको हुनाले म पात्रलाई प्रमुख पात्रको रूपमा लिन सकिन्छ । बा, आमा, सुनिल दाइ, गोमा भाउजू, र हजुरआमा सहायक पात्रको रूपमा देखापरेका छन् । कथानकमा सुरुदेखि अन्त्यसम्म आए तापनि यिनीहरूको महत्त्वपूर्ण भूमिका नभएकाले सहायक पात्रको रूपमा राखिएको छ । कथानकमा निश्चित समयको लागि देखा परी निश्चित समयमा नै हराउने भएकाले भानु, तारा नेपाली, ठूलीदिदी र बहिनी सम्झनालगायत अन्य पात्रहरूलाई गौण पात्रको रूपमा राखिएको छ । यस्ता पात्रहरूले उच्च, मध्यम र निम्न गरी तीनै प्रकारका वर्गको प्रतिनिधित्व गरेका छन् । यहाँ शिक्षित, अशिक्षित, बुढापाका, केटाकेटी, युवायुवतीजस्ता विविध वर्गलाई समेटिएको छ । केही पात्रहरूको अध्ययन र विश्लेषण तल प्रस्तुत गरिएको छ :

### म

*खलंगामा हमला* कृतिको म पात्र लिङ्को आधारमा स्त्री पात्र हो । यिनको वरिपरि कथानक घुमेको हुनाले म पात्र प्रमुख पात्रको रूपमा आएको छ । पेसाले नर्सिङ म पात्र सरकारी जागिर छाडेर विकासे काम सुरु गरेपछि गरिबी, सामाजिक विभेद र द्वन्द्वले आक्रान्त कर्णालीबासीसँग साक्षात्कार गरी माओवादी र सुरक्षा निकायको अचानो बनेर काम गरेकोले ऊ अनुकूल प्रवृत्तिको रूपमा प्रस्तुत भएको छ, त्यस्तै सुरुदेखि अन्तिमसम्म नै स्वास्थ्य सेवामार्फत् जुम्ला जिल्लालाई सेवा पुऱ्याउन डटेर लागेको हुनाले उनलाई स्थिर पात्रको रूपमा हेर्न सकिन्छ । कर्णालीजस्तो विकट ठाउँमा स्वास्थ्य सेवा गरी आफ्नो जीविका चलाउने भएकोले मध्यम वर्गीय पात्रको रूपमा देखा परेको छ । स्पष्ट रूपमा कृतिको सुरुदेखि अन्त्यसम्म देखिने हुँदा र उनैको वरिपरि कथानकको संरचना गरिएको हुँदा ऊ मञ्चीय पात्र हो । यस कृतिमा सुरुदेखि अन्तिमसम्म म पात्रको प्रमुख भूमिका रहेको र

उनलाई कृतिको कथानकबाट निकालिदिने हो भने कृतिको अस्तित्व नै नरहने भएकोले म पात्र बद्ध पात्र हो ।

**बा**

म पात्रको बाको रूपमा देखिएको ऊ लिङ्गको आधारमा पुरुष पात्र हो । कृतिको सुरुदेखि अन्त्यसम्म आए तापनि कथानकमा भूमिका कम भएकोले सहायक पात्रको रूपमा लिन सकिन्छ । त्यस्तै कृतिमा म पात्रलाई सधैँ सल्लाह, सुझाउ दिने हुनाले यस पात्रलाई अनुकूल पात्रको रूपमा लिन सकिन्छ । सुरुदेखि अन्तिमसम्म नै आफ्नो जीवन भोगाइका कुरा गर्ने र म पात्रलाई जुम्लाजस्तो ठाउँमा सेवा गर्न जानुपर्छ भन्ने सल्लाह, सुझाउ दिएकोले यस पात्रलाई स्थिर पात्रको रूपमा लिन सकिन्छ । गाईको दुध बेचेर जीवन निर्वाह गरी आफ्ना छोराछोरीलाई शिक्षादीक्षा दिने गरेकोले उसलाई वर्गीय पात्रको रूपमा लिन सकिन्छ । यस कृतिको कथानकलाई अगाडि बढाउन मद्दत गर्ने र प्रमुख पात्रलाई लक्ष्यसम्म पुऱ्याउन ठूलो भूमिका खेलेको कारणले ऊ मञ्चीय पात्र हो । यस पात्रलाई कृतिबाट हटाउँदा कृतिको संरचना बिग्रिने भएका कारण ऊ बद्ध पात्र हो ।

**आमा**

म पात्रको आमाको रूपमा आएको, दमको रोगी पात्र लिङ्गको आधारमा स्त्री पात्र हो । कृतिको आदि र अन्त्य भागमा देखापरेकाले सहायक पात्रको रूपमा लिन सकिन्छ । म पात्रको सधैँ चिन्ता गरिरहने, जुम्ला नगई भरतपुरमा नै जागिर खाइदिए हुँदो हो भन्ने मनसाय भएको, सधैँ अरूको भलो चाहने भएकोले उनलाई अनुकूल पात्रको रूपमा लिन सकिन्छ । कृतिभित्र थोरै भूमिका भए तापनि अति नै महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । यिनको स्वभावमा परिवर्तन नदेखिएको हुनाले स्थिर पात्रको रूपमा लिन सकिन्छ । आफूले पढ्न नपाए पनि छोराछोरीले पढून् भन्ने आशा राख्ने, छोरा नपाएर गाँउलेले तिरस्कार गरेको र आफू मर्ने बेला छोरीलाई दागबत्ती दिनु भनी छोराले दागबत्ती दिने रुढीवादी परम्परालाई तोडेर समाजलाई अगाडि बढाउन चाहने व्यक्ति मध्यम वर्गीय पात्रको रूपमा देखापरेको छ । म पात्रलाई साहस दिने र कृतिको कथानकलाई अगाडि बढाउन सहयोग गर्ने भएकोले मञ्चीय पात्र, कृतिको आदि र अन्त्य भागतिर धेरै भूमिका भएको र कृतिबाट उनलाई निकाल्दा कथानक अपुरो हुने भएकोले ऊ बद्ध पात्र हो ।

### सुनिल दाइ

एभरेष्ट होटेलका प्रोपाइटर, गोमा भाउजूको पति र हजुरआमाको छोरा सुनिल लिङ्गको आधारमा पुरुष पात्र हो । यस कृतिको कथानकमा आएको तर भूमिका कम भएकोले ऊ सहायक पात्र हो । माओवादी द्वन्द्वको समयमा म पात्र स्वास्थ्य सेवा कार्यक्रममा हिँड्दा माओवादीले तेरो घरमा बसेकी केटीलाई सम्झाइदिनु भनेपछि म पात्रलाई गाउँमा नजान आग्रह गर्ने र बहिनीलाईजस्तै माया गर्ने हुनाले ऊ अनुकूल पात्र हो । सधैँ सकारात्मक सोच राख्ने र कृतिभरि यसको भूमिकामा परिवर्तन नभएकोले ऊ स्थिर पात्र हो । ऊ एभरेष्ट होटलका मालिक, असल होटल सञ्चालक, होटलबाट आफ्नो जीवन निर्वाह गर्न चाहने, मध्यम वर्गीय पात्र हो । म पात्रलाई हेलिकोप्टरको टिकटदेखि लिएर आफ्नै परिवारको सदस्यलाईजस्तै सबै कुरामा सहयोग गरेको र कथानक अगाडि बढाउन उसको भूमिका प्रबल रहेकाले ऊ मञ्चीय पात्र हो । कृतिको सुरुदेखि अन्त्यसम्म यस पात्रको भूमिका रहेको र उसलाई कथानकबाट निकालिदिँदा कथानकको संरचना नै बिग्रिने भएको हुनाले ऊ बद्ध पात्र हो ।

### गोमा भाउजू

सुनिल दाइकी पत्नी, दुई छोराछोरीकी आमा लिङ्गको रूपमा स्त्री पात्र हो । कृतिको बीचमा आएर कृतिको अन्त्य हुनु अगाडि नै हराएको र प्रमुख पात्रको सहयोगीको रूपमा कृतिमा देखापरेको हुनाले उसलाई सहायक पात्रको रूपमा लिन सकिन्छ । ऊ अनुकूल पात्र हो र कृतिभरि उसको भूमिकामा परिवर्तन नभएकोले स्थिर पात्र मान्न सकिन्छ । होटलबाट आफ्नो भूमिका निर्वाह गर्ने, छोराछोरी र आफ्नो परिवारलाई सधैँ खुसी पारी वर्गीय मानिसको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । कृतिमा आफ्ना पीडा, बुबा, मामा माइजूको शोषण म पात्रसँग बाँडेको र कृतिको कथानकलाई अगाडि बढाउन सहयोग गरेकोले मञ्चीय पात्र हो । यस कृतिको कथानकमा सशक्त भूमिका रहेकोले बद्ध पात्रको रूपमा लिन सकिन्छ ।

### हजुरआमा

एभरेष्ट होटलका प्रोपाइटर सुनिलकी आमा स्त्री पात्र हो । म पात्रको धेरै चिन्ता गर्ने, माओवादी सङ्कटकालीन अवस्थामा जुम्ला छोडेर आफ्नै जिल्लामा गइदिए हुँदो हो भन्ने मनसाय भएको पात्र यस कृतिको सहायक पात्र हो । म पात्रलाई आफ्नै छोरीजस्तै गर्ने,

कार्यक्रममा गएर ढिला फर्कदा बाटो हेरेर बसिरहने, म पात्रलाई होटलमा बसेको छु भन्ने अनुभवसम्म गर्न नदिने भएकोले अनुकूल पात्रको रूपमा लिन सकिन्छ । त्यस्तै यस कृतिभरि सकारात्मक भूमिका निर्वाह गर्ने र भूमिकामा कुनै फेरबदल नभएकोले ऊ स्थिर पात्र हो । म पात्रलगायत आफ्नो परिवारलाई सल्लाह, सुझाव दिने र मध्यम वर्गको भूमिका निर्वाह गरेकोले ऊ वर्गीय पात्र हो । यस कृतिमा सबैको शुभचिन्तकको रूपमा रहेकोले यस पात्र मञ्चीय पात्र हो । यस पात्रको अभावमा कथानकमा खलल् आउने र कथानक नै अपुरो हुने हुनाले ऊ बद्ध पात्र हो ।

## तारा नेपाली

जुम्ला अस्पतालमा सहयोगी, लजालु स्वभावकी, लोग्नेले अर्की श्रीमती ल्याएपछि माइतीमा बस्दै आएकी यो पात्र स्त्री पात्र हो । कृतिमा धेरै भूमिका नभएको र कृतिको आदि भागमा देखा परेर आदि भागमै हराउने यो पात्र गौण पात्र हो । अस्पतालमा जति अबेरसम्म बस्नु परे पनि अनुहार ठुस्स नपार्ने, सकेसम्म अरूलाई सहयोग गर्ने प्रवृत्ति भएकाले उनलाई अनुकूल पात्रको रूपमा लिन सकिन्छ । सहयोगी भावना भएको, कृतिमा थोरै भूमिका भए पनि महत्त्वपूर्ण भूमिका भएको र स्वभावमा परिवर्तन नआएकोले उनलाई स्थिर र नेपथ्य पात्रको रूपमा लिन सकिन्छ । जुम्ला अस्पतालमा सहयोगीको रूपमा रहेर आफ्नो जीवन निर्वाह गर्ने उनलाई वर्गीय पात्रको रूपमा लिन सकिन्छ । यस कृतिको कथानकबाट उनलाई हटाउँदा पनि कथानकमा खासै असर नपर्ने भएकोले उसलाई मुक्त पात्रमा राखिएको छ ।

## भानु

खलंगामा माओवादीले हमला गर्ने रात म पात्र र एभरेष्ट होटलका सुनिल दाइ, गोमा भाउजूसँगै रात बिताएका यो पात्र पुरुष पात्र हो । कृतिको मध्य भागमा देखापरेर मध्य भागमा नै हराउने ऊ गौण पात्र हो । कृतिमा ऊ थोरै भूमिकामा देखिए तापनि उसको विचार सकारात्मक भएकाले अनुकूल पात्र हो । उसको स्वभावमा परिवर्तन नआएको हुनाले ऊ स्थिर पात्र हो । जुम्लामा जागिर गरी आफ्नो जीविका गुजार्दै आएकाले ऊ वर्गीय पात्र हो । माओवादीले खलंगामा आक्रमण गरेको रात म पात्रसँगै रात बिताएको र म पात्रलगायत सुनिल दाइ, गोमा भाउजूलाई सहानुभूति दिएकाले सकारात्मक सोच भएको मञ्चीय पात्र हो । यस कृतिको कथानकबाट उसलाई हटाउँदा कथानकमा बदलाव नआउने भएकाले ऊ मुक्त पात्र हो ।

**ठूलीदिदी**

म पात्रको दिदी लिङ्गका आधारमा स्त्री पात्र हो । कृतिको मध्य भागमा देखा परी मध्य भागमा नै हराएकाले गौण पात्र हो । म पात्र माओवादी द्वन्द्वको बेला जुम्ला जाँदा सधैं भरतपुर आएर जागिर गर भन्दै सम्झाउने, बुझाउने र उसको धेरै चिन्ता लिने भएकाले उनलाई अनुकूल पात्रको रूपमा लिन सकिन्छ । म पात्रको शुभचिन्तक बनी उनलाई सल्लाह, सुझाव दिने भएकाले र स्वभावमा परिवर्तन नआएकाले स्थिर पात्रको रूपमा प्रस्तुत भएको मान्न सकिन्छ । घरमा कुखुरा व्यवसाय गरी आफ्नो जीवन निर्वाह गरेको हुनाले ऊ वर्गीय पात्र हो । यस कृतिमा उसको भूमिका खासै नदेखिएको हुनाले नेपथ्य पात्र हो भने कृतिको कथानकमा उसको चरित्रचित्रणलाई हटाउँदा कृतिले दिन खोजेको सन्देशमा खासै परिवर्तन नआउने हुनाले ऊ मुक्त पात्र हो ।

**बहिनी**

म पात्रको बहिनी लिङ्गका आधारमा स्त्री पात्र हो । कृतिको अन्तिम भागमा क्षणिक समयको लागि देखा परी त्यसै समयमा नै हराएकाले उनलाई गौण पात्रको रूपमा लिन सकिन्छ । बाआमा सँगसँगै बसी उनीहरूको ख्याल गर्दै आफ्नो पढाइलाई अगाडि बढाउँदै गएको र सकारात्मक भूमिकामा देखा परेकाले ऊ यस कृतिको कथानकमा अनुकूल पात्रको रूपमा आएको देखिन्छ । उसको भूमिका कथानकमा खासै ठूलो समयको लागि नदेखिएको र कार्यकलापमा पनि कुनै परिवर्तन नदेखिएकाले उनलाई स्थिर पात्रको रूपमा लिन सकिन्छ । आफ्नो अध्ययनलाई निरन्तरता दिदैं आफ्नो लक्ष्य प्राप्तिमा लागेकाले व्यक्तिगत पात्रको रूपमा उनलाई लिन सकिन्छ । कृतिमा यस पात्रको खासै भूमिका नदेखिएको र छोटो समयको लागि मात्र देखिएकाले उनलाई नेपथ्य पात्र भनी चित्रण गर्न सकिन्छ । कृतिको कथानकबाट उनको भूमिकालाई हटाउँदा कृतिको कथानक अपुरो नहुने र खासै कुनै परिवर्तन पनि नहुने भएकाले उनलाई मुक्त पात्र भन्न सकिन्छ ।

यसका साथै यस कृतिमा रोशना, डिल्ली महत, देवीलाल थापा, तीर्थबहादुर बुढा, मदन भट्ट, लालबहादुर थापा, जीतबहादुर के.सी., नारायण, कृष्ण, गङ्गा, प्रेमप्रसाद, हिरामान जोशी, अमर बम, गोरखबहादुर काउ, दीपक, बाबुकाजी, धर्मराज, खिला ओझा, सरस्वती क्षत्री, सुजान, शारदा, गोपाल काफ्ले, महाशङ्कर देवकोटा, र सुदीपजस्ता पात्र गौण पात्रको रूपमा आएका छन् । यी पात्रहरू कृतिको कथानकमा निमेषभरका लागि

देखिएर त्यसै समयमा अलप भएका छन् । यिनीहरूको खासै कुनै प्रभाव कथानक तथा कृतिमा परेको छैन । आकस्मिक रूपमा आएर तत्क्षण हराउने हुनाले यस्ता पात्रहरू नेपथ्य रूपमा मात्र प्रस्तुत भएका छन् । यस्ता पात्रहरूलाई कथानकबाट हटाएमा पनि कथानकमा कुनै प्रभाव नपर्ने हुनाले यिनीहरू गौण र नेपथ्य पात्रको रूपमा मान्न सकिन्छ ।

तालिका सङ्ख्या १, *पात्रहरूको वर्गीकरण*

| वर्गीकरणको आधार | लिङ्ग | | कार्य | | | प्रवृत्ति | | स्वभाव | | जीवन चेतना | | आशन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पात्रहरू | पुरुष | स्त्री | प्रमुख | सहायक | गौण | अनुकूल | प्रतिकूल | गतिशील | स्थिर | वर्गीय | व्यक्तिगत | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| म | | + | + | | | + | | | + | + | | + | | + | |
| ब | + | | | + | | + | | | + | + | | + | | + | |
| आमा | | + | | + | | + | | | + | + | | + | | + | |
| सुनिल दाइ | + | - | | + | | + | | | + | + | | + | | + | |
| गोमा भाउजू | | + | | + | | + | | | + | + | | + | | + | |
| हजुरआमा | | + | | + | | + | | | + | + | | + | | + | |
| तारा नेपाली | | + | | | + | + | | | + | + | | | + | | + |
| भानु | + | - | | | + | + | | | + | + | | + | | | + |
| ठूली दिदी | | + | | | + | + | | | + | + | | | + | | + |
| बहिनी | | + | | | + | + | | | + | | + | | + | | + |

स्रोत : खलंगामा हमला कृति

(नोट : उल्लिखित तालिकामा पात्रहरूको भूमिकालाई (+) चिह्नले पात्रको भूमिकालाई सकारात्मक सङ्केत गरेको छ ।)

## सारांश

यस अध्यायमा कृतिको पात्रहरूको वर्गीकरण गरिएको छ । जसमा प्रमुख सहायक र गौण पात्रहरूलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, मञ्चीय र आबद्धताका आधारमा वर्गीकरण गरिएको छ । म पात्रको वरिपरि कथानक घुमेको हुनाले प्रमुख पात्रको रूपमा म पात्र आएको छ भने कृतिको सुरुदेखि अन्त्यसम्म आए तापनि कृतिमा भूमिका कम भएकोले सहायक पात्रको रूपमा म पात्रका बाआमा, सुनिल दाइ, गोमा भाउजू, हजुरआमा, तारा नेपाली, भानु, ठूलीदिदी, बहिनी सम्झनालगायत आएका छन् । यिनीहरूले पनि कथानकलाई अगाडि बढाउन र कृतिको प्रमुख पात्र (म पात्र) को कार्यव्यापारलाई अगाडि बढाउन सहयोग गरेका छन् । कृतिमा रोशना, डिल्ली महत, देवीलाल थापा, तीर्थबहादुर बुढा, मदन भट्ट, लालबहादुर थापा, जीतबहादुर के.सी., नारायण, कृष्ण, गङ्गा, प्रेमप्रसाद, हिरामान जोशी, अमर बम, गोरखबहादुर काउ, दीपक, बाबुकाजी, धर्मराज, खिला ओझा, सरस्वती क्षत्री, सुजान, शारदा, गोपाल काफ्ले, महाशङ्कर देवकोटा, र सुदीपजस्ता पात्र गौण पात्रको रूपमा आएका छन् । यिनीहरूको कथानकमा खासै ठूलो भूमिका रहेको छैन भने प्रमुख पात्र तथा सहायक पात्रलाई कथानकमा अगाडि बढाउन प्रभावकारी कार्य गर्न सकेका छैनन् ।

# अध्याय छ
## *खलंगामा हमला* कृतिको भाषिक विश्लेषण

कृतिकारले आफ्नो कृतिलाई उत्कृष्ट बनाउन केकस्ता शब्दहरू चयन गर्ने भन्ने खुबी राख्नुपर्दछ, जस्तो शब्द वा वाक्यको आवश्यकता हुन्छ त्यस्तै शब्द वा वाक्य आदि छनोट गर्नाले कृति उत्कृष्ट बन्न जान्छ । कृतिलाई उखानटुक्का, व्याकरणिक, अर्थतात्त्विक र कोशीय विचलनजस्ता विचलनका माध्यमले सुमधुर र मिठासपूर्ण भाषिक कला निर्माण हुने भएकाले कृतिको सौन्दर्य बढ्न जान्छ । कृतिमा शब्द वा वाक्य अथवा तिनको पुनरावृत्तिबाट अझै सौन्दर्य बढाउने गर्दछ । यिनीहरू बाह्य र आन्तरिक समानान्तरताका नामले चिनिन्छन् । यस अध्ययनमा विवेच्य कृति *खलंगामा हमला*मा प्रयोग भएका शब्द, वाक्य र तिनको अभिव्यक्तिलाई चयन, विचलन र समानान्तरताका आधारमा विश्लेषण गरिएको छ ।

### चयन

साहित्यका विविध विधामा कलम चलाउने कृतिकारहरूले आफ्ना कृतिमा प्रयुक्त भएका भाषामा रहेका विविधतामध्ये कुनै एकको चयन गरेको हुन्छ । विवेच्य कृति *खलंगामा हमला* (२०६९) मा रहेका भाषिक चयनका साक्ष्यहरू निम्नलिखित छन् :

**तत्सम शब्द चयन**

यस कृतिमा संस्कृत भाषाबाट जस्ताको तस्तै आएका तत्सम शब्दहरूको प्रयोग भएको छ, जसमध्ये केही उदाहरणहरू निम्न रहेका छन् :

“केटो मान्छेको <u>शव</u> रहेछ” (पृ. ५) । प्रस्तुत वाक्यमा शव शब्द संस्कृत भाषाबाट ल्याई प्रयोग गरिएको छ । “मेरा पाइला जति अघि बढ्थे, चार महिनाअघिका भयावह <u>क्षण</u> मेरो आँखाअगाडि टपक्क टाँसिन पुग्थे” (पृ. ५) । यस वाक्यमा क्षण शब्द तत्सम शब्दको रूपमा चयन गरिएको छ । “<u>करुणा</u> भित्रैबाट छचल्किरहेजस्तो” (पृ. ६) । यस वाक्यमा करुणा शब्द तत्सम शब्दको रूपमा यस कृतिमा चयन भएको छ । “उहाँ आफै जतिसुकै ठूलो हिसाब <u>मुखाग्र</u> गर्न सक्नुहुन्थ्यो” (पृ. ९) । प्रस्तुत वाक्यमा मुखाग्र तत्सम शब्दलाई चयन गरिएको छ । “त्यसैले पहिलोचोटि आफ्नो <u>नियम</u> आफै तोडेर रोशनालाई जाऊँ हिँड भनेकी थिएँ” (पृ. ६६) । प्रस्तुत वाक्यमा नियम तत्सम शब्द भएकोले चयन गरिएको छ ।

"भित्र छिर्दा पनि मुल ढोकाको प्रयोग गरिनँ" (पृ. ११३) । यस वाक्यमा मूल शब्द तत्सम शब्द भएको हुनाले साहित्यकारले चयन गरी कृतिलाई उत्कृष्ट बनाउने काम गरेका छन् । यस्तै अरू तत्सम् शब्दहरू पनि प्रयोग भएको पाउन सकिन्छ ।

**तद्भव शब्द चयन**

"कसैको आवाज नसुन्दा कति आत्तियो होला" (पृ. ७) । यस वाक्यमा साहित्यकारले आवाज शब्दलाई तद्भव शब्दको रूपमा चयन गरेका छन् । "आमा आँखा तर्नुहुन्थ्यो" (पृ. १०) । प्रस्तुत वाक्यमा आखाँ शब्दलाई तद्भव शब्दको रूपमा यहाँ चयन गरिएको छ । "एकदिन घर र दुनियाँबाट दिक्दार लाग्यो रे" (पृ. ११) । यस वाक्यमा एक भन्ने शब्द तद्भव शब्दको रूपमा आई चयन भएको छ । "कहिले झाडापखालाले मान्छे मरिरहेका हुन्छन्" (पृ. २०) । यस वाक्यमा मान्छे शब्द तद्भव शब्दको रूपमा आई चयन भएको छ । "जिन्दगीमा कुकुर भएर बाँचेपछि यस्तै हुन्छ" (पृ. १२७) । यस वाक्यमा जिन्दगी शब्द तद्भव शब्दको रूपमा चयन गरिएको छ । मूल शब्द संस्कृत भएपनि प्रयोगका सन्दर्भमा परिवर्तित भई नेपालीकृत भएका शब्दहरू यस कृतिमा प्रयोग भएका छन् । यस्तै अरू पनि तद्भव शब्दको प्रयोगले कृति उत्कृष्ट बन्न पुगेको छ ।

**आगन्तुक शब्द चयन**

संस्कृत स्रोतभन्दा बाहिर अन्य भाषाबाट नेपालीमा आई प्रयोग भएका शब्द यस कृतिमा प्रयोग भएका छन् । जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

"निलो ट्र्याकसुट लगाएको" (पृ. ५) । यस वाक्यमा रेखाङ्कित शब्द संस्कृत भाषाभन्दा अन्य भाषाबाट आएको हुँदा आगन्तुक शब्दको रूपमा चयन गरिएको छ । "कुनै बेला कम्प्युटर खोल्न नजानेर वाल्ल परेकी थिएँ म" (पृ. १४) । यस वाक्यमा रेखाङ्कित शब्द आगन्तुक शब्दको रूपमा आई चयन भएको छ । "जाजरकोटबाट ल्याइएका झाडापखालाका बिरामीदेखि सर्लाहीबाट आएका इन्सेफलाइटिसका बिरामीसँग भेट हुन्छ" (पृ. १४) । प्रस्तुत वाक्यमा रेखाङ्कित शब्द आगन्तुक शब्दको रूपमा आई चयन भएको छ । "उहाँले हेलिकोप्टरको टिकट लिने छड्के बाटो देखाइदिनु भयो" (पृ. २१) । यस वाक्यमा रेखाङ्कित शब्द आगन्तुक शब्दको रूपमा प्रयोग गरिएको छ । "हरेक चारपाँच मिनेटमा फायरिङ मत्थर हुन्थ्यो" (पृ. ६८) । यस वाक्यमा प्रयोग भएको रेखाङ्कित शब्द आगन्तुक शब्दको रूपमा चयन भएको छ । "पहिलेजस्तो सोझै ल्यान्ड गरेन" (पृ. ७६) ।

रेखाङ्कित शब्द आगन्तुक शब्दको रूपमा चयन गरिएको छ। यस्तै अन्य आगन्तुक शब्दको प्रयोगले कृतिमा रोचकता थपेको पाउन सकिन्छ।

**झर्रा र अनुकरणात्मक शब्द चयन**

यस कृतिमा निम्नानुसारका झर्रा शब्दको चयन गरिएको छ :

"स्कुल जान नपाएको र पढ्नलेख्न नजानेकोमा सधैँ थक्थकाउने मेरी आमा पछि प्रौढ कक्षामा भर्ना हुनुभयो" (पृ. १७)। यस वाक्यमा रेखाङ्कित शब्द झर्रा शब्दको रूपमा चयन गरिएको पाइन्छ। "अनुहार ठुस्स पार्थिनन्" (पृ. २७)। प्रस्तुत वाक्यमा रेखाङ्कित शब्द झर्रा शब्दको रूपमा चयन भएको छ। "रुन्चे स्वरमा भनिन् गली गली दिदी बिरामी सिरियस छ" (पृ. २८)। यस वाक्यमा प्रयोग भएको रेखाङ्कित शब्द झर्रा शब्दको रूपमा प्रयोग भएको छ। "द्वन्द्वको बेला चिसो मन लिएर कोठामा धुमधुमती एक्लै बस्नु परेन" (पृ. ४०)। यस वाक्यमा रेखाङ्कित शब्द अनुकरणात्मक शब्दको रूपमा प्रयोग भएको छ। "जिउ कर्कर्ती दुःखिरहेको थियो" (पृ. ७६)। यस वाक्यमा रेखाङ्कित शब्द अनुकरणात्मक शब्दको रूपमा प्रयोग भएका छन्। यस्तै अन्य झर्रा शब्दको प्रयोगले कृतिमा सौन्दर्यता बढाएको छ।

**नामपदको चयन**

यस कृतिमा निम्नानुसारका नामपदको चयन गरिएको छ :

"यो विषय छनोट जुम्ला जाने तयारीकै प्रारम्भ थियो" (पृ. १८)। प्रस्तुत रेखाङ्कित शब्द स्थानवाचक नामको रूपमा चयन भएको छ। "मसँग जुम्लाको एभरेष्ट होटलका प्रोपाइटर सुनिल शर्मा दाइको फोन नम्बर थियो" (पृ. २१)। यस वाक्यमा सुनिल शब्द व्यक्तिवाचक नामको रूपमा चयन भएको छ। "यार्चागुम्बा त जुम्लाको सुन भइहाल्यो" (पृ. ३७)। यस वाक्यमा सुन शब्द द्रव्यवाचक नामको रूपमा चयन भएको छ। "उहाँको खुसी देखेर मन त्यसै भरिएर आउँथ्यो" (पृ. ४१)। प्रस्तुत वाक्यमा खुसी शब्द भाववाचक नामको रूपमा चयन भएको छ। "अस्पतालका हरेक कोठा मेरा आँखामा नाच्न थाले" (पृ. ६६)। यस वाक्यमा रेखाङ्कित शब्द नामपदको रूपमा चयन भएको छ। यस्तै विभिन्न प्रकारका नामपदको प्रयोगले कृति उत्कृष्ट बनेको छ।

**सर्वनाम पदको चयन**

नामको बारम्बार पुनरावृत्तिले वाक्यमा खल्लोपना ल्याउने भएकाले मिठास र आकर्षणका निम्ति सर्वनामको प्रयोग गरिन्छ। यस कृतिमा निम्नानुसारका सर्वनामको प्रयोग गरिएको छ :

"म दोधारमा परेँ" (पृ. ४)। यस वाक्यमा रेखाङ्कित शब्द सर्वनामको रूपमा चयन भएको छ। "हामी पाँच दिदीबहिनी छौँ" (पृ. ११)। यस वाक्यमा रेखाङ्कित शब्द सर्वनामको रूपमा चयन भएको छ। "मैले जुम्ला जाने कागजमा हस्ताक्षर गरेँ" (पृ. १९)। प्रस्तुत वाक्यमा मैले भन्ने शब्द सर्वनामको रूपमा चयन भएको छ। "ती बालिका करिब दुई महिना अस्पताल बसेर निको भएर गइन्" (पृ. १५)। यस वाक्यमा ती शब्द सर्वनाको रूपमा चयन भएको छ। "उनी एउटा हातले जालीढोका ठेलेर उभिरहेकी थिइन्" (पृ.२८)। यस वाक्यमा उनी शब्द सर्वनामको रूपमा चयन भएको छ। "यो मेरो आशा होइन विश्वास हो" (पृ. ३८)। यस वाक्यमा यो मेरो भन्ने शब्द सर्वनामको रूपमा चयन भएको छ। बारम्बार नामको प्रयोगले कृतिमा मिठास नआउने भएकाले यस्तै अन्य धेरै सर्वनामको प्रयोगले कृतिमा मिठास ल्याएको छ।

**विशेषण पदको चयन**

कुनै व्यक्ति, वस्तु वा स्थानको गुण, दोष, मात्रा, अवस्था आदि बुझाउन विशेषण शब्दको प्रयोग हुने गर्दछ। यस कृतिमा निम्नानुसारका विशेषण शब्दको प्रयोग गरिएको छ :

"आखिरमा दुईजना केटाकेटीले मिलेर बोक्ने सहमति गरे" (पृ. २३) यस वाक्यमा रेखाङ्कित शब्द सङ्ख्याबोधक विशेषणको रूपमा चयन भएको छ। "उनीहरूले कति पुस्तादेखि कतिथोक माग्दै आए होलान्" (पृ. ३३)। यस वाक्यमा रेखाङ्कित शब्द सार्वनामिक विशेषणको रूपमा चयन गरिएको छ। "घर-घर घुम्ने क्रममा अधिकांश महिला जनावरको जिन्दगी बाँचिरहेको मैले देखेँ" (पृ.३५)। यस वाक्यमा रेखाङ्कित शब्द परिमाणबोधक विशेषणका रूपमा चयन गरिएको छ। "त्यस दिन किन हो डर लाग्यो" पृ. ६२)। यस वाक्यमा रेखाङ्कित शब्द विशेषणको रूपमा प्रयोग भएको छ। "कमान्डर भलाद्मी भए त जनताको ज्यान जोगाइदिने रहेछन्, उहाँले यही कुरा दसचोटि सुनाउनुभयो" (पृ. ८१)। यस वाक्यमा रेखाङ्कित शब्द सङ्ख्याबोधक विशेषणको रूपमा प्रयोग गरिएको छ। "त्यसयता सानोठूलो वर्षेनी कार्यक्रम भइरहेको थियो" (पृ. १२१)। यस

वाक्यमा रेखाङ्कित शब्द गुणबोधक विशेषणको रूपमा चयन भएको छ। विशेषणले वाक्यमा सुमधुरता प्रदान गर्ने हुँदा यस कृतिमा पनि विशेषण शब्दले सुमधुरता प्रदान गरेको पाउन सकिन्छ।

**क्रियापदको चयन**

यस कृतिमा छनोट गरिएका क्रियापदहरू निम्न रहेका छन् :

"म पनि दिनदिनै आफूलाई तिखार्दै थिएँ" (पृ. १४)। प्रस्तुत वाक्यमा रेखाङ्कित शब्द क्रियापदको रूपमा चयन भएको छ। "म दिनहुँ उनलाई भेटेरमात्र आफ्नो काममा लाग्थेँ" (पृ. १५)। यस वाक्यमा रेखाङ्कित शब्द क्रियापदको रूपमा चयन भएको छ। "यी प्रश्नले पनि मेरो मुटु छियाछिया पारे" (पृ. १७)। यस वाक्यमा रेखाङ्कित शब्द क्रियापदको रूपमा प्रयोग भएको छ। "मैले एक्लै भए पनि जुम्ला उक्लिने निधो गरेँ" (पृ. २१)। यस वाक्यमा रेखाङ्कित शब्द क्रियापदको रूपमा प्रयोग भएको छ। "मन भावुक भएर आयो" (पृ. ९४)। प्रस्तुत वाक्यमा रेखाङ्कित शब्द क्रियापदको रूपमा चयन भएको छ। क्रियापदबाट वाक्यात्मक संरचनाले पूर्णता पाउँछ। अन्य यस्तै क्रियापदको प्रयोगले कृतिमा प्रयुक्त वाक्यलाई पुरा गर्ने काम गरेको छ।

**क्रियाविशेषण पदको चयन**

यस कृतिमा निम्न क्रियाविशेषणको चयन गरिएको छ :

"मैले बालाई सोध्न छाडिसकेकी थिएँ, बा हामी गरिब छौँ है ?" (पृ. १८)। यस वाक्यमा गरिब शब्द क्रियाविशेषणको रूपमा चयन भएको छ। "कतिले धेरै दिन टिक्न सक्दिन भने" (पृ. २०)। प्रस्तुत वाक्यमा टिक्न शब्द क्रियाविशेषणको रूपमा प्रयोग भएको छ। "मलाई उनको कुरा सुनेर सारै नमज्जा लाग्यो" (पृ. २१)। यस वाक्यमा नमज्जा शब्द क्रियाविशेषण भएर प्रयोग भएको छ। "म निकै भाग्यमानी हुँ" (पृ. २५)। यस वाक्यमा भाग्यमानी शब्द क्रियाविशेषण भएर प्रयोग भएको छ। "उनीहरूले कति पुस्तादेखि कतिथोक माग्दै आए होलान्" (पृ. ३३)। प्रस्तुत वाक्यमा कतिथोक शब्द क्रियाविशेषणको रूपमा आएको छ। यस्तै अन्य क्रियाविशेषणको प्रयोगले कृतिलाई उत्कृष्ट बनाएको पाउन सकिन्छ।

**निपातपदको चयन**

यस कृतिमा निम्नलिखित केही निपातहरूको चयन गरिएको छ :

'अनि के भो त ?' (पृ. २) । प्रस्तुत वाक्यमा रेखाङ्कित शब्द निपातको रूपमा प्रयोग भई वाक्यमा रसिलोपना ल्याएको छ । "तपाई ढुक्क हुनुस्, उहाँले आडभर दिदैं भन्नुभयो, यहाँ हामी छँदै छौं नि" (पृ. ४) । यस वाक्यममा रेखाङ्कित शब्द निपातको रूपमा प्रयोग भएको छ । "सर त हैन क्यारे !" (पृ. ९) । यस वाक्यमा रेखाङ्कित शब्द निपातको रूपमा आएको छ जसले गर्दा वाक्यमा मिठासपना ल्याएको छ । "एक दिन घर र दुनियाँबाट दिक्दार लाग्यो रे" (पृ. ११) । प्रस्तुत वाक्यमा रेखाङ्कित शब्द निपातको रूपमा प्रयोग भएको छ । "म दुःखी भनेको त यो ठाउँ पो दुःखी रहेछ" (पृ. २५) । यस वाक्यमा रेखाङ्कित शब्द निपातको रूपमा चयन भएको छ । कृतिमा रहेको भावलाई मिठास पार्न र वाक्यमा रसिलोपना ल्याउन निपातको प्रयोग गरिएको छ । उल्लिखित रेखाङ्कित निपातको प्रयोगले कृतिमा मिठास ल्याउने काम गरेको छ ।

**विस्मयादिबोधक चिह्नको चयन**

मानिसका मनमा भएका हर्ष, विस्मात, दुःख, आश्चर्य, घृणाजस्ता संवेदनात्मक व्यवहारलाई स्पष्ट पार्न विस्मयादिबोधक चिह्नको प्रयोग गरिन्छ । यस्ता चिह्नले व्यक्तिका मनोदशाहरूको उद्घाटनमा महत्त्वपूर्ण भूमिका खेल्दछन् जुन निम्नानुसार रहेका छन् :

"आम्मामामा ! हामीभन्दा गरिब !" (पृ. ८) । यस वाक्यमा हामीभन्दा पनि गरिब हन्छन् र भनेर अचम्मको भाव व्यक्त गरिएको छ । "आम्मामामा ! ... महिलाहरूको यस्तो दुर्दशा" (पृ. १७) । महिलाहरूको यस्तो दुर्दशा पनि हुँदोरहेछ भनेर अचम्मको भाव व्यक्त गरिएको छ । "दुर्भाग्य ! जहाज उडिसकेछ" (पृ. २९) । यस वाक्यमा जहाज उडिसकेछ भनेर दु.खको भाव व्यक्त गरिएको छ । "ओहो ! राधाजी तपाई फर्कनु भो !" (पृ. ११६) । यस वाक्यमा म पात्र फेरि जुम्ला नै फर्किएकोमा जुम्ला एयरपोर्टका प्रमुखले अचम्मको भाव व्यक्त गरेका छन् । यस्तै अन्य वाक्यमा विस्यादिबोधक चिह्नको प्रयोग भएको छ । यस्तै धेरै विस्मयादिबोधक चिह्नको प्रयोगले कृतिलाई रोचक बनाउनुको साथै कृतिको रौनक बढाएको पाउन सकिन्छ ।

**प्रतीकात्मक वा सङ्केतात्मक शब्दको चयन**

यस कृतिमा रहेका केही प्रतीकात्मक वा सङ्केतात्मक शब्दको प्रयोग निम्नानुसार गरिएको छ :

"उनले भनेका थिए रे, कहिलेकाहीँ असल नतिजाको निम्ति पनि गलत बाटो स्वीकार्य हुन्छ" (पृ. २२) । यस वाक्यले सोझो रूपबाट नबताई प्रतीकात्मक शब्दको प्रयोग गरेर भाव व्यक्त गरेका छन् । "सायद वर्षौंदेखिको अँध्यारोले व्यग्र मन भुलाउन होकी, चुइगम अति नै रुचाउँदा रहेछन्" (पृ. ३६) । प्रस्तुत वाक्य प्रतीकात्मक वाक्यको रूपमा प्रयोग भएको छ । "कालो बादलमा चाँदीको घेरा भनेझैँ गरिबी, अशिक्षा, भोक, रोग, रुढीवाद र सामन्ती संस्कारले थिलोथिलो पारेको जुम्लालाई प्रकृतिले भने आफ्नो झोली नै फुकाइदिएकी छन्" (पृ. ३७) । यस वाक्यमा कालो बादलमा चाँदीको घेरा भनेर प्रकृतिले दिएको अमूल्य सम्पतिलाई सङ्केत गरेको छ । "जुम्लामा हामी बाहिरबाट आएकालाई छेड हान्दै भन्ने गरिन्छ, जाउँला जुम्ला ल्याउँला कुम्ला" (पृ. ३८) । यस वाक्यमा जाउँला जुम्ला ल्याउँला कुम्ला भनेर जुम्ला गई जडिबुटी कुम्लाएर ल्याउने तर जुम्लाका मानिसलाई जडिबुटीको बारेमा नभनी अन्धकारमा नै राख्न खोज्ने सामन्ती परम्परालाई सङ्केत गरेको छ । "सोच्थेँ, यस्ता कति तारा चम्किनुअघि नै अस्ताए होलान् जुम्लामा" (पृ. ४१) । यस वाक्यमा प्रतीकात्मक शब्दको रूपमा चयन भएका छन् । प्रतीकात्मक वा सङ्केतात्मक प्रयोगबाट व्यञ्जनात्मक अर्थ प्रकट भएको हुँदा वाक्यमा मिठासपन आएको छ ।

**वाक्य चयन**

लेखकले आफ्नो विचारलाई प्रष्ट्याउनको लागि एक शब्दको वाक्यदेखि लिएर धेरै लामालामा वाक्यहरूको प्रयोग र सरल, संयुक्त र मिश्र वाक्यको चयन गरेका छन् । यस कृतिमा निम्न वाक्यको प्रयोग गरिएको पाइन्छ :

"फेरि टोलाउँथे" (पृ. ९) । साहित्यकारले दुई शब्दे वाक्यको चयन गरेर संवादलाई छोटो बनाएका छन् । "आमा आँखा तर्नुहुन्थ्यो" (पृ. १०) । यसमा तीन शब्दे वाक्यलाई प्रयोग गरी वाक्यलाई सरल रूपमा प्रस्तुत गरेका छन् । "हातै धुन नसक्ने गरिब ?" (पृ. १३) । यस वाक्य पनि छोटो वाक्यको रूपमा चयन गरेका छन् । "किनकि, यहाँ मभन्दा गरिब मान्छे बस्छन्" (पृ. ३०) । साहित्यकारले क्रमशः लामा वाक्यको चयन गरेको पाइन्छ । "भेँडाको रौँबाट बुनेको बाक्लो रैथाने कपडा भने बजारतिर कमै देखिन्छ" (पृ. ३४) । यस

वाक्यको चयनले कृति सरल बनेको पाउन सकिन्छ । “किनकि, जतिजति यहाँ बस्दै गएँ, जतिजति भिज्दै गएँ, त्यतित्यति मलाई बोध भयो जुम्ला गरिब भनेको त कहाँ पाएर गरिब हुनु ? यो त धनी हो नेपालकै धनी” (पृ. ३८) । प्रस्तुत वाक्यमा साहित्यकारले लामो वाक्यको चयन गरेको देखिन्छ । “म दोधारमा परेँ” (पृ. ४) । यस वाक्यमा सरल वाक्यको प्रयोग गरेको पाइन्छ । “जति सिकिस्त भए पनि अस्पताल आउनै मान्दैनन्” (पृ. ३५) । प्रस्तुत वाक्यमा रेखाङ्कित शब्दले वाक्यलाई जोड्ने काम गरेको हुँदा संयुक्त वाक्य बनेको छ । “जब त्रासको कुनै विकल्प हुँदैन, तब एउटै चिजको गुञ्जायस रहन्छ - साहस” (पृ. ९१) । प्रस्तुत वाक्यमा रेखाङ्कित शब्दले एउटा स्वतन्त्र वाक्य र अर्को आश्रित वाक्यलाई संयोजन गरेको हुँदा मिश्र वाक्य बनेको छ । यसरी कृतिकारले सरल, संयुक्त र मिश्र वाक्यको प्रयोग गरेर कृतिलाई सरल र बोधगम्य बनाएका छन् । त्यस्तै वाक्यमा दुई शब्दे वाक्यदेखि लिएर लामालामा वाक्यहरूको प्रयोग गरिएको छ । प्रस्तुत कृतिमा धेरै लामा वाक्यको प्रयोग थोरै मात्र प्रयोग गरिएको र प्रायः थोरै शब्दको प्रयोग भएका वाक्यहरूको धेरै प्रयोग गरिएको हुनाले कृति पढ्नलाई सरल र सहज भएको पाउन सकिन्छ ।

**विराम चिह्नको चयन**

विराम चिह्नको प्रयोगले अनावश्यक लामालामा वाक्य पढ्नुपर्ने झन्झटबाट छुटकारा मिल्छ । कृतिमा यसको लागिमात्र नभई उच्चारणका क्रममा आएको रोकावटलाई पनि सङ्केत गर्न यसको प्रयोग गरिन्छ । यस कृतिमा विराम चिह्नको प्रयोग भएका केही वाक्यहरू निम्नानुसार रहेका छन् :

“अफिसको हाकिमसँग जुम्ला जाँदा सात महिना बसेको थिएँ, २०१७ सालमा...” (पृ. १३) । प्रस्तुत वाक्यमा वाक्य पुरा नभएकोले अपूर्णता चिह्नको प्रयोग गरिएको छ । “आम्मामामा...! महिलाहरूको यस्तो दुर्दशा” (पृ. १७) । यस वाक्यमा म पात्रले अचम्मको भाव व्यक्त गरेको हुनाले विस्मयविराम चिह्नको प्रयोग भएको छ । “आज म उनीहरूलाई सोध्न चाहन्छु, के त्यहाँ जुम्ला छ ?” (पृ. २५) । यस वाक्यमा म पात्रले अरूसँग ‘के त्यहाँ जुम्ला छ ?’ भनेर प्रश्न सोध्न चाहन्छु भनेको हुँदा प्रश्न चिह्नको प्रयोग भएको छ । “उनीहरूलाई त्यस्तै हुँदो रहेछ” (पृ. ५१) । प्रस्तुत वाक्यमा वाक्य टुङ्गिएको हुनाले पूर्णविराम चिह्नको प्रयोग भएको छ । “के-के होला, हेर्दै जाउँ न” (पृ. ५९) । यस वाक्यमा योजक चिह्नको प्रयोग भएको छ । वाक्यमा अपूर्णता चिह्न, विस्मयविराम, प्रश्नविराम,

पूर्णविराम, अल्पविरामजस्ता चिह्नको प्रयोग गरिएको छ । यस्तै अन्य चिह्नले कृतिको सौन्दर्यता बढाएको छ ।

**टुक्काको चयन**

कृतिलाई आकर्षक बनाउनको लागि साहित्यकारले टुक्काको प्रयोग गरेको पाइन्छ । जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

"कालो बादलमा चाँदीको घेरा भनेझैँ गरिबी, अशिक्षा..." (पृ. ३७) । यस वाक्यमा रेखाङ्कित शब्दहरूको रूपमा टुक्काको प्रयोग गरिएको छ । "जुम्लामा हामी बाहिरबाट आएकालाई छेड हान्दै भन्ने गरिन्छ, जाउँला जुम्ला, ल्याउँला कुम्ला ..." (पृ. ३८) । प्रस्तुत वाक्यमा रेखाङ्कित शब्दहरू टुक्काको रूपमा प्रयोग भएको छ । यस्ता टुक्काको प्रयोग गरेर कृतिकारले कृतिलाई आकर्षक र सुललित बनाएको पाउन सकिन्छ । कृतिमा यस्ता टुक्काको प्रयोग सहज रूपमा आएका छन् ।

**प्रश्न चिह्नको चयन**

कसैसँग आफ्नो जिज्ञासा प्रकट गर्ने क्रममा प्रश्न चिह्नको प्रयोग गरिन्छ । संवादका क्रममा विभिन्न किसिमका प्रश्नात्मक वाक्यहरू प्रयोग गर्ने गरिन्छ । यस कृतिमा प्रयोग भएका प्रश्नात्मक वाक्यहरू निम्नानुसार रहेका छन् :

'पढ्न नि पाउँदैनन् ?' (पृ. ८) । यस वाक्यमा पढ्न नि पाउँदैनन् भनेर म पात्रले आफ्नो बालाई प्रश्न सोधेको हुनाले प्रश्नचिह्नको प्रयोग गरिएको छ । "राम्ररी सुत्केरी नगराउँदा कति बच्चाले आँखै खोल्न पाएनन् होला ?" (पृ. १७) । प्रस्तुत वाक्यमा राम्रोसँग सुत्केरी नगराउँदा कति बच्चाको ज्यान गयो होला भनेर प्रश्नवाचक चिह्न खडा भएको छ । "नाउँ के हो ?" (पृ. २३) । यस वाक्यमा म पात्र जुम्ला जादाँ त्यहाँको बच्चालाई नाउँ के हो भनेर प्रश्न सोधेको हुनाले प्रश्नचिह्नको प्रयोग गरिएको छ । "बाहिरको ठन्डीमा माओवादी लडाकु कसरी लडिरहेका होलान् ?" (पृ. ७०) । प्रस्तुत वाक्यमा यस्तो चिसोमा माओवादी लडाकु कसरी लडिरहेका होलान् भनेर म पात्रले आफैसँग प्रश्न सोधेकोले प्रश्नचिह्नको प्रयोग भएको छ । "तर, सोचेजस्तो कहाँ हुन्छ र ?" (पृ. ७३) । यस वाक्यमा सोचेजस्तो नहुने रहेछ भनेर म पात्रले आफैसँग प्रश्न सोधेको छ । सबै वाक्यमा

प्रश्नचिह्नको प्रयोग गरिएको छ । यस्तै अन्य धेरै प्रश्नचिह्नको प्रयोगले कृति संवादमय भएको पाउन सकिन्छ ।

## विचलनको प्रयोग

विवेच्य कृति *खलंगामा हमला*मा प्रयोग भएका भाषिक विचलनका साक्ष्यहरूलाई निम्नानुसार देखाउन सकिन्छ :

### कोशीय विचलन

"जुम्लामा एकाध विकासे संस्थाबाहेक महिला दिवस मनाउने जिम्मा महिला विकास शाखाको मात्र हो" (पृ. २) । यस वाक्यमा आएको विकासे शब्द विकास हुनुपर्नेमा विकासे भएको छ जसले मानक प्रचलित रूपलाई जनाएको हुनाले कोशीय विचलन भएको छ । "धेरैलाई डाक्टर वा नर्सिङ पढ्दा लागेको खर्च उठाउनकै ध्याउन्ना छ" (पृ. १७) । यस वाक्यमा ध्यान हुनुपर्नेमा ध्यायन्ना भएको छ जसले कोशीय विचलनलाई जनाउँछ । "नाउँ के हो ?" (पृ. २३) । यस वाक्यमा नाम हुनुपर्नेमा नाउँ भएर कोशीय विचलन आएको छ । "अनुहारबाट कहिल्यै घुम्चो हटाउने होइन" (पृ. ३५) । प्रस्तुत वाक्यमा घुम्टो हुनुपर्नेमा घुम्चो भएर कोशीय विचलन आएको छ । यस्ता अन्य कोशीय विचलनको प्रयोगले कृतिमा सौन्दर्यता बढाएका छन् ।

### व्याकरणिक विचलन

"कुनै बेला कम्प्युटर खोल्न नजानेर वाल्ल परेकी थिएँ म" (पृ. १४) । यस वाक्यमा कर्ता अन्तिममा आएर व्याकरणिक विचलन भएको छ । "हावा निस्कन्छ हामी बेहोस बनाउनेको" (पृ. १६) । यस वाक्यमा कर्ता र क्रिया बीचमा आएका छन् जसले गर्दा व्याकरणिक विचलन भएको पाउन सकिन्छ । "रित्तो म भएँ" (पृ. २९) । यस वाक्यमा कर्म सुरुमा र कर्ता बीचमा आएको हुनाले व्याकरणिक विचलन भएको छ । "यसको स्वाद निकै मिठो लाग्यो मलाई" (पृ. ३८) । यस वाक्यमा क्रिया बीचमा र कर्ता अन्तिममा आएको हुनाले व्याकरणिक विचलन भएको पाउन सकिन्छ । कृतिलाई आकर्षक, सुललित र पठनीय बनाउन व्याकरणिक विचलनको प्रयोग गरेर साहित्यकारले आफ्नो खुबी प्रस्तुत गरेको देखिन्छ ।

### अर्थtflŒjक विचलन

"कानमा नदी सुसाइरहेको थिएन मेरो" (पृ. ५) । यस वाक्यमा प्रकृतिलाई चेतनशील बनाई प्रस्तुत गरिएको हुँदा अर्थतात्त्विक विचलन आएको छ । "अजंगका डाँडा छिचोल्दै कापकापबाट हुइँकिदा यस्तो भान भयो, म बाले कथा सुनाउनुभएका देवताको वायुपंखी घोडामा सवार छु" (पृ. २२) । यस वाक्यमा देवताको वायुपंखी घोडामा सवार छु भन्ने अभिव्यक्तिले देवतालाई मानवीकरण गरिएको हुनाले अर्थतात्त्विक विचलन आएको छ । "यी पहाडका बीचमा आमाको सिउँदोजस्तो नदी बगिरहेको देख्दा झन्डै आँसु नआएको आमालाई सम्झेर" (पृ. २३) । यस वाक्यमा यी पहाडका बीचमा आमाको सिउँदोजस्तो नदी प्रसङ्गले प्रकृतिलाई मानवीकरण गरिएको हुनाले अर्थतात्त्विक विचलन आएको छ । "हरेक मान्छेलाई भेट्दा हाम्रो मन फूलजस्तो फक्रिन्थ्यो" (पृ. ४९) । यस वाक्यमा फूलजस्तो फक्रिन्थ्यो भन्नुले अर्थतात्त्विक विचलन ल्याएको छ । यसरी अन्य आर्थी विचलनद्वारा कृतिको गहिराइ र विचारलाई उत्कर्षमा पुऱ्याएको पाइन्छ ।

### ध्वनि प्रक्रियात्मक विचलन

यस कृतिमा ध्वनि प्रक्रियात्मक विचलन निम्नानुसार भएको छ :

"म त्यो कथा उधिन्न चाहन्थेँ" (पृ. ३) । यस वाक्यमा आएको उधिन्न शब्द बोलाइमा आए पनि लेख्य रूप होइन । उन्न शब्दलाई उधिन्न बनाएर साहित्यकारले ध्वनि प्रक्रियात्मक विचलन गराएका छन् । "मैले उतिन्खेरै अठोट गरे" (पृ. ३०) । यस वाक्यमा पनि उतिखेरै हुनुपर्नेमा उतिन्खेरै बनाएर भाषाको मानक रूपलाई फेरेको हुँदा ध्वनि प्रक्रियात्मक विचलन भएको छ । "यस्ता उत्सव गर्दा कर्फ्यु अगाडि नै भ्याउनू भन्ने प्रशासनको आदेश हुन्थ्यो" (पृ. ४९) । यस वाक्यमा सक्नु हुनुपर्नेमा भ्याउनू भएर ध्वनि प्रक्रियात्मक विचलन भएको छ । "यी वालखाले ओढेका कपडा छन्, त्यही दे भन्नुहुन्छ भने दिन्छु" (पृ. ८४) । यस वाक्यमा बालकले हुनुपर्नेमा वालखाले बनाएर साहित्यकारले ध्वनि प्रक्रियात्मक विचलन गराएका छन् । यस्ता अन्य ध्वनि विचलनले उच्चारणलाई सहज बनाएर पाठकलाई श्रुतिमधुरता थपिदिएको छ ।

### भाषिका विचलन

"तुमि पनि आफ्नो जागिर खाऊ, अनुभव लेऊ, जाऊ" (पृ. २६) । यस वाक्यमा तुमि शब्दले स्थानीय रूपमा प्रयोग हुने शब्दलाई जनाएको हुँदा मानक भाषामा विचलन

भएको छ । "रुन्चे स्वरमा भनिन् गली गली दिदी बिरामी सिरियस छ" (पृ. २८) । प्रस्तुत वाक्यमा गली गली शब्दको प्रयोगले भाषिक विचलन भएको छ । "तुमिन के गद्धा छौ ?" (पृ. ३४) । यस वाक्यमा तुमिन र गद्धा शब्द जुम्लाको स्थानीय रूपमा प्रयोग हुने भाषा भएकाले यहाँ भाषिक विचलन भएको छ । "नभए घरि सेनाले ञ्याखञ्याख्ती पार्ने डर, घरि माओवादी लडाकुको लठारो" (पृ. ४०) । यस वाक्यमा लठारो शब्दको प्रयोगले भाषिक विचलन ल्याएको छ । यस्तै अन्य भाषिका विशेषका शब्दलाई अग्रभूमिमा ल्याएर साहित्यकारले कृतिमा नवीनता दिने प्रयास गरेका छन् ।

**प्रयुक्ति विचलन**

"फेरि सोच्थेँ यो माओवादी लडाँइले त झन् धेरै तारा उदाउनै पाएनन्" (पृ. ४१) । यस वाक्यमा माओवादीको लडाँइले गर्दा युवा जनशक्ति हराएको कुरालाई धेरै तारा उदाउनै पाएनन् भनेर प्रयुक्तिगत विचलनलाई देखाइएको छ । "प्रत्येक बिहान सकुशल ब्युँझेपछि हामी फेरि एकअर्कालाई हेर्थ्यौं । मायालु पाराले सुम्सुम्याउँथ्यौं" (पृ. ४९) । यस वाक्यमा प्रत्येक रात जोखिमपूर्ण छन्, कति बेला के हुन्छ कसैलाई थाहा हुँदैन, सकुशल उठेपछिको कुरालाई एकअर्कालाई हेर्थ्यौं, मायालु पाराले सुम्सुमाउँथ्यौं भनेर प्रयुक्तिगत विचलन ल्याइएको छ । "जुम्ला पनि त हाम्रो शरीरकै अंग हो नि !" (पृ. १०७) । यस वाक्यमा हाम्रो शरीरका अङ्गहरू जति महत्त्वपूर्ण छन् जुम्ला जिल्ला पनि त्यत्तिकै महत्त्वपूर्ण छ भनेर जुम्ला जिल्लालाई देखाउन शरीरको अङ्ग भन्ने शब्द ल्याई प्रयुक्तिगत विचलन गराइएको छ । "सपक्क कोरिएको कपालको बीचमा सललल नदी बगेजस्तो" (पृ. १०७) । प्रस्तुत वाक्यमा कपालको सिउँदोलाई सललल नदी बगेजस्तो भन्ने शब्द ल्याई प्रयुक्तिगत विचलन गराइएको छ । "घडीमा एकएक सेकेन्ड फड्किँदा मलाई यस्तो लागिरहेको थियो, म भित्रभित्र रित्तिँदै छु । मेरो आत्मा शरीरबाट अलग्गिँदै छ" (पृ. १०८) । यस वाक्यमा म पात्रले द्वन्द्वको सामना गरी घर फर्किदा त्रासको अनुभव भएको समयलाई आत्मासँग जोडेर प्रयुक्तिगत विचलन गराइएको छ । "मभित्र एउटा ज्वालामुखी उम्लिरहेको छ र आँसुको रूपमा विष्फोट हुन चाहन्छ" (पृ. १०९) । प्रस्तुत वाक्यमा मनलाई बुझाउन ज्वालामुखी भन्ने शब्द ल्याई प्रयुक्तिगत विचलन गराइएको छ । प्रयुक्ति विचलनले कृतिको कथ्यलाई सशक्त बनाएको छ ।

## समानान्तरता

*खलंगामा हमला* कृतिमा समानान्तरताको प्रयोग निम्नानुसार भएको छ :

### आन्तरिक समानान्तरता

यस कृतिमा प्रयोग भएको आन्तरिक समानान्तरतालाई निम्नानुसार देखाउन सकिन्छ :

"सुरक्षा निकायले भने हामीलाई पखेटा काटिएको पन्छीझैं घरको पिजँडामा नै खुम्चाएर राख्ने सुर कस्यो" (पृ. ७७) । भन्ने वाक्यमा पखेटा काटिएको पन्छीझैँ भन्नु र पिजँडामा नै खुम्चाएर राख्ने भन्ने दुईवटा कुराले एउटै अभिप्रायलाई प्रस्तुत गरेका छन् । "तीनवटा यस्ता केस सामना गर्नुपर्‍यो जसले मेरो अन्तरआत्मालाई भित्रैदेखि हल्लाइदियो" (पृ. १५) । यस वाक्यमा अन्तरआत्मा र भित्रैदेखि भन्ने दुईवटा कुराले एउटै अभिप्राय प्रस्तुत गरेको हुनाले आन्तरिक समानान्तरता आएको छ । "नर्सको काम कस्तो हुँदोरहेछ भने उनीहरूको दुःखलाई एकदमै नजिकबाट हेर्नुपर्ने, महसुस गर्नुपर्ने, मल्हम लगाउनुपर्ने" (पृ. २३) । यस वाक्यमा नजिकबाट हेर्नुपर्ने, महसुस गर्नुपर्ने, मल्हम लगाउनुपर्ने भन्ने तीनवटा कुराले एउटै भावलाई प्रस्तुत गरेको हुनाले आन्तरिक समानान्तरता आएको छ । त्यस्तै अर्को वाक्य "हातखुट्टा बंग्याउँदै, खोच्याउँदै, अलिकति मुस्कान छर्दै मेरो छेउ आए" (पृ. २३) । यस वाक्यमा बंग्याउँदै र खोच्याउँदै शब्दले एउटै अभिप्राय अर्थात् हातखुट्टा बाङ्गो भएको अर्थ प्रदान गर्ने हुँदा आन्तरिक समानान्तरता आएको छ । यस्तै अन्य आन्तरिक समानान्तरताले कृतिको भावलाई अझ बढी अर्थ प्रदान गर्दै कृतिको सौन्दर्यलाई बढाएको छ ।

### बाह्य समानान्तरता

"सलक्क परेका सग्ला शव भेटिएछन्" (पृ. ६) । यस वाक्यमा सलक्क, सग्ला र शव शब्दमा 'स' वर्णको आवृत्ति भएको हुनाले बाह्य समानान्तरता पाइन्छ । "जाउँला जुम्ला ल्याउँला कुम्ला" (पृ. ३८) । यस वाक्यमा ध्वनि र वर्णको आवृत्ति भएको पाइन्छ । "अरुण...अरुण...भन्ने आवाज आयो" (पृ. ६३) । यस वाक्यमा अरुण...अरुण...भनेर शब्दको आवृत्ति भएको छ भने आवाज र आयो शब्दमा 'अ' वर्णको आवृत्ति भएको छ । यसरी पुनरावृत्ति भएर आएका शब्द र वर्णले कृतिको भाषामा सन्तुलन कायम गरेको देखिन्छ ।

## सारांश

यस अध्यायमा भाषिक आधारमा *खलंगामा हमला* कृतिको विश्लेषण गरिएको छ । चयनअन्तर्गत तत्सम, तद्भव शब्द चयन, आागन्तुक झर्रा तथा अनुकरणात्मक शब्दको चयन, नामपद, क्रिया, क्रियाविशेषण, सर्वनाम, विशेषणपद, क्रियापद, प्रतीकात्मक वा सङ्केतात्मक शब्दको चयन, वाक्यको चयन, विरामचिह्न, प्रश्नचिह्नको प्रयोग, विस्मयादिबोधक चिह्नजस्ता शब्दको चयन गरिएको छ भने विचलनअन्तर्गत कोशीय, व्याकरणिक, ध्वनिप्रक्रियात्मक, लेख्यप्रक्रियात्मक, अर्थतात्त्विक, भाषिक र प्रयुक्ति विचलनको प्रयोग गरिएको छ । त्यस्तैगरी समानान्तरताअन्तर्गत आन्तरिक र बाह्य समानान्तरताको प्रयोग गरिएको छ । उपयुक्त चयन र विचलनको प्रयोगले कृति उत्कृष्ट बन्न पुगेको छ । यस अध्यायमा यी सबै चयन र विचलनको विश्लेषण गरिएको छ ।

# अध्याय सात
# निष्कर्ष र उपादेयता

## निष्कर्ष

*खलंगामा हमला कृतिको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको प्रस्तुत शोधपत्रमा शोधको उद्देश्यअनुसार शैलीविज्ञानका विभिन्न कोणबाट विवेच्य कृतिको विश्लेषण गरिएको छ । *खलंगामा हमला* कृति पूर्वदीप्ति शैलीमा प्रस्तुत गरिएको छ । म पात्रको सेरोफेरोमा घटेका घटनालाई कृतिको आख्यानमा प्रस्तुत गरिएको छ । म पात्रका बाले जुम्लाको स्थितिको बारेमा म पात्रलाई भनेबाट कृतिको कथानक सुरु भएको छ । म पात्र बेलायत अन्तर्राष्ट्रिय विकास विभाग (डि.एफ.आइ.डि.) को सुरक्षित मातृत्व कार्यक्रमअन्तर्गत जुम्ला जिल्लालाई रोजी स्वास्थ्य अधिकृत भएर गई बिस्तारै त्यहाँका मान्छेहरूलाई स्वास्थ्य सेवाको तालिम दिनु, जुम्लाको स्वास्थ्य स्थिति, शिक्षा, राजनैतिक अवस्था र माओवादीले त्रसित गराएको जनजीवनसँग घुलमिल हुनु, साल अड्किएको सुत्केरीलाई बचाउन खोज्दाखोज्दै उसको ज्यान जानु, उक्त घटनाले गर्दा म पात्रले शल्यक्रिया कक्ष, रगत बैङ्कको व्यवस्था र आकस्मिक कोष खडा गर्ने निश्चय गर्नु, सो कार्यको लागि माओवादीको द्वन्द्वलाई सामना गरी सपना पुरा गर्नुजस्ता घटना आरम्भको रूपमा आएका छन् । म पात्र जुम्ला गई विस्तारै त्यहाँका डाक्टर, नर्सहरूलाई सुरक्षित मातृत्व सेवाको तालिम दिनु, जुम्लाको समाज, रहनसहन, चाडपर्व, महिलामाथि हुने दमन, शोषण, अत्याचार, धनी र गरिबबीचको खाडल, सामन्ती परम्परा, माओवादीले प्रत्येक जिल्लामा आक्रमण गरेका घटना, जुम्लालाई प्रकृतिले दिएको अमूल्य सम्पत्ति, जडिबुटीको खानी, म पात्र होटलमा बसे पनि होटलमा बसेको छु भन्ने अनुभव नहुनु, धुम्रपान र मद्यपानबाट ग्रसित स्थानीय बासिन्दाको जनजीवन यावत् घटनाहरू सङ्घर्ष विकासको रूपमा आएका छन् । त्यस्तै माओवादीले लक्षित गरेका दस जिल्लामध्ये अरू जिल्लामा आक्रमण गरिसक्यो र अब जुम्ला आक्रमणको तयारी गर्दैछ भन्ने हल्ला सुनिनु, म पात्रलाई एभरेष्ट होटल छाडेर काठमाडौँ फर्किनको लागि पत्र आउनु, २०५८ कार्तिक सत्ताइस गते जुम्लाको खलंगामा माओवादीले आक्रमण गर्नु, म पात्र, सुनिल दाइ, गोमा भाउजू, भानु, अन्य केटाकेटी र सर्वसाधारण धेरै आत्तिनु, उक्त आक्रमणमा सरकारी कार्यालय, राष्ट्रिय वाणिज्य बैङ्क, एयरपोर्ट, जुम्ला अस्पताल, शिक्षा कार्यालय, कैयौँ सर्वसाधारणका घर जलेर नष्ट हुनु, उक्त आक्रमणमा परी छयालिस जनाको ज्यान जानु,

माओवादी र सेनाको द्वन्द्वले जुम्लाबासीहरू त्रसित भएको घटनालाई यस कृतिमा चरम अवस्थाको रूपमा लिइएको छ । सङ्घर्ष ह्रासको रूपमा खलंगामा हमला गरेको पर्सिपल्ट म पात्रलाई लिन नेपालगञ्जबाट हेलिकोप्टर आउनु, म पात्र घर जानु, सबैजना म पात्रलाई देख्दा भावविह्वल हुनु, म पात्र द्वन्द्वमा स्वयम् भुक्तमान भएको हुँदा मानसिक तनावको लक्षण देखिनु, उनलाई मनोपरामर्शको जरुरत हुनुजस्ता यावत् घटनाहरू आएका छन् भने उपसंहारमा म पात्र फेरि जुम्लामा फर्किनु, माओवादीको द्वन्द्वले गर्दा रोकिएको निर्माण कार्य पुरा गर्नु, एक्सन वर्क्स नेपाल स्थापना गर्न सहयोग गर्नु, अमेरिकाको युनिभर्सिटी अफ स्यानडियागोले म पात्रलाई प्रभावित क्षेत्रमा काम गरेवापत 'बुमन पिसमेकर २०१२' का रूपमा सम्मान गर्नु, आफ्नो आमा स्वर्गवास हुँदा छोरीले दागबत्ती दिनु भन्ने आमाको अन्तिम इच्छालाई म पात्रले पुरा गर्नु र आफ्नो बालाई जुम्ला घुमाउन लैजानुजस्ता घटनाहरू आएका छन् ।

*खलंगामा हमला* कृतिमा म पात्र सुरक्षित मातृत्व कार्यक्रमअन्तर्गत जुम्ला जिल्लालाई रोजी स्वास्थ्य अधिकृत भएर त्यहाँ गएकी र त्यहाँको शिक्षा, स्वास्थ्य, राजनैतिक, सांस्कृतिक परम्परा, रहनसहन आदिलाई आफ्नै शैलीमा यस कृतिमार्फत् प्रस्तुत गरेकीले यस कृतिको मुख्य पात्र म पात्र नै हुन् । यस कृतिको सुरुदेखि अन्तिमसम्म नै म पात्रको उपस्थितिमा कथानक संरचित भएको छ । त्यसैगरी सहायक पात्रको रूपमा म पात्रको बा, आमा, एभरेष्ट होटलका प्रोपाइटर सुनिल दाइ, गोमा भाउजू र हजुरआमा आएका छन् । यस कृतिको सुरुदेखि अन्त्यसम्म आए तापनि कृतिका यिनीहरूको भूमिका कम भएकाले सहायक पात्रको रूपमा देखापरेका छन् साथै ठूलीदिदी, बहिनी सम्झनालगायत अन्य पात्रहरू गौण पात्रको रूपमा आएका छन् । कृतिको मध्य भागमा देखापरी मध्य भागमा नै हराएकी हुनाले ठूलीदिदीलाई गौण पात्रको रूपमा लिइएको छ भने बहिनी सम्झना कृतिको अन्तिम भागमा देखापरी अन्तिम भागमा नै हराएकी हुनाले गौण पात्रको रूपमा लिइएको छ । कृतिमा उपस्थित पात्रहरूले आआफ्नो भूमिका कुशलताका साथ प्रस्तुत गरेका छन् । कृतिमा प्रस्तुत पात्रहरू अनुकूल पात्रको रूपमा देखापरेका छन् ।

यस कृतिमा शब्द चयन प्रमुख रूपमा रहेको छ । तत्सम, तद्भव, झर्रा, अनुकरणात्मक र आगन्तुक शब्दको चयन गरिएको छ । यस्तो शब्दहरूको चयन उद्देश्यपूर्ण देखिन्छ । वाक्य चयनअन्तर्गत सरल वाक्यको अत्यधिक प्रयोगले कृतिको संवादलाई रोचक र

सम्प्रेष्य बनाएको छ साथै यस कृतिलाई सजीव बनाउनमा पनि मद्दत पुऱ्याएको छ । त्यसकारण वाक्य चयन उद्देश्यपूर्ण देखिन्छ । त्यस्तै लेख्य चिह्नको प्रयोगले मानवीय संवेगहरू हर्ष, विस्मात, आश्चर्य आदिको भाव व्यक्त गर्न सहयोग गरी आकर्षक बनाएको छ । अङ्ग्रेजी भाषाका शब्दहरू पनि धेरै मात्रामा प्रयोग गरिएको पाउन सकिन्छ । कोशीय, व्याकरणिक, अर्थतात्त्विक, भाषिक, ध्वनि प्रक्रियात्मक, प्रयुक्तिगत विचलनजस्ता विचलनको प्रयोगले कृति उत्कृष्ट बन्न पुगेको छ । बाह्य र आन्तरिक समानान्तरताको प्रयोगले कृतिको सौन्दर्यलाई बढाएको छ ।

## उपादेयता

*खलंगामा हमला* कृतिको शैलीवैज्ञानिक अध्ययनले आगामी दिनमा अन्य कृतिको वस्तुपरक अध्ययन गर्नको लागि सहयोग पुऱ्याउँछ । शैलीवैज्ञानिक अध्ययन अनुसन्धानले बिना कुनै आग्रह, पूर्वाग्रह कृतिको यथोचित र वस्तुपरक मूल्याङ्कन गर्ने भएकोले साहित्यिक कृतिका अध्येताहरूलाई यस शोधपत्रले अन्य विषयको शोध गर्ने कार्यमा सहयोग पुऱ्याउने अपेक्षा गर्न सकिन्छ । प्रस्तुत शोधपत्रले शोधार्थीलाई समस्याको विशिष्टीकरण गर्न, सैद्धान्तिक पृष्ठभूमि प्रदान गर्न, पाठक र साहित्यिक समीक्षकलाई शैलीवैज्ञानिक आधारमा अन्य कृति (कविता, कथा, उपन्यास र समालोचना) को विश्लेषण गर्नको लागि सहयोग पुग्ने अपेक्षा राख्न सकिन्छ । उपन्यास मात्र नभई अन्य विधाको पनि शैलीवैज्ञानिक अध्ययन गर्ने परम्परा त्यति अघि नपुगेकाले समालोचनाको क्षेत्रमा महत्त्वपूर्ण स्थान बनाउन यस शैलीवैज्ञानिक अध्ययन सान्दर्भिक हुन्छ । शोधनिर्देशकलाई यस शोधपत्रको बारेमा मूल्याङ्कन गर्न तथा अन्य शोधार्थीहरूलाई उदाहरण दिनसमेत सघाउ पुऱ्याउँछ । विद्यार्थीको लागि प्रस्तुत शोधपत्रलाई नमुनाको रूपमा प्रस्तुत गरेर र अध्ययन अनुसन्धान गर्दा आधार बनाएर शैक्षिक सङ्घसंस्थालाई पनि यस शोधकार्यले सहयोग पुऱ्याउने अपेक्षा गर्न सकिन्छ । प्रस्तुत कृति *खलंगामा हमला*का कृतिकार राधा पौडेललाई आफ्नो कृतिमा गरिएको अध्ययन विश्लेषण हेर्न सहयोग पुग्दछ । यसरी प्रस्तुत शोधकार्य सबै रूपबाट उपयोगी हुने देखिन्छ ।

## सारांश

यस अध्यायमा शोधको निष्कर्ष प्रस्तुत गरिएको छ, जसअन्तर्गत शैलीवैज्ञानिक आधारमा *खलंगामा हमला* कृतिलाई कथानकगत, पात्रगत र भाषागत आधारमा छुट्टाछुट्टै

विश्लेषण गरिएको छ । कथानकलाई आरम्भ, सङ्घर्ष विकास, चरम, सङ्घर्ष ह्रास र उपसंहार गरी पाँच भागमा प्रस्तुत गरिएको छ । मुख्य पात्र (म पात्र) को चिनारीका साथै जुम्ला गई माओवादीले त्रसित गराएको जनजीवनसँग घुलमिल भएको कुरालाई आरम्भमा प्रस्तुत गरिएको छ । त्यस्तै सङ्घर्ष विकासमा म पात्र जुम्ला गई त्यहाँका डाक्टर, नर्सहरूलाई सुरक्षित मातृत्व सेवाको तालिम दिएको, जुम्लाको रहनसहन, सामाजिक परम्परा, महिलामाथि हुने शोषण, दमन, अत्याचार, सरकारी कर्मचारीको ढिलासुस्ती आदिलाई देखाइएको छ । माओवादीको द्वन्द्वले जुम्लाका स्थानीय बासिन्दा त्रसित भएको, म पात्रलाई एभरेष्ट होटल छोडेर अन्तै जानु भनेर चिठ्ठी आएको, माओवादी र सेनाबीचको द्वन्द्वले स्थानीय बासिन्दासहित छयालिस जनाको ज्यान गएको र सरकारी कार्यालय, जुम्ला अस्पताल, शिक्षा कार्यालय र सर्वसाधरणका घरहरू जलेर नष्ट भएका घटनालाई चरम अवस्थाको रूपमा आएका छन । सङ्घर्ष ह्रासमा म पात्र माओवादी द्वन्द्वको भुक्तमान भएर घर फर्किंदा मानसिक तनावको लक्षण देखिएको र मनोपरामर्शको जरुरत भएको घटना आएको छ । म पात्र फेरि जुम्ला फर्किनु, माओवादी द्वन्द्वले गर्दा रोकिएको अस्पताल भवन, र नयाँ शल्यक्रिया कक्षजस्ता अन्य निर्माण कार्य पुरा गर्नु, म पात्रले आफ्ना बालाई घुमाउन जुम्ला लैजानु, म पात्रलाई प्रभावित क्षेत्रमा काम गरेवापत 'वुमन पिसमेकर २०१२' ले सम्मान गर्नु, आफ्नी आमाले भनेको इच्छालाई म पात्रले पुरा गर्नुजस्ता घटना उपसंहारका रूपमा आएका छन् । पात्रहरूलाई प्रमुख, सहायक र गौणको रूपमा प्रस्तुत गरिएको छ । चयन, विचलन र समानान्तरताको आधारमा कृतिलाई विश्लेषण गरिएको छ साथै यस शोधपत्रले अन्य शोधकार्यको क्षेत्रमा र विधामा सहयोग पुऱ्याउँछ  भनेर उपादेयता पनि यसै अध्यायमा उल्लेख गरिएको छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, अरुणविलास (२०७०), *बेनामका मानिसहरू कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित शोधपत्र, त्रि.वि., बालकुमारी कलेज, नेपाली भाषा शिक्षा विभाग, नारायणगढ ।

आचार्य, माधवप्रसाद र अन्य (२०६६), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : दीक्षान्त पुस्तक भण्डार ।

ओझा, रामनाथ (२०७४), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : करुधारा पब्लिकेसन प्रा.लि.

कोइराला, सुष्मा (२०७०), *अर्जुनदृष्टि लघुकथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन.* अप्रकाशितशोधपत्र, त्रि.वि., बालकुमारी कलेज, नेपाली भाषा शिक्षा विभाग, नारायणगढ ।

खतिवडा, भवानी (२०७४), *तीन घुम्ती उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित शोधपत्र, त्रि.वि., बालकुमारी कलेज, नेपाली भाषा शिक्षा विभाग, नारायणगढ ।

गौतम, रामप्रसाद (२०६१), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : दीक्षान्त पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद (२०७०), *प्रागोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : शुभकामना प्रकाशन ।

ढुङ्गाना, तुलसीप्रसाद (२०६५), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : सुजाता प्रकाशन ।

नेपाली, सृजना (२०७४), *बन्धनबाट मुक्ति कथाको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिवि, शिक्षाशास्त्र सङ्काय, कीर्तिपुर ।

पाण्डेय, ताराकान्त (२०६५), *समसामयिक कविताको संरचना,* काठमाडौँ : साझा प्रकाशन ।

पौडेल, पूजा (२०७४), *नरेन्द्र दाइ उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम.* काठमाडौँ : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

पौडेल, राधा (सन् २०१३), *खलंगामा हमला,* काठमाडौँ : पब्लिकेसन नेपा-लय ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०७३), *नेपाली गद्य र नाटक,* काठमाडौँ :विद्यार्थी पुस्तक भण्डार ।

रम्तेल, लक्ष्मी (२०७५), *निर्वाण उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली भाषा शिक्षा विभाग, पाटन संयुक्त क्याम्पस, ललितपुर ।

लामिछाने, यादवप्रकाश (२०७०), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०४८), *शैलीविज्ञान,* काठमाडौँ : नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान ।

श्रीस, देवी (२०७०), *बेली कथासङग्रहको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित शोधपत्र, त्रि.वि., बालकुमारी कलेज, नेपाली भाषा शिक्षा विभाग, नारायणगढ ।

श्रेष्ठ, धनमाया (२०६८), *सीताहरू कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली भाषा शिक्षा विभाग, बालकुमारी कलेज, नारायणगढ ।

सापकोटा, कमलाकुमारी (२०७२), *प्रेम र मृत्यु कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित शोधपत्र, त्रि.वि., बालकुमारी कलेज, नेपाली भाषा शिक्षा विभाग, नारायणगढ ।

सिग्देल, विनिता (२०७०), *नीलीमा र गाढा अँध्यारो कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर ।

# व्यक्तिवृत्त

| | |
|---|---|
| नाम | : कुमारी शर्मा |
| जन्ममिति | : २०५१/०९/२८ |
| जन्मस्थान | : जैमिनी, बाग्लुङ्ग |
| बाबुको नाम | : रविलाल चालिसे |
| आमाको नाम | : स्व. चन्द्रकला चालिसे |
| पतिको नाम | : दीपक पौडेल |
| राष्ट्रियता | : नेपाली |
| लिङ्ग | : महिला |
| धर्म | : हिन्दु |
| वैवाहिक स्थिति | : विवाहित |
| भाषा | : नेपाली |
| रुचि | : अध्ययन, भ्रमण, सङ्गीत र समाजसेवा |
| कार्य | : शिक्षण |
| हालको ठेगाना | : पार्वतीपुर, चितवन |
| सम्पर्क | : ९८६५२५५५९७ |

शैक्षिक योग्यता

| क.सं. | तह | अध्ययन गरेको संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|---|
| १ | स्नातकोत्तर | सप्तगण्डकी क्याम्पस, भरतपुर | | अध्ययनरत |
| २ | स्नातक | श्री अरूणोदय बहुमुखी क्याम्पस, चितवन | २०७३ | द्वितीय |
| ३ | दश जोड दुई | श्री संस्कृत उ.मा.वि., बाग्लुङ्ग | २०७० | द्वितीय |
| ४ | एस.एल.सी. (प्रवेशिका) | श्री संस्कृत उ.मा.वि., बाग्लुङ्ग | २०६७ | द्वितीय |